सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ पुस २०८१, सोमबार (30 Dec 2024, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जेनेरिक नाममा औषधि सिफारिस गर्ने सरकारको लक्ष्य वर्षौंदेखि अलपत्र



ऐन बनेको ६ वर्षपछि औषधि वितरणको सम्भाव्यता अध्ययनका लागि समिति गठन

(विस्तृत पृष्ठ ३)

सामाजिक सञ्जाल र मौलाउँदो अपराध



अग्रलेख

● नारायण भण्डारी

१८ वर्षभन्दा कम उमेर समूहका बालबालिका समेत साइबर अपराधको सिकार बन्नु या आफैं अपराध कर्ममा फस्नु चिन्ताको विषय हो

(पृष्ठ ४)

ग्रिनल्यान्ड, पानामा र क्यानडा कब्जा गर्ने ट्रम्पको दाबी कति यथार्थपरक ?



अराजकतामा रमाउन माहिर ट्रम्पले विगतमा पनि नसोचिएका विषयलाई बहसको केन्द्र बनाएर यथार्थमा परिणत गरेको इतिहास छ

(पृष्ठ ५)

एक अर्बभन्दा ठुला परियोजनामा लगानी गर्न ५० अर्बको कोष बनाउने तयारी

ठुला परियोजनामा वैकल्पिक वित्त जुटाउन स्वायत्त कोष बनाउने सम्बन्धमा विधेयक तयार गर्दै अर्थ मन्त्रालय



विकासको उच्च आकांक्षालाई सम्बोधन गर्छ : अर्थमन्त्री पौडेल

(पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सहकारीका समस्याबारे संसदीय समितिको सिफारिस एकातिर, अध्यादेश अर्कोतिर

पाँच लाखमुनिका बचतकर्ताको रकम फिर्ता नै अनिश्चित, मनपरी शाखा विस्तारको व्यवस्थालाई निरन्तरता

● **गणेशप्रसाद भट्ट**, प्रवक्ता, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय



सहकारीको समस्या सम्बोधन गर्न सरकारले जारी गरेको अध्यादेशमा पाँच लाखसम्मका साना बचतकर्ताको रकम फिर्तालाई प्राथमिकतामा राख्ने त भनिएको छ। तर, त्यसका लागि सरकारको जमानीमा आन्तरिक ऋण प्रवाह गर्ने सन्दर्भमा भने केही तयारी भएजस्तो लाग्दैन।


टेकराज थामी/नयाँ पत्रिका

बचतकर्ताको जोखिमपूर्ण रकम फिर्ता सुनिश्चित गर्ने गरी व्यवस्था गर्न संसदीय छानबिन विशेष समिति र विभिन्न आयोगले सिफारिस गरे पनि सरकारले त्यसको ठोस सुनिश्चितताविनै अध्यादेश ल्याएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार प्रमाणीकरण गरेको 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' मा बचतकर्ताको रकम फिर्ताबारे पछिल्लो संसदीय समितिले गरेका पीडितमैत्री सिफारिस समेटिएका छैनन्।

२२ समस्याग्रस्त र सार्वजनिक रूपमा प्रश्न उठेका १८ गरी ४० सहकारीमा रहेको ७१ अर्ब ३० करोड बचतसहित ८७ अर्ब ८९ करोड अपचलन भएको सूर्य थापा नेतृत्वको संसदीय विशेष समितिको प्रतिवेदनमा छ। तर, साना-ठुला सबै बचतकर्ताको रकम फिर्ताका लागि अध्यादेशमा प्रस्ट व्यवस्था छैन। बचतकर्ताले आफूहरूको रकम फिर्ता गर्नुपर्ने माग गर्दै आन्दोलन गर्दै आएका छन्।

समितिले गत ३० भदौमा नै तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरी पाँच लाख

» पृष्ठ २ मा क्रमशः



'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' प्रमाणीकरण गर्दै राष्ट्रपति रामचन्द्र पौडेल

■ ठगी गर्ने सञ्चालकले सम्पत्ति पहिल्यै 'सिफ्ट' गरिसक्छन्, पीडितले कसरी पाउने ?

संसदीय छानबिन विशेष समितिले पाँच लाखसम्म बचत गर्ने साना बचतकर्ताको रकम फिर्ता गर्न सरकारको जमानीमा आन्तरिक ऋण प्रवाह गर्न सिफारिस गरेको छ। प्राधिकरणमार्फत बचतकर्ताको रकम फिर्ता गर्न भनेको छ। तर, अध्यादेशमा सरकारले ऋण दिने विषयमा केही भनिएको छैन। बरु, सहकारी र सञ्चालकहरूको सम्पत्ति लिलाम गरेर आउने रकमबाट 'साना बचतकर्ताको रकम फिर्ता प्राथमिकतामा राख्ने' मात्र भनिएको छ। जब कि ठगी गर्ने सञ्चालकहरूले आफ्नो नाममा रहेको र हक लाग्ने सम्पत्ति विदेश पठाउनेदेखि अन्तै 'सिफ्ट' गर्नेसम्मका उदाहरण यसअघि नै देखिसकेका छन्। सम्पत्ति जोगाउनकै लागि सञ्चालकहरूले नक्कली सम्बन्धविच्छेद गरेका उदाहरण पनि प्रशस्त छन्। यो व्यवस्थाबाट पीडितले बचत फिर्ता नपाउने ज्वलन्त उदाहरण ओरियन्टल सहकारीका सञ्चालक सुधीर बस्नेत र सिभिल सहकारीका सञ्चालक इच्छाराज तामाङ हुन्। बस्नेतले सुरुमा सम्बन्धविच्छेद गरे, त्यसपछि आफू केही समय जेल बसे। जेलबाट निस्केर अहिले तिनै श्रीमतीसँग छन्, उनीबाट पीडित अहिले पनि न्यायका लागि सडकमा छन्। इच्छाराजका दम्पती नै जेलमा छन्। उनीहरूका नाममा भएको सम्पत्तिले मात्रै पीडितहरूको बचत फिर्ता गर्न पुग्दैन। पीडितले कसरी पाउने ?

■ सहकारी जाँचबुझ आयोग, २०७० का अध्यक्ष गौरीबहादुर कार्की भन्छन्-

बचतकर्ताको रकम फिर्ता गर्ने सम्बन्धमा अध्यादेशको व्यवस्था नै त्रुटिपूर्ण छ



पाँच लाखमुनिका साना बचतकर्ताको रकम फिर्ता अनिश्चित

बचतकर्ताको रकम फिर्ता गर्ने सम्बन्धमा अध्यादेशको व्यवस्था त्रुटिपूर्ण छ। संसदीय समितिले पाँच लाखसम्मको बचत फिर्ता गर्न सरकारको जमानीमा आन्तरिक ऋण प्रवाह गर्ने भनिएको थियो। त्यस्तो व्यवस्था अध्यादेशमा कतै उल्लेख छैन। अर्को पाँच लाखभन्दा धेरै रकम बचत गर्ने बचतकर्ताको हकमा रकम फिर्ता सहकारीको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्ने भनिएको छ। तर, सञ्चालकले न सहकारीका नाममा सम्पत्ति राखेका छन्। न आफ्नै नाममा नै सम्पत्ति राखेका छन्। यस्तो अवस्थामा कसरी रकम फिर्ता हुन सक्छ ?

बचतकर्तालाई ठगी गर्ने सहकारी सञ्चालकको सम्पत्ति खोज्ने व्यवस्था नै गरिएन

सहकारीको सम्पत्ति खोजी गर्ने सम्बन्धमा अध्यादेशमा कुनै व्यवस्था नभएको हुँदा बचतकर्ताको रकम फिर्ता हुन गाह्रो छ। सहकारीका सञ्चालक अहिले थुनामा छन्। अहिलेको कानुनले उनीहरूलाई थुनामा मात्रै राख्न सक्छ। तर, उनीहरूको सम्पत्ति खोज्ने र फेला परेको सम्पत्ति जफत गरेर बचतकर्तालाई फिर्ता गर्न सक्दैन। यसमा सुधीर बस्नेतकै उदाहरण काफी छ। त्यसो हुँदा बचतकर्ताले कसैलाई थुन्नुभन्दा पनि रकम फिर्ता गर्न चाहेका हुन्। अहिलेको अध्यादेशले त्यसलाई सम्बोधन गरेन।

अहिलेको समस्या सिर्जना गरेको मनपरी शाखा विस्तारको व्यवस्थालाई निरन्तरता दिइयो

अध्यादेशले सहकारीलाई अन्तरप्रदेश, अन्तरजिल्ला र अन्तरपालिकामा शाखा विस्तार गर्ने बाटो खुला गरेको छ। सहकारीमा अहिले आएको समस्या मनोमानी ढंगले गरिएको शाखा विस्तारको कारण हो। हामीले ०७१ मा नै शाखा विस्तार गर्न रोकौं भन्यौं। तर, टेरेनन्। अहिलेको अध्यादेशमा पनि त्यही व्यवस्थालाई संस्थागत गरियो। अर्को, सहकारीको वर्गीकरण भूगोल नभई वित्तीय आधारमा हुनुपर्थ्यो, त्यो पनि भएन। यसले समस्या समाधान गर्ला जस्तो लाग्दैन।

छानबिन समितिको सिफारिसविपरीत बचत तथा ऋण कारोबार गर्न अनुमति

संसदीय विशेष छानबिन समितिले सहकारीका महासंघ र संघलाई प्रारम्भिक सहकारीसरह बचत तथा ऋण कारोबार गर्न नदिने भनेको थियो। तर, अध्यादेशमा यस विषयमा केही उल्लेख छैन। यस अर्थ महासंघ र संघलाई प्रारम्भिक सहकारीसरह बचत तथा ऋण कारोबार गर्न अध्यादेशले छुट दिएको छ। रकम जम्मा गर्न घर-घर संकलक पठाउने व्यवस्था नै ठिक होइन। तर, सहकारीका महासंघ र संघलाई प्रारम्भिक सहकारीसरह बचत तथा ऋण कारोबार गरेका छन्, यो गलत हो। यस सम्बन्धमा अध्यादेशले केही बोलेको छैन।

सहकारी विभाग र बोर्ड खारेज गर्न सिफारिस गरिएको छ, तर विभाग कायमै राखिएको छ

छानबिन समितिले प्राधिकरण गठनपछि सरकारमातहत रहेको राष्ट्रिय सहकारी विकास बोर्ड र सहकारी विभाग खारेज गर्ने तथा त्यसको सम्पत्ति र दायित्व प्राधिकरणमा सर्ने गरी कानुनी प्रबन्ध गर्नुपर्ने भनेको थियो। अध्यादेशमा बोर्ड विघटन गर्ने त भनियो, तर विभागको सम्बन्धमा भने केही बोलेको छैन। हामीले पहिले नै सहकारी बोर्डको विघटन गर्न भनेका थियौं। त्यसको ठाउँमा शक्तिशाली निकाय गठन गर्ने भन्यौं। तर, त्यस्तो भएन। अहिले बोर्ड विघटन हुने भएछ। त्यो भने ठिकै विषय हो।

रनवेबाट चिप्लिएर दक्षिण कोरियामा जहाज दुर्घटना

१७९ को मृत्यु, चालक दलका दुई सदस्यको जीवितै उद्धार



थाइल्यान्डको बैंककबाट छुटेको बोइङ ७३७ विमान आइतबार बिहान ९ बजे (स्थानीय समयअनुसार) रनवेबाट चिप्लिएर धावनमार्गको बाहिरी पर्खालमा ठोक्किएर दुर्घटनाग्रस्त भएको थियो। विमानमा चालक दलका ६ सदस्यसहित १८१ सवार थिए। १७५ यात्रुमा १७३ दक्षिण कोरियाली र दुई थाइल्यान्डका थिए। दुर्घटना भएको विमानस्थल राजधानी सियोलबाट करिब २९० किलोमिटर दक्षिण-पश्चिममा पर्छ।

एजेन्सी

दक्षिण कोरियाको मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका क्रममा जेजु एयरको विमान रनवेबाट चिप्लिएर दुर्घटना हुँदा चालक दलका चार सदस्यसहित १७९ को मृत्यु भएको छ। चालक दलका दुई सदस्यको मात्रै जीवितै उद्धार भएको छ। थाइल्यान्डको बैंककबाट छुटेको बोइङ ७३७ विमान आइतबार बिहान ९ बजे (स्थानीय समयअनुसार) रनवेबाट चिप्लिएर धावनमार्गको बाहिरी पर्खालमा ठोक्किएर दुर्घटनाग्रस्त भएको हो।

विमानमा चालक दलका ६ सदस्यसहित १८१ सवार थिए। १७५ यात्रुमा १७३ दक्षिण कोरियाली र दुई थाइल्यान्डका थिए। दुर्घटना भएको विमानस्थल राजधानी सियोलबाट करिब २९० किलोमिटर दक्षिण-पश्चिममा पर्छ।

अग्नि नियन्त्रक अधिकारीहरूले खराब मौसम

» पृष्ठ २ मा क्रमशः

नागार्जुनका मेयरविरुद्ध सवा नौ करोड भ्रष्टाचार र १३ करोड सम्पत्ति शुद्धीकरणको मुद्दा

घुसबापत दुई करोड १५ लाख ७३ हजार बैंक खातामा, ६ करोड ८२ लाख मूल्यको जग्गा र चारतारे होटेलमा छोराको विवाह भोजको २४ लाख ७२ हजार भुक्तानी

■ कोविरुद्ध कति बिगो र सजाय ?



मेयर मोहनबहादुर बस्नेत

भ्रष्टाचार मुद्दा

नौ करोड २२ लाख ४६ हजार बिगो, आठदेखि १० वर्षसम्म कैद सजाय र थप तीन वर्ष कैद

सम्पत्ति शुद्धीकरण मुद्दा

१३ करोड १२ लाख ७३ हजार बिगो, बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्य हेरी दुईदेखि १० वर्षसम्मको सजाय, जनप्रतिनिधि भएकाले थप सजाय, सम्पत्ति र जग्गा जफत



मेयर बस्नेतपत्नी उर्मिला

भ्रष्टाचार मुद्दा

नौ करोड २२ लाख ४६ हजार बिगो र आठदेखि १० वर्षसम्म कैद सजाय

सम्पत्ति शुद्धीकरण मुद्दा

१३ करोड १२ लाख ७३ हजार बिगो, मतियारका रूपमा मूल सजायको आधा कैद, जग्गा तथा सम्पत्ति जफत

राजुप्रसाद कँडेल, व्यवसायी

भ्रष्टाचार मुद्दा

नौ करोड २२ लाख ४६ हजार बिगो र आठदेखि १० वर्षसम्म कैद सजाय

सम्पत्ति शुद्धीकरण मुद्दा

१३ करोड १२ लाख ७३ हजार बिगो, मतियारका रूपमा मूल सजायको आधा कैद, ऐनका विभिन्न दफाबमोजिमका अन्य सजाय तथा सम्पत्ति जफत

सुवास भट्ट/नयाँ पत्रिका

काठमाडौंको नागार्जुन नगरपालिकाका मेयर मोहनबहादुर बस्नेत, उनकी पत्नी उर्मिला बस्नेत र घरजग्गा व्यवसायी राजुप्रसाद कँडेलविरुद्ध भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणमा अख्तियारले मुद्दा दायर गरेको छ। नौ करोड २२ लाख ४६ हजार भ्रष्टाचार र १३ करोड १२ लाख ७३ हजार सम्पत्ति शुद्धीकरण गरेको आरोपमा अख्तियारले तीनैजनालाई प्रतिवादी कायम गरी दुई अलग कसुरमा मुद्दा दायर गरेको हो।

मेयर बस्नेतले नगरपालिकामै कार्यक्षेत्र रहेको पद्मा कोलोनी प्रालि, पद्मा मर्चेन्ट कम्पनी प्रालि, जगत्गुरु कृपालु प्रतिष्ठान नेपालका सञ्चालक तथा अध्यक्ष घरजग्गा व्यवसायी कँडेलबाट घुस रिसवत लिएको अख्तियारको दाबी छ। पदको दुरुपयोग गरी व्यवसायीसँग गैरकानुनी साझेदारी गरेको र विभिन्न माध्यमबाट घुस लिएर सम्पत्ति शुद्धीकरणसमेत गरेको अख्तियारको अभियोग छ। मेयर बस्नेतलाई मुख्य कसुरदार ठहर गरेर पत्नी उर्मिलासहित कँडेलविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ।

कँडेलको जगत्गुरु कृपालु प्रतिष्ठानलाई मेयर बस्नेतले नगरपालिकाबाट विभिन्न शीर्षकमा कर छुट दिएको देखिएको छ। प्रतिष्ठानलाई व्यक्ति तथा संघसंस्थाहरूबाट सात अर्ब ४८ करोड विदेशी सहायता प्राप्त गर्न मेयरले सहमति दिएको पनि अख्तियारको छानबिनबाट भेटिएको छ। प्रमुख प्रशासकीय अधिकृतबाट हुने पत्राचारसमेत आफ्नै दस्तखतबाट गरेको आरोप पनि मेयर बस्नेतविरुद्ध लगाइएको छ।

प्रतिष्ठानले नागार्जुन नगरपालिकाभित्र मन्दिर निर्माण गर्ने भनी ४७ करोड ७५ लाख बजारमूल्य रहेको २३८.७५ आना जग्गा कँडेल र उनको कम्पनीहरूलाई उपलब्ध गराउने गरी सम्झौता गरेको थियो। उक्त सम्झौतासमेत कार्यान्वयन गर्न जग्गाधनीहरूलाई गफलत (भ्रम)मा पारी मेयरले सम्झौता गराएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। मेयर बस्नेतले नै तीन करोड ७२ हजार जग्गाधनीहरूलाई भुक्तानी दिई प्रतिष्ठानले निर्माण गर्ने मन्दिरका लागि जग्गा लिने भनी बैनाबट्टा गरेका थिए।

जग्गा खरिद गर्न कँडेलबाट मेयरले ०७४ देखि ०७८ सम्म विभिन्न मितिमा पाँच करोड ३६ लाख ६८ हजार र पत्नीको नाममा समेत गरेर कुल ६ करोड २८ लाख ६८ हजार ५६२ रुपैयाँ बैंकखातामा प्राप्त गरेको भेटिएको छ। कोलोनी सञ्चालक कँडेल र मेयरबिच जग्गा कारोबारका धेरै सम्झौता भएका देखिएका छन्। ०७७ र ०७८ मा दुईबिच ४७ करोड

» पृष्ठ २ मा क्रमशः

संसद्को हिउँदे अधिवेशन कहिले ?

विधेयक अधिवेशनको रूपमा रहेको हिउँदे अधिवेशन बोलाउने सरकारको कुनै सुरसार छैन

- ४ मंसिर ०७९ को निर्वाचनपछि पहिलो (हिउँदे) अधिवेशन २५ पुस ०७९ - १५ वैशाख ०८० सम्म
- दोस्रो हिउँदे अधिवेशन २२ माघ ०८० - २ वैशाख ०८१ सम्म
- प्रतिनिधिसभा समितिमा १५ र राष्ट्रिय सभा समितिमा चार विधेयक

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद् अधिवेशन आह्वान गरेर कानुन निर्माण र राष्ट्रिय सरोकारका मुद्दामा छलफल चलाउन छाडेर सरकार अध्यादेशतिर लागेको छ। आइतबार मात्र राष्ट्रपति रामचन्द्र पौडेलले सरकारले यसअघि नै पठाएको सहकारीसम्बन्धी अध्यादेश प्रमाणीकरण गरेका छन्।

विधेयक अधिवेशनको रूपमा रहेको हिउँदे अधिवेशन बोलाउने सरकारको कुनै सुरसार छैन। ३१ भदौमा बर्खे अधिवेशन अन्त्यपछि चार महिनायता संसदीय गतिविधि ठप्पजस्तै छ। संविधानले बर्खे र हिउँदे अधिवेशनको फरक ६ महिनाभन्दा बढी हुन नहुने गरी बाँधेको छ। मिनी संसद्का रूपमा रहेका संसदीय समितिहरू पनि खासै सक्रिय छैनन्।

अध्यादेश जारी गरेर शासन चलाउँदा संसद्कै

» पृष्ठ २ मा क्रमशः



संघीय संसद्को फाइल तस्बिर

कहिले बोलाउने भन्ने अन्तिम सल्लाह भएको छैन

● **रमेश लेखक**, गृहमन्त्री



अधिवेशन बोलाउनुपर्ने समय भइरहेकोजस्तो लाग्छ। कहिले बोलाउने भन्ने अन्तिम सल्लाह भएको छैन। अब सल्लाह गर्छौं। अनिश्चित त नभनौं, अब बोलाउने वेला हुँदै छ। हिउँदे अधिवेशनका लागि सरकारले एक-दुई विधेयक स्वीकृत गरिसक्यो। केही तयारी अवस्थामा छन्। सरकारले आवश्यक बिजनेस दिन्छ।

अधिवेशन चाँडो बोलाऊ भनेर सरकार र सभामुखलाई दबाब दिइरहेका छौं

● **सन्तोष परियार**, प्रमुख सचेतक, रास्वपा



नियमित अधिवेशन बोलाइसक्नुपर्ने अवस्थामा त्यतिवेला हामीले सदासयता देखाएको हो। तर, अहिलेसम्म अधिवेशन आह्वान भएन। कहिले बोलाउने भनेर सरकारले हामीसँग छलफल गरेको छैन। अधिवेशन चाँडै बोलाऊ भनेर पहल गरिरहेका छौं। सरकार र सभामुखलाई दबाब दिइरहेका छौं। कानुन बनाउने अधिवेशन ढिलो नगरौं भन्ने हाम्रो भनाइ हो।

काठमाडौं महानगरविरुद्ध कबाडी व्यवसायी प्रदर्शनमा



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

नयाँ पत्रिका

कबाडी व्यवसायी समाज नेपाल र आमजनता पार्टी (आजपा)ले आइतबार सरकारविरुद्ध प्रदर्शन गरेका छन् । सरकारले मनोमानी कर लिइरहेको र काठमाडौं महानगरपालिकाले समेत कबाडी व्यवसायीमाथि ज्यादती गरेको भन्दै सयुंक्त विरोध प्रदर्शन गरेका हुन् ।

कबाड व्यवसायीहरूले पुतलीसडक-कमलादी-रत्नपार्क क्षेत्रमा प्रदर्शन गरेका थिए । उनीहरूले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह, महानगरका नगर प्रमुख राजु पाण्डेविरुद्ध नारा लगाएका थिए । काठमाडौं महानगरपालिकाले कबाडी तथा सडकपेटी व्यवसायीमाथि निर्मम व्यवहार गरेको कबाडी व्यवसायी समाज नेपालका अध्यक्ष रामकेवल गुप्ताले बताए ।

यस्तै, आजपा पार्टीको नेता कार्यकर्ताहरूले 'कर आतंक बन्द गर, जनता लुट्न पाइँदैन, भ्रष्ट सरकार चाहिँदैन' भन्ने जस्ता नारा लगाएका थिए । यसअघि पनि कबाडी व्यवसायीहरूले काठमाडौं महानगरविरुद्ध आन्दोलन गरेका थिए । महानगरपालिकाले कबाडी व्यवसायीलाई हटाउन खोजेको भन्दै उनीहरू एक वर्षयता निरन्तर प्रदर्शनमा छन् । व्यवसायीहरूले अव्यवस्थित तवरले कबाडी संकलन गरेको, दर्ता नगरी डिपो चलाएको, कर नतिरेको, साइकलमा कबाडी संकलन गर्दा सडकमा अवरोध पुगेकोलगायत कारण देखाउँदै महानगरले त्यसलाई रोक लगाउँदै आएको छ ।

महानगरले संकलन गरेका वस्तु जफत, डिपोमै पुगेर सामान खोस्ने गरेको व्यवसायीहरूको गुनासो छ । समाजका अध्यक्ष गुप्ताले आफूहरूको गुनासो सुन्नसमेत महानगर तयार नभएको बताए । यहीकारण व्यवसायीहरू एक भएर आन्दोलनमा उत्रिएको उनले जानकारी दिए । 'काठमाडौं महानगरपालिकाले कबाडी व्यवसायीलाई निकै निरुत्साहित गरेको छ, गरिखानसमेत दिएको छैन, यो राम्रो होइन, हामी आन्दोलन चर्काउँदै जान्छौं,' उनले भने, 'हामीले ठुलो माग गरेका होइनौं, हाम्रो व्यवसाय बन्द नगर मात्रै भनेका हौं ।' यसअघि गत असारमा पनि कबाड व्यवसायीहरूले महानगरपालिका कार्यालय घेराउ गरेका थिए । सो क्रममा प्रहरीले २५ जनालाई पक्राउ गरेको थियो ।

एक वर्षअघि नै काठमाडौं महानगरपालिकाले कबाडी संकलन र डिपो हटाउन खोजेको थियो । त्यसवेला उच्च अदालत पाटनले महानगरको कदमविरुद्ध नहटाउन भन्दै 'स्टे अर्डर' दिएको थियो । उच्च अदालतले २ असारमा फेरि पनि तत्काल नहटाउन 'स्टे अर्डर' जारी गरेको थियो । तर, महानगरले उक्त आदेश बेवास्ता गर्दै डिपोमाथि डोजर चलाएको, सामान जफत गरेको व्यवसायीहरूको आरोप छ ।

चाबहिलको मुख्य ट्रंकलाइनमा चुहावट, मेलम्चीको पानी वितरण अवरुद्ध

काठमाडौं/ चाबहिलको मुख्य ट्रंकलाइनमा चुहावट हुँदा मेलम्ची खानेपानी आयोजनाअन्तर्गतको पानी वितरण अवरुद्ध भएको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)का अनुसार काठमाडौं महानगरपालिका- ६ चाबहिलस्थित केयुकेयलको १४ सय मिटर थोक वितरण प्रणाली (बिडिएस) लाइनमा देखिएको चुहावट तत्कालै मर्मत गर्नुपर्ने भएकाले मेलम्चीको पानी वितरण अवरुद्ध भएको हो ।

केयुकेयलका प्रवक्ता प्रकाश राईका अनुसार १० पुसदेखि मेलम्चीको पानी अवरुद्ध भएको हो । 'ठुलो पाइप भएकाले मर्मत गर्न समय लागेको हो । त्यो व्यस्त सडकसमेत भएकाले राति मात्र काम गर्नुपर्ने अवस्था छ । तर, छिट्टै पानी वितरण गर्न सक्ने गरी काम भइरहेको छ,' प्रवक्ता राईले भने । उनका अनुसार चुहावट मर्मत सम्पन्न गर्न अझै तीन-चार दिन लाग्नेछ । मर्मतका कारण केयुकेयलअन्तर्गतका महांकाल, बानेश्वर, महाराजगन्ज, त्रिपुरेश्वर, कीर्तिपुर, क्षेत्रपाटी र ललितपुर शाखा कार्यालयका कार्यक्षेत्रमा पानी वितरण हुन सकेको छैन । केयुकेयलले तीन दिन मात्र पानी वितरण अवरुद्ध हुने भनेर सूचना जारी गरे पनि ठुलो पाइप भएकाले समय लागेको बताएको छ ।

अनलाईन सेक्यूरिटिज लिमिटेडको
१७ औं बार्षिक साधारण सभा सम्बन्धि विशेष सूचना २०८१/९/१५

यस कम्पनीको मिति २०८१ मंसिर १४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस अनलाईन सेक्यूरिटिज लिमिटेडको १७ औं बार्षिक साधारण सभा २०८१ पुस १२ गते शुक्रबार पुतलीसडक स्थित कम्पनीको कार्यालयमा दिनको ३:०० बजे आयोजना गरिएकोमा गणपुरक संख्या कम्पनी ऐन २०६३ दफा ७३ (२) अपुग भई साधारण सभा बसी निर्णय गर्न नसकिएका कारण कम्पनी ऐन २०६३ दफा ७३ (३) बमोजिम पुन साधारण सभा आव्हान गरिएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. सभा हुने स्थान, मिति र समय :
स्थान : पुतलीसडक स्थित कम्पनीको कार्यालयमा
मिति : २०८१ पुस २२ गते सोमबार
समय : दिनको ३:०० बजे

ख. छलफलका विषयहरू :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू ले प्रस्तुत गर्नुहुने आ.ब. २०८०/८१ को कम्पनीको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको आ.ब. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०८०/८१ को लागी लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

ग. विशेष प्रस्ताव
१. रणनैतिक साझेदार खोज्ने तथा समान प्रकृतिका संस्था खोजी गरी गाभ्ने वा गाभिने कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

घ. विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

अशोक विनायक बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न. पा २७ असन, भोटाहिटी, काठमाण्डौ ।
स्थिगित गरि छलफल बुँदा थप गरिएको सम्बन्धमा

यस संस्थाको संचालक समितिको मिति २०८१/०८/२४ को निर्णयानुसार मिति २०८१/०९/२० शनिबारका दिन सम्पन्न हुने भनिएको साधारण सभा विशेष कारणवश स्थगित भई यस संस्थाको संचालक समितिको मिति २०८१/०९/०५ को बैठकको निर्णय बमोजिम २०८१/०९/२९ सोमबारका दिन सम्पन्न हुने जानकारी सबै शेयरधनिहरूमा सुचित गरिन्छ । साथै कार्यक्रम सम्पन्न स्थान र समय मिति २०८१/०९/०४ मा प्रकाशित सूचना बमोजिम नै कायम हुने जानकारी गराईन्छ ।

थप गरिएको छलफलका विषय
क) संचालक समिति, लेखा समितिको निर्वाचन गर्ने ।
ख) विविध ।

इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड
Infomerics Ratings Nepal
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. १०, बानेश्वर हाइट, काठमाडौं
फोन : ०१-४५८५९०६

चौथौं वार्षिक साधारण सभा बस्नेसम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/१५

श्री सेयरधनी महानुभावहरू,
यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०८/२४ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको चौथौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, स्थान र समय :
मिति : २०८१ साल पौष १९ गते, शुक्रबार (तदनुसार ०३ जनवरी, २०२५)
स्थान : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडको कार्यालय, बानेश्वर हाइट, काठमाडौं
समय : दिनको १२:४५ बजे

२. छलफलका विषयहरू :
(क) सामान्य प्रस्तावहरू :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/८१ को आर्थिक विवरणउपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को हरहिसाबहरू लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. स्वतन्त्र सञ्चालकको नियुक्ति ।
(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

सहकारीका समस्याबारे...

पृष्ठ १ बाट क्रमशः

रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्न सरकारलाई निर्देशन दिएको थियो । सरकारको जमानीमा आन्तरिक ऋणपत्र जारी गर्ने र राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा बचत फिर्ता गर्ने समितिको सिफारिस छ । अध्यादेशले प्राधिकरण गठनको व्यवस्था गरे पनि ऋणपत्र जारी गर्ने व्यवस्था भने गरेको छैन् । 'साना बचतकर्ताको रकम फिर्तालाई प्राथमिकतामा राख्ने' मात्रै भनिएको छ । यो व्यवस्थाले साना बचतकर्ताले रकम फिर्ता पाउने सुनिश्चितता हुँदैन । अध्यादेशमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको व्यवस्था छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले सहकारी समस्या सम्बोधन गर्न अध्यादेश जारी भए पनि पाँच लाख रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्ने सम्बन्धमा तयारी नभएको बताए । 'सहकारीको समस्या सम्बोधन गर्न सरकारले अध्यादेश जारी गरेको छ । अध्यादेशमा पाँच लाखसम्मका साना बचतकर्ताको रकम फिर्तालाई प्राथमिकतामा राख्ने भनिएको छ । त्यसका लागि सरकारको जमानीमा आन्तरिक ऋण प्रवाह गर्ने सन्दर्भमा भने केही तयारी भएजस्तो लाग्दैन,' उनले भने ।

पाँच लाख रुपैयाँसम्मका बचतकर्ताको रकम भुक्तानी गर्ने सम्बन्धमा अध्यादेशको दफा १०८ को उपदफा १ मा 'समस्याग्रस्त घोषणा सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्नेछ' भनिएको छ । त्यस्तै, पाँच लाखभन्दा धेरै बचतकर्ताको रकम फिर्ता गर्ने सन्दर्भमा भने सहकारीको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो बिक्री गरी प्राप्त भएको रकम फिर्ता गर्ने भनिएको छ ।

अध्यादेशको दफा १०८ को उपदफा २ र ३ मा भनिएको छ, 'सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकैपटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम अनुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ । बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ ।'

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीले बचतकर्ताको रकम फिर्ता गर्ने सम्बन्धमा अध्यादेशको व्यवस्था त्रुटिपूर्ण रहेको बताए । 'संसदीय समितिले पाँच लाखसम्मको बचत फिर्ता गर्न सरकारको जमानीमा आन्तरिक ऋण प्रवाह गर्ने भनिएको थियो । त्यस्तो व्यवस्था अध्यादेशमा कतै उल्लेख छैन,' उनले भने, 'अर्को पाँच लाखभन्दा धेरै रकम बचत गर्ने बचतकर्ताको हकमा रकम फिर्ता सहकारीको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्ने भनिएको छ । तर, सञ्चालकले न सहकारीका नाममा सम्पत्ति राखेका छन् । न आफ्नै नाममा नै सम्पत्ति राखेका छन् । यस्तो अवस्थामा कसरी रकम फिर्ता हुन सक्छ ?'

कार्कीका अनुसार सहकारीको सम्पत्ति खोजी गर्ने सम्बन्धमा अध्यादेशमा कुनै व्यवस्था नभएको हुँदा बचतकर्ताको रकम फिर्ता हुन गाह्रो छ । 'सहकारीका सञ्चालक अहिले थुनामा छन् । अहिलेको कानुनले उनीहरूलाई थुनामा मात्रै राख्न सक्छ । तर, उनीहरूको सम्पत्ति खोज्ने र फेला परेको सम्पत्ति जफत गरेर बचतकर्तालाई फिर्ता गर्न सक्दैन,' उनले भने, 'यसमा सुधीर बस्नेतकै उदाहरण काफी छ । त्यसो हुँदा बचतकर्ताले कसैलाई थुनुभन्दा पनि रकम फिर्ता गर्न चाहेका हुन् । अहिलेको अध्यादेशले त्यसलाई सम्बोधन गरेन ।'

सहकारीविज्ञ परितोष पौडेलले बचत फिर्ताका लागि सरकारको जमानीमा आन्तरिक ऋण प्रवाह गर्न अध्यादेशमा प्रस्ट व्यवस्था नभए पनि ऋण प्रवाह गर्न सकिने बताए । अध्यादेश जारी भएपछि मुलुकभरका सबै सहकारी अब राष्ट्र बैंकमातहत आएका छन् । राष्ट्र बैंकले प्रयोग गर्ने जति पनि 'टुल्स' छन् अब सहकारीले पनि प्रयोग गर्न सक्छ । यसले नेपालको 'इकोनोमिक जोन'को 'कोर भेल्यु'मा नै चेन्ज ल्यायो,' उनले नयाँ पत्रिकासँग भने, 'बचतकर्ताको रकम फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्ने, बचत रकमको बिमा गर्ने यहीअन्तर्गत पर्छन् । त्यसो हुँदा पाँच लाखसम्मका बचतकर्ताको रकम फिर्ताका लागि समस्या होला जस्तो लाग्दैन ।'

आयोग र समितिको सिफारिसविपरीत अध्यादेशमा सहकारीको शाखा विस्तारलाई लचिलो बनाइएको छ । साथै, अध्यादेशमा वित्तीय आधारमा नभई भूगोलका आधारमा सहकारीको वर्गीकरण गर्ने व्यवस्था गरिएको छ ।

अध्यादेशले सहकारीलाई अन्तरप्रदेश, अन्तरजिल्ला र अन्तरपालिकामा शाखा विस्तार गर्ने बाटो खुला गरेको छ । त्यसो हुँदा सहकारीलाई वित्तीय आधारमा नभई भूगोलका आधारमा क, ख र ग वर्गमा वर्गीकरण गरिने भनिएको छ । यो व्यवस्था त्रुटिपूर्ण रहेको विशेष अदालतका पूर्वअध्यक्ष कार्कीको भनाइ छ ।

'सहकारीमा अहिले आएको समस्या भनेकै मनोमानी ढंगले गरिएको शाखा विस्तारको कारण हो । हामीले ०७१ मा नै शाखा विस्तार गर्न रोकौं भन्यौं । तर, टेरेनन् । अहिलेको अध्यादेशमा पनि त्यही व्यवस्थालाई संस्थागत गरियो । अर्को सहकारीको वर्गीकरण भूगोल नभई वित्तीय आधारमा हुनुपर्थ्यो, त्यो पनि भएन । यसले समस्या समाधान गर्ला जस्तो लाग्दैन,' कार्कीले भने ।

सहकारीविज्ञ पौडेलले सहकारी वर्गीकरणको आधार भूगोल नभई वित्तीय परिचालन हुनुपर्ने बताए । 'अध्यादेशमा गम्भीर त्रुटि छन् । जस्तो- अध्यादेशमा सहकारीको वर्गीकरण भूगोलको आधारमा गरियो । तर, यो गलत हो,' उनले भने, 'वर्गीकरण वित्तीय आधारमा गरिनुपर्थ्यो । यसले सहकारी सञ्चालकलाई वित्तीय कारोबार बढाउनभन्दा पनि भूगोलमा शाखा विस्तार गर्न प्रेरित गर्छ ।'

सहकारीमा वर्तमान समस्या आउनुमा मनोमानी ढंगले शाखा विस्तारलाई पनि कारण मानिएको छ । यसलाई नियन्त्रण गर्ने विशेष अदालतका पूर्वअध्यक्ष कार्कीको संयोजकत्वमा गठित आयोगले ०७१ मा नै सहकारीलाई शाखा विस्तार गर्न बन्देज लगाउनुपर्ने सिफारिस गरेको थियो । थापा नेतृत्वको संसदीय समितिले पनि सहकारीलाई बैंक तथा वित्तीय संस्थाको उपस्थिति बाक्लो रहेका सहरी वा अर्धसहरी क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई कम संख्यामा कायम राख्ने नीति लिई एकीकरणलाई प्राथमिकता दिने भनेको थियो । त्यस्तै, सहकारीको वर्गीकरण भूगोलका आधारमा नभई वित्तीय कारोबारका आधारमा गरिनुपर्ने समितिले भनेको थियो । अध्यादेशमा यसको बेवास्ता गरिएको छ ।

थापा नेतृत्वको छानबिन समितिले सहकारीका महासंघ र संघलाई प्रारम्भिक सहकारीसरह बचत तथा ऋण कारोबार गर्न नदिने भनिएको थियो । तर, अध्यादेशमा यस विषयमा केही उल्लेख छैन । यस अर्थ महासंघ र संघलाई प्रारम्भिक सहकारीसरह बचत तथा ऋण कारोबार गर्न आध्यादेशले छुट दिएको छ ।

कार्कीले यो व्यवस्था पनि ठिक नभएको बताए । 'रकम जम्मा गर्न घर-घर संकलक पठाउने व्यवस्था नै ठिक होइन । तर, सहकारीका महासंघ र संघलाई प्रारम्भिक सहकारीसरह बचत तथा ऋण कारोबार गरेका छन्, यो गलत हो । यस सम्बन्धमा अध्यादेशले केही बोलेको छैन,' उनले भने ।

छानबिन समितिले प्राधिकरण गठनपछि सरकारमातहत रहेको राष्ट्रिय सहकारी विकास बोर्ड र सहकारी विभाग खारेज गर्ने र त्यसको सम्पत्ति र दायित्व प्राधिकरणमा सर्ने गरी कानुनी प्रबन्ध गर्नुपर्ने भनेको थियो । अध्यादेशमा बोर्ड विघटन गर्ने त भनियो, तर, विभागको सम्बन्धमा भने केही बोलेको छैन । 'हामीले पहिले नै सहकारी बोर्डको विघटन गर्न भनेका थियौं । त्यसको ठाउँमा शक्तिशाली निकाय गठन गर्ने भन्यौं । तर, त्यस्तो भएन । अहिले बोर्ड विघटन हुने भएछ । त्यो भने ठिकै विषय हो,' उनले भने ।

अध्यादेशमा के छन् ?

-बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीको दर्ता स्थानीय तहमा मात्रै हुने ।
-सहकारीको कार्यक्षेत्र स्थानीय तहमा मात्रै सीमित रहने ।
-सहकारी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण हुने ।
-एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन नपाउने ।
- उपदफा प्रारम्भ हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्ति उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्य बन्नुपर्ने ।
- कुनै पनि व्यक्ति सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन र बहाल रहन नसक्ने ।
- एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा ५० लाखसम्म राख्न सकिने ।
-एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा २५ लाखसम्म राख्न सकिने ।
-बढीमा एक जिल्लाभित्र कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा दश लाखसम्म राख्न सकिने ।
-दफा प्रारम्भ हुँदाको बखत कायम रहेको व्यक्तिगत बचतलाई यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र यस दफाबमोजिमको सीमाभित्र ल्याउनुपर्ने ।
-सदस्यले सहकारी संस्थामा दश लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा स्रोत खुलाउनुपर्ने ।

१७९ को...

पृष्ठ १ बाट क्रमशः

तथा अवतरणका क्रममा विमानमा चरा ठोक्किएको हुन सक्ने अनुमान गरेका छन् । पहिलो अवतरण प्रयासपछि विमान पुनः आकाशमा फर्किएको र दोस्रो अवतरणको प्रयास गरेको थियो । स्थानीय टेलिभिजनले प्रसारण गरेको एउटा फुटेजमा बोइङ दुर्घटनाग्रस्त विमानबाट कालो धुवाँको मुस्लो निस्केको देखिन्छ । अर्को फुटेजमा विमानको दायाँ पखेटामा रहेको इन्जिनमा अवतरण गर्नुअघि नै आगोको ज्वालासहितको धुवाँ निस्किरहेको देखिन्छ । दक्षिण कोरियाली यातायात मन्त्रालयले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन समय लाग्न सक्ने बताएको छ ।

कन्ट्रोल टावरले दिएको थियो 'चरा ठोक्किन सक्ने' चेतावनी

विमान दुर्घटना हुनुभन्दा ६ मिनेटअघि विमानस्थलको कन्ट्रोल टावरले चरा ठोक्किन सक्ने चेतावनी दिएको थियो । हवाई सुरक्षाको रेखदेख गर्ने भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार कन्ट्रोल टावरले आइतबार बिहान ८:५७ बजे चेतावनी जारी गरेको थियो । 'धावनमार्ग नम्बर १ मा अवतरण गर्ने क्रममा कन्ट्रोल टावरले चरा ठोक्किन सक्ने अवस्था (बर्ड स्ट्राइक)को चेतावनी जारी गरेको थियो र त्यसको केही समयपछि चालकले आपत्कालीन अवस्था घोषणा गरेका थिए,' मन्त्रालयले भनेको छ । चेतावनीपछि ८:५९ मा विमानचालकले आपत्कालीन अवस्था आएको बताएका थिए । त्यसपछि ९ बजे अवतरण गर्ने क्रममा विमान दुर्घटनाग्रस्त भएको थियो ।

दुर्घटनाग्रस्त विमानको 'ब्ल्याक बक्स' भेटिएको छ । अनुसन्धान एकाइले दुवै 'ब्ल्याक बक्स' सुरक्षित फेला पारेको दक्षिण कोरियाली यातायात मन्त्रालयले जनाएको छ । 'ब्ल्याक बक्स' विमान उडानको समयमा भएका गतिविधिहरूको रेकर्ड गर्ने उपकरण हो । जसले विमान दुर्घटनाको कारण पहिल्याउन सघाउँछ ।

संसद्को...

पृष्ठ १ बाट क्रमशः

पदाधिकारी असन्तुष्ट छन् । सभामुख देवराज घिमिरेले केही दिनअघि सार्वजनिक रूपमै सरकार संसद्सँग तर्किएर हिँडिरहेको भन्दै असन्तुष्टि नै जनाएका थिए । विपक्षी दलका सांसदहरूले अधिवेशन बोलाउन ढिला भएको प्रतिक्रिया दिएका छन् । विगतमा हेर्ने हो ४ मंसिरको निर्वाचनपछि पहिलो (हिउँदे) अधिवेशन २५ पुस ०७९ - १५ वैशाख ०८० सम्म चलेको संसद् सचिवालयको तथ्यांक छ । दोस्रो हिउँदे अधिवेशन २२ माघ ०८० - २ वैशाख ०८१ सम्म चलेको छ ।

अहिले संविधानअनुकूल दर्जनौं कानुन बनाउनुपर्ने बाध्यताबिच छिटो विधेयक अधिवेशन बोलाउनुपर्ने भए पनि सरकारको तयारी देखिँदैन । गृहमन्त्री रमेश लेखक हिउँदे अधिवेशन बोलाउनेबारे कुनै सल्लाह नभएको बताउँछन् । 'अधिवेशन बोलाउनुपर्ने समय भइरहेकोजस्तो लाग्छ । कहिले बोलाउने भन्ने अन्तिम सल्लाह भएको छैन । अब सल्लाह गर्छौं । अनिश्चित त नभनौं, अब बोलाउने वेला हुँदै छ,' उनले भने ।

हिउँदे अधिवेशनका लागि सरकारले बिजनेस तयारी गरिरहेको उनले बताए । 'हिउँदे अधिवेशनका लागि सरकारले एक-दुई विधेयक स्वीकृत गरिसक्यो । केही तयारी अवस्थामा छन् । सरकारले आवश्यक बिजनेस दिन्छ,' उनले भने । धेरै विधेयक सदनमै रहेको भन्दै लेखकले सदनले पनि आफूकहाँ आएको विधेयक चाँडो पास गर्नुपर्नेमा जोड दिए ।

कानुनमन्त्री अजय चौरसियाले पनि कहिले बोलाउने भन्ने तय भइनसकेको बताए । 'सदनमा पेस गर्ने बिजनेसको धमाधम तयारी भइरहेको छ । सबै तयारी गरेर बोलाउँदा उपयुक्त हुन्छ,' उनले भने, 'तर, मन्त्रिपरिषद्मा छलफल भएको छैन । ढिलो भइसकेको छैन ।'

विपक्षी रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले अब अधिवेशन बोलाउन ढिलाइ गर्न नहुने बताए । ३० असोजमै 'राष्ट्रिय जीवनका तमाम समसामयिक समस्याहरूबारे तत्काल छलफल गर्न आवश्यक देखिएको' भन्दै विशेष अधिवेशनको माग गरेको रास्वपाले अधिवेशन आह्वानमा धेरै ढिला भइसकेको र सरकारले सदन छल्न खोजेजस्तो देखिएको टिप्पणी गरेको छ ।

'नियमित अधिवेशन बोलाइसक्नुपर्ने अवस्थामा त्यतिवेला हामीले सदासयता देखाएको हो । तर, अहिलेसम्म अधिवेशन आह्वान भएन । कहिले बोलाउने भनेर सरकारले हामीसँग छलफल गरेको छैन,' प्रमुख सचेतक परियारले भने, 'अधिवेशन चाँडै बोलाऊ भनेर पहल गरिरहेका छौं । सरकार र सभामुखलाई दबाब दिइरहेका छौं । कानुन बनाउने अधिवेशन ढिलो नगरौं भन्ने हाम्रो भनाइ हो ।'

सत्तापक्षका प्रमुख सचेतकहरू भने पुसको अन्तिम साता बोलाउने तयारी रहेको बताउँछन् । सत्तापक्षका मुख्य सचेतक महेश बर्तौलाले २५ पुसपछि हाउस बोलाउने तयारीमा सरकार रहेको आफूले पाएको बताए । यसबिचमा समितिमा रहेका विधेयकहरू अगाडि बढाउनेतर्फ आफूहरूको जोड रहेको र अधिवेशन आह्वानलगत्तै सदनमा पेस गर्न कोसिस रहने उनको भनाइ छ ।

नागार्जुनका...

पृष्ठ १ बाट क्रमशः

७५ लाखको कारोबार भएका छन् । उक्त रकमको बजारमूल्य भएका जग्गा पद्मा कोलोनीले जग्गाधनीहरूलाई १८ करोड ९४ लाख १८ हजार ४४८ रुपैयाँ मात्र भुक्तानी दिएर लिएको छानबिनबाट भेटिएको छ । यसमध्ये बैनाबट्टबापतको तीन करोड ७२ हजार मेयर बस्नेतले जग्गा बिक्रीकर्तालाई दिएको देखिन्छ । राजस्व र बैनाबट्टा रकमसमेत गरी जम्मा २३ करोड २२ लाख २७ हजार भुक्तानी गरी जग्गा बजारमूल्यभन्दा करिब २४ करोड ५२ लाख ७३ हजार कम मूल्यमा कँडेल तथा निजको कम्पनीले प्राप्त गरेको भेटिएको छ ।

मेयर बस्नेतका नाममा विभिन्न समयमा घरजग्गा कारोबारसँग सम्बन्धित ठुलो रकम आए-गएकोसमेत भेटिएको छ । २९ असार ०८० मा उनको प्रभु बैंकको खातामा दुई करोड ६० लाख, ०८० कै फागुन र चैतमा सोही बैंक खातामा सात करोड १२ लाख २७ हजार गरी नौ करोड ७२ लाख २७ हजार प्राप्त भएको देखिएको छ । त्यसबाट उनले आठ करोड ४७ लाख २८ हजार रुपैयाँ खर्च तथा भुक्तानी गरेकोसमेत पाइएको छ । त्यस्तै, मेयर बस्नेतको एनएमबि बैंकको खातामा ०८० जेठमा एक करोड प्राप्त भएको र त्यो पूरै रकम खर्च तथा भुक्तानी भएको पनि देखिन्छ ।

मेयर बस्नेतले पत्नी उर्मिलासँगको मिलोमतो तथा योजनामा ओहोदाको दुरुपयोग गरी काम गरिदिएबापत दुई करोड १५ लाख ७३ हजार ३९५ रुपैयाँ घुस बैंकखातामा लिएको अख्तियारको दाबी छ । त्यसमध्ये मेयरको खातामा एक करोड ५९ लाख ७३ हजार र पत्नी उर्मिलाको खातामा ५६ लाख रुपैयाँ प्राप्त भएको छ । मेयरले ६ करोड ८२ लाख रुपैयाँ मूल्यबराबरको जग्गा पनि लिएको देखिएको छ । मेयर बस्नेतले पुत्र अनोजको बिहेभोज पनि घुसबापत नै कँडेललाई तिर्न लगाएको भेटिएको छ । पुत्रको वैवाहिक भोज गर्दाको २४ लाख ७२ हजार ६३७ रुपैयाँ मेयरले चारतारे 'शंकर होटेल'मा भुक्तानी गर्न लगाएको भेटिएको छ । 'बैंकखाता, जग्गा र बिहे भोजको भुक्तानीसमेत गरेर नौ करोड २२ लाख ४६ हजार ३२ रुपैयाँबराबरको घुस मेयरदम्पतीले पद्मा कोलोनी, पद्मा मर्चेन्ट प्रालि तथा त्यसका सञ्चालक अध्यक्ष कँडेलबाट लिएको वारदात पुष्टि भयो,' अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

घुस लिए-दिएको भ्रष्टाचारजन्य कसुर गरी आर्जन गरेको नौ करोड २२ लाख ४६ हजार सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने-छल्ने उद्देश्यले प्रतिवादीहरूको आपसी मिलेमतो र योजनामा अन्य गतिविधि गरेको पनि देखिएको छ । उक्त सम्पत्ति ऋण भुक्तानी, मेयरपत्नीको नाममा रहेको जग्गामा घर निर्माण, विभिन्न व्यक्तिलाई भुक्तानीसमेत गरेको भेटिएको छ । सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, रूपान्तरण तथा हस्तान्तरण गर्ने कार्य गरी १३ करोड १२ लाख ७३ हजारको सम्पत्ति शुद्धीकरण गरेको अख्तियारको दाबी छ ।

मेयर बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा नौ करोड २२ लाख ४६ हजार बिगो कायम गरी अख्तियारले मुद्दा दायर गरेको छ । सोही उपदफाको देहाय (झ) बमोजिम उनलाई आठदेखि १० वर्षसम्म कैद सजायको मागदाबी अख्तियारले गरेको छ । मेयरका रूपमा ऐनको दफा २४ बमोजिम उनलाई थप सजायको मागदाबी पनि गरिएको छ । त्यसअनुसार उनलाई थप तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था छ ।

त्यस्तै, मेयर बस्नेतदम्पतीले घुसबापत प्राप्त सम्पत्ति तथा जग्गा बिक्री-वितरण गरी कर्जा भुक्तानीसमेत गरेको, विभिन्न व्यक्तिहरूलाई भुक्तानी गरेको, घर निर्माणमा खर्च/मसौट गर्नेसमेत गरेको अनुसन्धानबाट संकलित सबुत प्रमाणबाट पुष्टि भएको अख्तियारले जनाएको छ ।

मेयरपत्नी उर्मिलालाई कसुरको लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको रूपमा प्रतिवादी कायम गरी पतिको समान बिगो र सजाय मागदाबी अख्तियारले गरेको छ । दम्पतीका नामका जग्गा तथा सम्पत्तिबाट बिगो जफत गर्न पनि अख्तियारले भनेको छ । त्यस्तै, घरजग्गा व्यवसायी कँडेललाई पनि भ्रष्टाचार निवारण ऐनबमोजिम नौ करोड २२ लाख ४६ हजार रुपैयाँ नै बिगो कायम गरिएको छ । उनलाई पनि ऐनबमोजिम आठदेखि १० वर्ष कैद र जग्गा तथा सम्पत्तिबाट बिगो जफतको मागदाबी अख्तियारले गरेको छ ।

भ्रष्टाचारको कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरणसमेत गरेको भेटिएपछि तीनैजना प्रतिवादीउपर अख्तियारले सम्पत्ति शुद्धीकरणको मुद्दा पनि दायर गरेको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१) को 'क', 'ख' र 'ग' बमोजिम सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अख्तियारले संलग्नविरुद्ध मुद्दा दायर गरेको हो । कसुरबाट प्राप्त सम्पत्ति रूपान्तरण वा हस्तान्तरण, प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोबार, स्वामित्व वा सम्पत्तिउपरको अधिकार लुकाउने वा छल्ने वा कसुरको सम्पत्ति प्राप्त, प्रयोग वा धारण गरेको देखिएपछि ऐनको व्यवस्थाबमोजिम अख्तियारले सम्पत्ति शुद्धीकरणको मुद्दासमेत दायर गरेको हो ।

सम्पत्ति शुद्धीकरण कसुरमा अख्तियारले मेयर बस्नेतलाई मूल कसुरदार ठहर गरेको छ । उनीविरुद्ध १३ करोड १२ लाख ७३ हजार रुपैयाँ बिगो मागदाबी गरेको छ । त्यस्तै, ऐनको दफा ३० बमोजिम सम्पत्ति शुद्धीकरण कसुरमा बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्य हेरी दुईदेखि १० वर्षसम्मको सजायको दाबी गरेको छ । उनको स्वामित्वमा रहेको जग्गा तथा सम्पत्ति जफत लिन पनि अख्तियारले भनेको छ । जनप्रतिनिधि भएकाले उनलाई दफा ३० को १, २, ३, ४ उपदफामा हुने सजायमा १० प्रतिशत थप सजायसमेत अख्तियारले मागदाबी गरेको छ ।

उर्मिलालाई पनि पति मोहनसमान बिगो मागदाबी गरिएको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कार्यमा षड्यन्त्र, मद्दत, दुरुत्साहनजस्ता कार्य गरी मतियार भएको आरोपमा अख्तियारले दफा ३० (२) बमोजिम आधा सजायको मागदाबी गरेको छ । उनको नाममा रहेको कसुरसँग सम्बन्धित जग्गा तथा सम्पत्ति जफतको मागदाबी पनि गरेको छ ।

त्यस्तै, पद्मा कोलोनी, पद्मा मर्चेन्ट र कम्पनी सञ्चालक कँडेलविरुद्ध कसुर गर्न दुरुत्साहन गरेको आरोपमा ऐनबमोजिम मेयरलाई समान बिगो मागदाबी अख्तियारले गरेको छ । सम्पत्ति शुद्धीकरण कसुरमा षड्यन्त्र गरेकामा मूल कसुरदारको सजायको आधा सजायलगायतका अन्य विभिन्न दफाबमोजिमका सजायको मागदाबीसहित कसुरको जग्गा तथा सम्पत्ति मागदाबी गरेको छ ।

अख्तियारले सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगमा विशेष अदालतमा दर्ता गराएको यो दोस्रो मुद्दा हो । गत चैतमा सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन संशोधन भएपछि आयोगले भ्रष्टाचारसँगै सम्पत्ति शुद्धीकरणको कसुर हेर्ने अधिकार पाएको थियो ।

जेनेरिक नाममा औषधि सिफारिस गर्ने सरकारको लक्ष्य वर्षौंदेखि अलपत्र

ऐन बनेको ६ वर्षपछि औषधि वितरणको सम्भाव्यता अध्ययनका लागि समिति गठन



● **डा. प्रकाश बुढाथोकी**
प्रवक्ता, स्वास्थ्य मन्त्रालय

नेपालमा जेनेरिक नामका आधारमा औषधि उत्पादन, प्रिस्कराइब र बिक्री-वितरण गर्न सम्भव छ कि छैन भनेर सम्भाव्यता अध्ययनका लागि समिति बनाइएको हो। ऐनमा लेखिँदैमा सबै व्यावहारिक रूपमा लागू हुन्छन् भन्ने हुँदैन। ऐनहरूमा उल्लेख भएको विषय कार्यान्वयनमा कसरी ल्याउन सकिन्छ भन्ने विषयमा अध्ययन समिति बनाइएको हो।



● **महेश प्रधान**, अध्यक्ष
औषधि उत्पादक संघ

नेपालमा बिरामीलाई औषधि दिँदा ब्रान्डको आधारमा नभई जेनेरिक नामका आधारमा दिनुपर्ने बहस सन् १९८५ देखि हुँदै आएको छ। उपभोक्ताले जेनेरिक नामबाट औषधि खरिद गर्दा धेरै सस्तो पाउने दाबी गर्दै आए पनि अहिले नै कार्यान्वयनमा ल्याउन भने निकै जोखिमपूर्ण देखिन्छ।





मञ्जु टेलर/नयाँ पत्रिका

जेनेरिक नामको आधारमा औषधि सिफारिस गरिने व्यवस्था लागू गर्ने सरकारको लक्ष्य वर्षौंदेखि अलपत्र छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २८ मा औषधि जेनेरिक नामका आधारमा वितरण गर्नुपर्ने उल्लेख छ। 'चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले औषधि सिफारिस गर्दा जेनेरिक नाम लेख्नुपर्नेछ। र, गुणस्तरीय स्वदेशी उत्पादनको हकमा यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र कार्यान्वयन गर्नुपर्नेछ,' ऐनमा भनिएको छ। औषधिको मूल्य नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख गरिए पनि हालसम्म कार्यान्वयनमा आउन सकेको छैन।

स्वदेशी उत्पादनको हकमा नयाँ औषधि र पेटेन्टको हकमा बाहेक चिकित्सकले औषधि प्रिस्कराइब गर्दा जेनरिक नामका आधारमा मात्र दिनुपर्ने ऐनले व्यवस्था गरेको छ। सो ऐन दुई वर्षभित्रै लागू गरिसक्नुपर्ने उल्लेख भए पनि औषधिको मूल्य समायोजन र मूल्य निर्धारण गर्न नसक्दा औषधि प्रिस्कराइबसमेत अन्योलमै रहेको हो।

जनस्वास्थ्य सेवा ऐन, २०७५ लगायतका ऐनमा जेनेरिक नामका आधारमा औषधि लेख्नुपर्ने स्पष्ट उल्लेख भएको विषयमा स्वास्थ्य मन्त्रालयले औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालको संयोजकत्वमा पाँच सदस्यीय जेनेरिक औषधि सुझाव समिति गठन गरेको छ। सुझाव समिति सदस्यमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक प्रा.डा. रवि शाक्य, धुलिखेल अस्पतालका निर्देशक प्रा.डा. बलराम मल्लसँगै नेपाल मेडिकल काउन्सिल तथा नेपाल मेडिकल एसोसिएसनका प्रतिनिधि रहने व्यवस्था गरिएको छ। समितिको सदस्य सचिवमा भने गुणस्तर मापन तथा नियमन महाशाखाका वरिष्ठ व्यवस्थापक उषा तण्डुकारलाई तोकिएको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी हाल बिक्री-वितरण भइरहेका अधिकांश औषधि ब्रान्डका नाममा उत्पादन र बिक्री-वितरण भइरहेकाले तत्काल जेनेरिक नामका आधारमा सिफारिस गरेर कार्यान्वयनमा ल्याउन सकिने सम्भावना अध्ययनका लागि समिति बनाइएको बताउँछन्। 'नेपालमा जेनेरिक नामका आधारमा औषधि उत्पादन, प्रिस्करिाइब र बिक्री-वितरण गर्न सम्भव छ कि छैन भनेर सम्भाव्यता अध्ययनका लागि समिति बनाइएको हो। ऐनमा लेखिँदैमा सबै व्यावहारिक रूपमा लागू हुन्छन् भन्ने हुँदैन। ऐनहरूमा उल्लेख भएको विषय कार्यान्वयनमा कसरी ल्याउन सकिन्छ भन्ने विषयमा अध्ययन समिति बनाइएको हो,' उनले भने।

आममानिसलाई औषधिको सहज र सुलभ पहुँचका लागि भन्दै स्वास्थ्य मन्त्रालयले औषधिको मूल्य समायोजन र निर्धारणको विषयमा अध्ययन गर्न वर्षौंदेखि अध्ययन समिति बनाउँदै आएको छ। अध्ययन समितिले प्रतिवेदनसमक्ष बुझाए पनि मन्त्रालयले कार्यान्वयनमा लैजानुको साटो पटकपटक समिति मात्रै बनाउँदै आएको हो। एक वर्षअघि नै बनेको 'औषधिको मूल्य समायोजन कार्यविधि, २०७९' को मस्यौदा गुपचुपमा राखेर मन्त्रालयले पुनः दुई महिना अगाडि अर्थविद्को संयोजकत्वमा सुझाव समिति गठन गरेको थियो। ६ साताभित्र प्रतिवेदन दिन भनिएको समितिलाई दुई साता समय थपेको मन्त्रालयले जनाएको छ।

■ 'जेनेरिक नाममा मात्र औषधि लेख्नुपर्ने नियम लागू गर्नु जोखिमपूर्ण'

औषधिको नाम ब्रान्डको नामको साटो केमिकलको नामका आधारमा दिनुपर्ने नियम कार्यान्वयनमा ल्याउन समेत पुनः अध्ययन समिति आवश्यक नभए पनि स्वास्थ्य मन्त्रालयले विनाआधार समिति बनाइरहेको विज्ञहरूले बताउँदै आएका छन्। काठमाडौं विश्वविद्यालयका फर्माकोलोजीमा पिएचडी गरिरहेका अनिश श्रेष्ठले स्वास्थ्यमन्त्री प्रदीप पौडेलले औषधिको मूल्य समायोजन, सहज र सुलभ दरमा औषधि उपलब्ध गराउन बनेका ऐन कार्यान्वयनमा ल्याउनुको साटो सुझाव समिति बनाउनु उपलब्धिपूर्ण नभएको बताए। नेपाली बजारमा पाइने हरेक औषधि गुणस्तरयुक्त भएको विभागले पुष्टि नगर्दासम्म जेनेरिक नाममा मात्र औषधि लेख्नुपर्ने नियम लागू गर्न जोखिमपूर्ण हुने र यसमा अध्ययन गर्नुभन्दा गुणस्तरमा अनुगमन बलियो पार्न लगानी गर्नु बढी आवश्यक रहेको उनको भनाइ छ। 'जुनसुकै ब्रान्डको औषधि भए पनि गुणस्तर मापन र अनुगमन गरेर मात्र बिक्री-वितरण भइरहेको जिम्मेवारी औषधि व्यवस्था विभागको हुन्छ। अहिले हामीकहाँ नाम चलेका ब्रान्डका औषधि गुणस्तरहीन भेटिएको तथ्य बाहिरिरहेको हुन्छ। विभागले नियमित अनुगमन गरेर औषधिको गुणस्तर व्यवस्थापन गर्नसकेमा अस्पतालकै फार्मेसीमा उपभोक्ताले सजिलै आवश्यक औषधि पाउन सक्छन्,' उनले भने।

औषधि उत्पादक संघका अध्यक्ष महेश प्रधान अनुगमनका क्रममा गुणस्तरहीन औषधि भेटिएको भन्दै प्रत्येक महिना औषधि व्यवस्था विभागले विभिन्न औषधि बजारबाट रिकल गर्दै आएको अवस्थामा जेनरिक नामबाट औषधि वितरण गर्नु जोखिमपूर्ण रहेको बताउँछन्। 'नेपालमा बिरामीलाई औषधि दिँदा ब्रान्डको आधारमा नभई जेनरिक नामका आधारमा दिनुपर्ने बहस सन् १९८५ देखि हुँदै आएको छ। उपभोक्ताले जेनेरिक नामबाट औषधि खरिद गर्दा धेरै सस्तो पाउने दाबी गर्दै आए पनि अहिले नै कार्यान्वयनमा ल्याउन भने निकै जोखिमपूर्ण देखिन्छ,' उनले भने। ब्रान्डहरूले गुणस्तरको जिम्मेवारी लिने भएकाले जेनेरिक नाम मात्रै आउँदा गुणस्तरहीन औषधि प्रयोगमा आउन सक्ने र व्यवस्थापन गर्न नसक्दा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्ने उनको भनाइ छ। काठमाडौं विश्वविद्यालयमा फर्माकोलोजी पिएचडी गरिरहेका अनिश श्रेष्ठ जेनेरिक नामबाट मात्र चिकित्सकले औषधि लेख्ने व्यवस्था लागू गर्न बजारमा पाइने हरेक औषधि गुणस्तरयुक्त भएको सुनिश्चित हुनुपर्ने बताउँछन्। उनका अनुसार सामान्यतया अध्ययन अनुसन्धान गरेर कुनै पनि उत्पादकले सुरुवातमा औषधि विकास गरेर ल्याउँदा आफ्नो ब्रान्डअनुसार बजारमा ल्याउँछ। औषधिको मागअनुसार बजारमा प्रयोगमा आउन थालेपछि प्याटेन्टपछि जेनेरिक नाम प्रयोगमा ल्याउन पाइन्छ। अर्थात् जेनेरिक नाम लिइसकेका औषधिलाई सर्वसुलभ बनाउन संसारभरि नै ब्रान्डको सट्टा जेनेरिक नाम प्रयोगमा ल्याइने उनको भनाइ छ।

'औषधिमा हुने औषधीय तत्त्व वा गुणका आधारमा औषधिमा जेनेरिक नाम राखिन्छ। त्यही तत्त्वका आधारमा औषधि कम्पनीले फरक-फरक ब्रान्डमा औषधि उत्पादन गर्छन्। अब्रान्डेड जेनेरिकहरूको फाइदा भनेको ब्रान्डेड समकक्षहरूको तुलनामा तिनीहरूको कम लागत हो। औषधिको मूल्यमा विश्वस्तरमा भएका विभिन्न अध्ययनले औषधिको ब्रान्डेड संस्करणको तुलनामा जेनेरिक औषधिहरू ८० देखि ८५ प्रतिशतसम्म सस्तो भएको देखाउँछन्। जसको मूल्य औषधि मूल्य निर्धारण प्राधिकरण वा सम्बन्धित निकायले नियमन गर्छ,' उनले भने, 'जेनेरिक नाम हरेक देशका लागि एउटै हुन्छ, जुन सहज उपलब्धताका कारण आमउपभोक्तालाई सहज हुन्छ। जसकारण औषधिको उपलब्धता र सस्तोमा पाइन्छ।'

■ अटिजम भएका बालबालिकाको हेरचाहका लागि निर्देशिका बनाइने

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले अटिजम भएका बालबालिकाको हेरचाहका लागि निर्देशिका तयार पार्न समिति गठन गरेको छ। निर्देशिकाको तयारीका लागि डा. दीपकप्रकाश महराको संयोजकत्वमा १० सदस्यीय समिति गठन गरिएको हो। समितिमा दीपकराज सापकोटा, डा. सुनिता मलेकू, डा. मेरिना श्रेष्ठ, डा. अरुण कुँवर सदस्य छन्। यस्तै, ध्रुवकेदार अधिकारी, सन्तोष रायमाझी, उमेश तामाङ तथा कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन शाखाका प्रतिनिधिलाई सदस्य तथा मन्त्रालयको बहुक्षेत्रीय समन्वय शाखा प्रमुखलाई सदस्य सचिव तोकिएको छ।

बढ्दो अटिजमले निम्त्याइरहेको समस्या सम्बोधन गर्ने उद्देश्यले मन्त्रालयले निर्देशिकामा काम थाल्ने जानकारी गराएको छ। अटिजम देखिएका बालबालिकाका पक्षमा स्वास्थ्य संस्थाहरूमा प्रभावकारी काम गर्न रोकथाम, उपचार, हेरविचार तथा सहयोगजस्ता विषय समेटेर निर्देशिका आवश्यक भएकाले तयारी थालिएको मन्त्रालयले जनाएको छ। समितिलाई एक महिनाभित्र अटिजम रोकथामका विषयमा अध्ययन गरेर स्वास्थ्य क्षेत्रका कार्यक्रममा समावेश गर्न सकिने विषय सुझाव दिन भनिएको छ।

समितिले अटिजमका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरू तथा विकास साझेदारसँग सहकार्यको खाकासमेत तयार पार्ने मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए। पछिल्लो जनगणनाको तथ्यांकअनुसार अटिजमबाट चार हजार ८८४ प्रभावित छन्। पछिल्लो राष्ट्रिय जनगणनाअनुसार नेपालमा चार हजार ८८६ जनामा अटिजम भएको पाइएको थियो ।

अटिजम भएका व्यक्ति बर्सेनि बढिरहेका छन्, तर राज्यका कुनै निकायसँग यकिन तथ्यांक छैन। जनगणनाको तथ्यांकमा कोशी प्रदेशमा ९०१, मधेशमा ७८०, बागमतीमा एक हजार २५३, गण्डकीमा ४३५, लुम्बिनीमा ८५६, कर्णालीमा ३०९ र सुदूरपश्चिम प्रदेशमा ३५२ जना व्यक्तिमा अटिजम भएको उल्लेख छ। तर, विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार देशभर कम्तीमा दुईदेखि अढाई लाख जनसंख्यामा अटिजमको समस्या भएको अनुमान छ। विश्व स्वास्थ्य संगठनको मान्यताअनुसार प्रत्येक सय व्यक्तिमा कम्तीमा एकजनामा अटिजम हुने गरेको छ।

श्रीलंकाको राजदूतमा पूर्णबहादुर नेपाली अनुमोदित

काठमाडौं/ श्रीलंकाका लागि नेपाली राजदूतमा डा. पूर्णबहादुर नेपाली अनुमोदित भएका छन्। मन्त्रिपरिषद्ले ६ मंसिरमा कपिलवस्तुस्थित बुद्धभूमि नगरपालिका- २ निवासी नेपालीको नाम श्रीलंकाको राजदूत नियुक्तिका लागि संसदीय सुनुवाइ समितिमा सिफारिस गरेको थियो। सुनुवाइ प्रक्रिया सम्पन्न गरेर समितिले आइतबार नेपालीलाई श्रीलंकाको राजदूतमा सर्वसम्मत अनुमोदन गरेको सभापति ईश्वरी न्यौपानेले जानकारी दिइन्। संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएसँगै नेपालीलाई राष्ट्रपतिले राजदूत पदमा नियुक्त गर्नेछन्। त्यसपछि उनले कोलम्बोस्थित नेपाली दूतावासमा कार्यभार सम्हाल्नेछन्। डा. नेपालीले दलित समुदायबाट प्रतिनिधित्व गर्छन्। यसअघि श्रीलंकाका लागि सिफारिस भएका रामकृष्ण भट्टराई राजदूतका लागि चाहिने स्नातक योग्यता नपुगेपछि अस्वीकृत भएका थिए। उनको ठाउँमा सरकारले दलित समुदायको प्रतिनिधित्व गर्दै नेपालीलाई सिफारिस गरेको थियो।

प्रतिनिधिसभाको सचिवमा झापाका हर्कराज राईलाई नियुक्ति सिफारिस गरिएको छ। सभामुख देवराज घिमिरेले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसँग भेट गरी संविधानको धारा १०६ बमोजिम सचिव नियुक्तिसम्बन्धी सिफारिस गरेका हुन्। प्रतिनिधिसभाका सचिव सुरेश अधिकारीले ९ मंसिरमा राजीनामा दिएपछि सो पद रिक्त थियो। झापाको शिवसताक्षी- २ का राईले सार्वजनिक प्रशासनमा एमफिल, राजनीतिशास्त्र तथा ग्रामीण विकासमा स्नातकोत्तर र अंग्रेजी साहित्य तथा पत्रकारितामा स्नातक गरेका छन्।

■ तयार हुँदै नक्साल-नागपोखरी सडक



लामो समयदेखि बन्द रहेको नक्साल भगवती मन्दिरदेखि नागपोखरी निस्कने सडकमा ढुंगा बिछ्याउन इँटाको सोलिङ गरिँदै। **तस्बिर : सतिश पोखरेल**/नयाँ पत्रिका

संक्षेप

मोहन वैद्यको स्वास्थ्यमा सुधार

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र उपाध्यक्ष अग्नि सापकोटाले क्रान्तिकारी कम्युनिस्ट पार्टीका महासचिव मोहन वैद्यको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन्। आइतबार साँझ प्रचण्ड र सापकोटाले अस्पताल पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका हुन्। उनीहरूले वैद्यको परिवारसँग पनि भेट गरेका छन्। त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा उपचाररत वैद्यको स्वास्थ्य स्थिति सुधारउन्मुख रहेको भेटमा सहभागी सापकोटाले बताए। वैद्यको सुरेश वाग्ले क्यान्सर सेन्टर भवनस्थित नयाँ आइसियूमा उपचार भइरहेको छ। उपचारमा संलग्न चिकित्सकहरूले वैद्यको छातीमा संक्रमण र दमको समस्या रहेकाले अझै केही समय उपयुक्त वातावरणमा आराम गर्नुपर्ने बताएका छन्। वैद्यले क्याबिनको भन्दा आइसियूमा सारेपछि केही सहजता महसुस भएको प्रचण्डलाई बताएका छन्। प्रचण्डले वैद्यको स्वास्थ्यमा सुधार पाएको बताए।

पारिवारिक विवादमा गोली प्रहार, दुई घाइते

काठमाडौं/ पारिवारिक विवादमा गोली प्रहार हुँदा काठमाडौंको मूलपानीमा दम्पती घाइते भएका छन्। कागेश्वरी मनोहरा नगरपालिका-७ रिद्धिसिद्धि चोकस्थित अर्जुन श्रेष्ठको घरमा शनिबार राति गोली चलेको हो। अर्जुन र उनकी श्रीमती शान्तिदेवी श्रेष्ठ गोली लागेर घाइते भएको प्रहरीले जनाएको छ। गोली प्रहार गर्ने खोटाङको तुवाचुङ घर भएका साहिर शंकरलाई पत्राउ गरी प्रहरीले अनुसन्धान अघि बढाएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी नवराज अधिकारीका अनुसार घाइते तीनैजनाको ट्रमा सेन्टरमा उपचार भइरहेको छ। गोली प्रहार गर्ने शंकर पनि घाइते भएका छन्। राति साढे १० बजे उनी पेस्तोल लिएर श्रेष्ठको घरमा गएका थिए। गोली चलाएपछि उनलाई पनि नियन्त्रणमा लिएर स्थानीयले कुटपिट गरेका छन्। प्रारम्भिक अनुसन्धानका क्रममा व्यक्तिगत तथा पारिवारिक रिसबी घटनाको कारण रहेको प्रहरीको भनाइ छ। प्रहरीले आरोपी युवकबाट पेस्तोल तथा खुकुरी बरामद गरेको छ।

टिपरको ढालाबाट खस्दा सहचालकको ज्यान गयो

रामेछाप/ मन्थली नगरपालिका- १ भैश्वेश्वरमा गुडिरहेको टिपरको ढालाबाट खस्दा सहचालकको ज्यान गएको छ। आइतबार दिउँसो मन्थली नगरपालिका- १ सुकाजोर खोलाबाट बालुवा लिएर मन्थली नगरपालिका- ४ सालुतर्फ जाँदै गरेको टिपरको ढालाबाट लडी गम्भीर घाइते भएका मन्थली नगरपालिका- ४ सालु अर्चलेका ३२ वर्षीय नारायण बस्नेतको उपचारका क्रममा मृत्यु भएको हो। मन्थलीबाट बालुवा लिएर सालुतर्फ जाँदै गरेको टिपरको ढालामाथि बसेका बस्नेत मन्थलीकै भैश्वेश्वरनजिकै सडकमा अकस्मात् बजारिन पुगेका थिए। बस्नेतलाई प्रहरीले तत्काल उद्धार गरी सदरमुकाम मन्थलीमा रहेको तामाकोशी अस्पताल पुऱ्याएकोमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक प्रदीपकुमार सिंहले बताए।

महिलालाई पनि महान्यायाधिवक्ता र प्रदेश न्यायाधिवक्ता बनाउन माग

विराटनगर/ ३१ बुँदे घोषणापत्र जारी गर्दै महिला कानुन व्यवसायीको ३१औं राष्ट्रिय सम्मेलन आइतबार समापन भएको छ। शनिबारदेखि विराटनगरमा सुरु भएको सम्मेलनले महान्यायाधिवक्ता, प्रदेश न्यायाधिवक्ता र सरकारका सबै तहका कानुनी सल्लाहकार समावेशिता र लैंगिकताका आधारमा बनाउन माग गरेको छ। अहिलेसम्म महिलाहरू सरकारको कानुनी सल्लाहकारमा नियुक्त हुन नपाएको र राज्यका निकायमा महिलाको समावेशी समानुपातिक सुनिश्चितता हुन नसेकेको भन्दै अन्तर्राष्ट्रिय अभिसन्धि र संविधानअनुसार केन्द्र, प्रदेश र पालिकामा नियुक्ति दिएर अवसर दिन महिला कानुन व्यवसायीले माग गरेका छन्। घोषणापत्रअनुसार सर्वोच्च, उच्च र जिल्ला अदालतमा न्यायाधीशदेखि नेपाल बार र काउन्सिलमा पनि महिलालाई समान अवसर दिन माग गरिएको छ।

जलहरीको मुद्दामा 'सेलेक्टिभ प्रोसेक्युसन' भएको विशेष अदालतको ठहर

शिल्पा कर्ण/नयाँ पत्रिका

पशुपतिमा जलहरी चढाउने क्रममा सुनमा अनियमितता भएको मुद्दामाथि फैसला गर्दै विशेष अदालतले 'सेलेक्टिभ प्रोसेक्युसन' भएको उल्लेख गरेको छ। विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्य मुरारीबाबु श्रेष्ठको इजलासले गत १८ वैशाखमा यो मुद्दामा सफाइ दिने फैसला गरेको थियो।

'मुचुल्काहरूमा उल्लेख भएको प्रक्रियामा बदनियत राखी जानाजान त्रुटि गरी अनियमितता भएको भए यी प्रतिवादीहरू मात्र नभई सो प्रक्रियामा सामेल रहेका सबै व्यक्तिहरूउपर अनुसन्धान गरी प्रतिव्यक्ति प्रतिकसुरका हिसाबले जवाफदेहिता निर्धारण गरिनुपर्ने हुन्छ। त्यस्तो निष्कर्षमा आरोप दाबी आएको नदेखिई सेलेक्टिभ प्रोसेक्युसनजस्तो गरी उही प्रक्रियाका केही व्यक्तिउपर अभियोग लगाइएको देखिन्छ भने केहीको हकमा दाबी लिइएको पाइँदैन, जुन समानताको सिद्धान्तविपरीत र स्वच्छ अनुसन्धानको मान्यताभन्दा विपरीत देखिन्छ,' हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भनिएको छ।

समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोही स्तरका व्यक्तिमध्ये कोहीमाथि मुद्दा चलाउने र कोहीमाथि नचलाउने गरी निर्णय गरेको ठहर विशेषको छ। मुद्दा चलाउने निर्णय गर्दा वस्तुनिष्ठ आधार र कारण उल्लेख हुनुपर्ने फैसलामा छ। तर, अभियोजनकर्ता अर्थात् अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यसो नगरेकाले यो कार्य शंकास्पद रहेको र यसको परिणामस्वरूप सत्य धरातलीय यथार्थबाट विमुख भई अविश्वसनीय रहेको न्यायाधीशद्वयको मत छ।



'सेलेक्टिभ प्रोसेक्युसनमा विशेष समूह, जात, धर्म, लिंग वा अन्य आधारमा अन्यायपूर्ण व्यवहार गरिन्छ, जसले समानता र न्यायको सिद्धान्तको उल्लंघन गर्छ। अभियोजक निकायले कुनै पूर्वाग्रह राखेर असमान र कपटपूर्ण अभियोजन गर्ला भनेर त परिकल्पना पनि गर्न सकिँदैन, तर भ्रष्टाचारको आरोपजस्तो गम्भीर कसुरको अभियोग लगाउँदा सिद्धान्ततः स्वच्छता, समानता र त्यसबाट पर्ने सामाजिक प्रभावलाई समेत विचार गरिनु वाञ्छनीय हुन आउँछ,' फैसलाको १५१औं प्रकरणमा छ। अख्तियारले गत वर्ष १४ असोजमा सार्वजनिक सम्पत्तिको हिनामिना गरेको दाबीसहित मुद्दा दायर गरेको थियो। तर, यस्तो अभियोजनले न्यायिक प्रणालीको इमानदारिता र निष्पक्षतामाथि प्रश्न उठाएको इजलासको निष्कर्ष छ।

शुद्ध सुनमा निर्माणका क्रममा अन्य धातुहरू मिश्रण गरिएको, निर्माणस्थल सफा गर्दा ६२३ ग्राम शुद्ध सुन सुरक्षितसाथ राखिएको तथा केही सुन निर्माणका क्रममा घट्नु स्वाभाविक रहेको ठहर विशेषको छ।

'सुन खरिद गर्दाको अवस्थामा सो सुनको शुद्धता जाँच गर्दा अपनाइएको मापदण्ड र मुद्दाको रोहमा शुद्धता जाँच गर्दा अपनाइएको मापदण्ड एवं मुद्दाको अनुसन्धान गर्दा अपनाइएको शुद्धता जाँच प्रविधि पनि एकै प्रकारको नदेखिँदा सुनको शुद्धताको नतिजामा स्वाभाविक रूपमा एकरूपता नहुने अवस्था पनि आउन सक्ने नै हुन्छ,' फैसलामा छ। यस मुद्दामा पशुपति क्षेत्र विकास कोषका सञ्चालक परिषद्का सदस्यसचिव प्रदीप ढकाल, परिषद्का तत्कालीन कोषाध्यक्ष मिलनकुमार थापा र कोषका विशेष नाइके पदमा कार्यरत अरुणकुमार श्रेष्ठलाई प्रतिवादी बनाइएको थियो। सुनको जलहरी बनाउने क्रममा सुनको नाग, पातासमेतको तौल ९६ किलो ८२२ ग्राम थियो भने उनीहरू तीनैको संलग्नतामा १,४९१.७८१ ग्राम सुन हिनामिना भएको अभियोग लगाइएको थियो।

सुन झिक्ने वा राख्ने प्रयोजनका लागि तीनवटा साँचो तीनजना, नेपाली सेना, पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष र विशेष नाइके श्रेष्ठसँग हुने भए पनि एकजनालाई मात्र प्रतिवादी बनाइएको थियो। 'सेफको साँचो जिम्मा पाएका अरू व्यक्तिलाई प्रतिवादी कायम गरिएको समेत नहुँदा एउटा मात्र साँचोबाट पूरै सेफ खुलाइएको जस्तो परिकल्पनामा आरोप दाबी आएको देखिन्छ, जुन दाबी सो हदसम्म स्थापित हुन सक्ने देखिँदैन। यस्तै, २४सै घण्टा सिसिक्यामराको निगरानी हुने तथ्य पनि मिसिलबाट स्थापित भएको हुँदा अभियोजकले यी प्रतिवादीहरूको अस्वाभाविक पहुँच सिसिटिभी फुटेजबाट प्रमाणित गर्न सकेको पाइँदैन,' फैसलामा छ। पशुपतिको जलहरीमा हराएको भनिएको १४९१.७१८ ग्राम सुन वास्तवमा नहराएको विशेष अदालतको ठहर छ। अख्तियारको गणना त्रुटिपूर्ण भएको भन्दै केवल ५८.३४ ग्राम मात्र नपुग भएको फैसलामा छ। निर्माणका प्रत्येक चरणमा सेफबाट सुन बाहिर ल्याउँदा र राख्दा उठाइएका मुचुल्काहरूले पनि आरोपित दाबी स्थापित नहुने ठहर विशेषको छ। विधिवत् रूपमा कार्य सुरु भई विधिवत् नै सम्पन्न भएको भन्दै विशेषले व्यावहारिक पक्षलाई ध्यान नदिई अभियोजन गरिएको जनाएको छ।

सामाजिक सञ्जाल र मौलाउँदो अपराध

१८ वर्षभन्दा कम उमेर समूहका बालबालिकासमेत साइबर अपराधको सिकार बन्नु या आफैँ अपराध कर्ममा फस्नु चिन्ताको विषय हो



● नारायण भण्डारी

अग्रलेख

भर्चुअल माध्यमबाट सम्पर्क स्थापित गर्ने र कुराकानी आदानप्रदान गर्ने साइबर स्पेसका रूपमा सामाजिक सञ्जाललाई चिनिन्छ। सन् १९९७ मा पहिलोपटक 'सिक्स डिग्रिज' नाम गरेको सामाजिक सञ्जालको सुरुवात भएपश्चात् हाल विभिन्न नाम गरेका सामाजिक सञ्जाल इन्टरनेटमा छ्यापछ्याप्ती भेटिन्छन्। जसमा सजिलै पैसा नतिरीकन तथा केहीमा सदस्यता शुल्क बुझ्काएर आफ्नो खाता खोल्न सकिन्छ। यस्ता प्रचलित सामाजिक सञ्जालका रूपमा फेसबुक सबैभन्दा अग्र स्थानमा पर्छ। त्यस्तै एक्स (ट्विटर), इन्स्टाग्राम, टिकटक, जिमेल, युट्युबजस्ता अन्य सञ्जालसमेत हाल चर्चित रहेका छन्।

विश्वको जुनसुकै कुनामा रहेबसे पनि विश्वभरिका जानकारी प्राप्त गर्ने, साथीभाइ बनाउने तथा घुमफिरका लागि समेत प्रयोगमा ल्याउन सकिने सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै यसको दुरुपयोगका घटनामा समेत दिनानुदिन वृद्धि हुँदै गएको पाइन्छ। नेपाल प्रहरीको तथ्यांकअनुसार ०८१ साउन देखि ०८१ असोज मसान्तसम्म मात्र सामाजिक सञ्जालसम्बन्धी कारबाहीका घटनामा देशभर गरी पाँच हजार चार सय २० वटा उजुरी दर्ता भएको देखिन्छ। जसमा सबैभन्दा बढी फेसबुकमार्फत तीन हजार तीन सय १७ वटा घटना भएको देखिन्छ भने टिकटकबाट दुई सय ४६, इन्स्टाग्रामबाट एक हजार सातवटा घटना भएको तथ्यांक छ। त्यस्तै ह्वाट्सएपबाट पाँच सय ६७ वटा घटना भएका देखिन्छन्। यसरी दैनन्दिन सामाजिक सञ्जालको दुरुपयोग गरी हुने आपराधिक घटनामा दिनप्रतिदिन वृद्धि भइरहेको अवस्था छ।

नेपालमा ०७८ सालको जनगणनाअनुसार दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसंख्या रहेको छ। जसमध्ये इन्टरनेट प्रयोग गर्ने जनसंख्या ३७.७२ प्रतिशत रहेको देखिन्छ भने स्मार्टफोन प्रयोग गर्ने जनसंख्या ७२.९४ प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा इन्टरनेट प्रयोग गर्ने जनसंख्या एक करोड सात लाखभन्दा बढी हुन आउँछ। २०७८ को जनगणनाअनुसार १५ देखि ५९ वर्ष समूहको जनसंख्या ६१.९६ प्रतिशत रहेको छ। इन्टरनेट प्रयोग गर्ने अधिकांश उमेर समूह पनि यसै समूहको रहेको तथ्य नकार्न सकिँदैन। यसमा पनि नेपाल प्रहरीमा पर्ने उजुरीमा पुरूषद्वारा महिला प्रताडित हुने गरेका घटना प्रधान रहने भए पनि हाल सामाजिक सञ्जालको दुरुपयोगमार्फत महिलाद्वारा पुरुषसमेत प्रताडित हुने गरेको पाइन्छ। अपराधको कुनै जात, लिंग नहुने भए तापनि सामाजिक सञ्जालमार्फत हुने अपराध भने समूहलक्षित हुने गरेको पाइन्छ।

नेपालमा साइबर अपराधका घटना न्यूनीकरण गर्नका लागि पर्याप्त कानुनी व्यवस्थाको अभाव रहेको अवस्था छ भने भएका कानुनसमेत कार्यान्वयनमा उदासीनता देखिएको अवस्था छ। न्याय र दण्ड व्यवस्था फितलो भइदिँदा कतिपय घटना त दर्तासमेत हुन सकेका छैनन्। अदालतमा मुद्दा दायर भएर वर्षौं न्यायका लागि तड्पिनुपर्ने अवस्थासमेत विद्यमान छ। विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ नेपालको विद्युतीय अपराध नियन्त्रण गर्ने कानुनी औजारका रूपमा रहेको हालसम्मको कडा कानुन हो। अझ यो एकमात्र कानुन हो भन्दा पनि फरक नपर्ला। मुलुकी फौजदारी संहिताले पनि केही हदसम्म यसको सम्बोधन गरेको भए तापनि अपराधको प्रवृत्ति परिवर्तन भइरहने विद्युतीय अपराधजस्तो विषयमा यसले पर्याप्तता हासिल गर्न सकेको छैन।

सबैभन्दा टड्कारो समस्याका रूपमा सामाजिक सञ्जाल नेपालमा दर्ता नभएको विषय रहेको छ। नेपालमा सामाजिक सञ्जाल दर्ता नहुँदा एक त अपराधका घटनामा अनुसन्धानको पाटो प्रभावकारी हुन सकेको छैन भने अर्कोतर्फ करोडौँ नेपाली रुपैयाँसमेत त्यत्तिकै बाहिरिइरहेको अवस्था छ। हाल सामाजिक सञ्जाल नेपालमा दर्ता गर्नैपर्ने कानुनी व्यवस्था गरिएको छ। सायद अबका दिनमा सम्पूर्ण सामाजिक सञ्जाल नेपाली कानुनअन्तर्गत दर्ता भई सञ्चालनमा आउनेछन्। अर्को विद्युतीय अपराधका घटनाको सुरु कारबाही अब ७७ वटै जिल्ला अदालतबाट गर्न सकिने भएको छ। यसअघि देशको जुनसुकै स्थानमा घटना भए तापनि काठमाडौं जिल्ला अदालतमा मात्र मुद्दा दायर गर्न पाइने व्यवस्था थियो।

सामाजिक सञ्जालबाट हुने अपराधका प्रकृति : सामाजिक सञ्जालको दुरुपयोगबाट हुने विभिन्न प्रकारका अपराध नै यसका प्रकृति हुन्। जुन दैनन्दिन परिवर्तन हुँदै गएको देख्न सकिन्छ। सामाजिक सञ्जालको सुरुवाती चरणमा केही छिटपुट रूपमा यस्ता अपराध हुने गरेको पाइए पनि हाल यसले क्रमशः भयावह रूप लिँदै गरेको देखिन्छ।

सामाजिक सञ्जालको प्रयोगमार्फत ह्याकिङ, ब्ल्याकमेलिङ, पोर्नोग्राफी, ठगी तथा आर्थिक अपराधका घटना प्रत्यक्ष रूपमा भएको पाइन्छ भने सामाजिक सञ्जालकै प्रयोग गरेर हत्या, लुटपाट, मानव



तस्करी, मनी लाउन्डरिङजस्ता संगठित अपराधसमेत हुने गरेका छन्। जसका कारण राष्ट्रिय सुरक्षामा समेत खतरा पैदा भइरहेको छ। पछिल्लो समय विकराल रूप लिँदै गरेका यस्ता घटनामा पोर्नोग्राफी, ह्यारेसमेन्ट तथा मानसिक प्रताडनाका घटना प्रमुख रूपमा देखिनथालेका छन्। जसका कारण मुलुकमा आत्महत्याका घटनासमेत वृद्धि हुँदै गएको छ। अझ यस्ता सामाजिक सञ्जालबाट हुने अपराधका घटनामा उमेरगत हिसाबले बालबालिका बढी मात्रामा रहेको देखिन्छ। अदालतमा दायर हुने मुद्दाको विवरण हेर्ने हो भने पनि १८ वर्षभन्दा कम उमेर समूहका बालबालिका यस्ता अपराधको सिकार भएको वा आफैँ अपराध कर्ममा फसेको पाइन्छ। बालबालिकाको मस्तिष्क राम्ररी विकसित भइनसक्दै अपराधमा मुछिनुपर्दा यसबाट भविष्यमा पर्न सक्ने असर भयावह हुन सक्छ। तर, यसबारे सरकार, नागरिक समाज तथा समुदायले खासै चासो राखेको पाइँदैन।

> सामाजिक सञ्जाल कसरी चलाउने ? कस्ता-कस्ता विषयवस्तु खतराजन्य हुन्छन् ? के गर्दा अपराध हुन्छ ? भन्ने विषयमा सामान्य सामाजिक सञ्जाल प्रयोगकर्तालाई ज्ञान नहुँदा अपराधको 'ग्राफ' बढिरहेको छ।

हुनत नेपालजस्ता कम विकसित मुलुकमा विद्युतीय साक्षरता दर एकदमै कम रहेको पाइन्छ। नेपालको डिजिटल साक्षरता दर पनि हाल करिब ३२ प्रतिशत मात्र रहेको छ। स्मार्टफोन प्रयोगकर्ताको संख्या ७२ प्रतिशतको हाराहारीमा रहेको अवस्थामा डिजिटल साक्षरता दर भने ३२ प्रतिशतको हाराहारीमा मात्र रहनुले पनि यसबाट पर्न सक्ने असरबारे आकलन गर्न सकिन्छ। दरिलो कानुनी व्यवस्था नहुने, जोखिमको आकलन गर्न नसक्ने र अपराधका घटना भने दैनिक बढ्दै जाने अवस्थाले देशको विकराल परिस्थिति दर्साउँछ।।

अहिले नेपालमा प्रयोग हुने तथा नेपालीले प्रयोग गर्ने सामाजिक सञ्जाल अश्लीलताले भरिपूर्ण देखिन्छन्। सजिलै पहुँचमा रहेका यस्ता सञ्जालमा बालबालिकाको दृष्टि पर्नासाथ एक त कौतुहल र अर्को किशोरावस्थाको आकर्षणका कारण कुलतमा नफस्लान् भन्न सकिन्न। प्रहरी कार्यालयमा दर्ता हुने सामाजिक सञ्जालमार्फत भएका अपराधका घटनाले पनि यसलाई पुष्टि गरिरहेका छन्।

विश्व आर्थिक मन्दीको चरम चपेटामा रहेको अहिलेको परिवेशमा अभिभावकहरू काममा व्यस्त हुने र बालबालिका अभिभावकको नियन्त्रणबाहिर रहने भएका कारण उनीहरू सहज रूपमा सामाजिक सञ्जालको पहुँचमा पुग्ने गरेका छन्। ज्ञानगुनका कुरा खोजी गर्न छाडेर आकर्षक सामग्रीको लतमा फसेको अभिभावकले पत्तै पाउँदैनन्। जब पत्तो पाउँछन्, त्यतिवेलासम्म बालबालिकाहरू अपराधको सिकार भइसकेका हुन सक्छन्। अर्को समस्याको जड भनेको सामाजिक सञ्जाल नेपालको नियन्त्रणबाहिर हुनु हो। नेपाली कानुनको कुनै पनि सामाजिक सञ्जालमाथि नियन्त्रण नभएका कारण कुनै आपराधिक घटना घटिहाले पनि त्यसको अनुसन्धान गर्न प्रहरी कार्यालयलाई मुस्किल पर्ने गरेको छ। व्यक्तिगत गोपनीयताका कारण त्यस्ता कम्पनीले प्रहरीलाई व्यक्तिगत डाटा उपलब्ध नगराइदिँदा कतिपय घटनामा प्रहरीसमेत निरीह बन्ने गरेको छ। यसका साथै, कस्ता प्रकृतिका विषयवस्तुलाई यो अपराधसँग जोड्ने भन्नेमा पनि अनुसन्धान निकायसमेत द्विविधामा रहेको पाइन्छ। सामाजिक सञ्जालमा असामाजिक बन्ने, उच्च पदस्थ व्यक्तिहरूको चरित्रहत्या गर्ने व्यक्तिहरूलाई उन्मुक्ति दिइएको घटनाबाट पनि यसको पुष्टि हुन्छ।

त्यस्तै, अर्को समस्या भनेको सामाजिक सञ्जाल कुनै एक बोर्डरभित्र मात्र सञ्चालन हुँदैन। संसारभरि जहाँसुकैबाट पनि यसलाई चलाउन सकिन्छ। यसको मतलब सामाजिक सञ्जालको दुरुपयोगका घटना देशको सीमाभित्रबाट मात्र हुँदैन। अन्तर्राष्ट्रिय समुदायको सहकार्यबेगर यस्ता बोर्डरबाहिरबाट हुने अपराधलाई कारबाही गर्न त के अनुसन्धान गर्नसमेत सकिने अवस्था हुँदैन। नेपाल प्रहरी यो समस्याबाट पनि गुज्रिरहेको अवस्था छ।

अबको बाटो : अपराधलाई निर्मूल गर्न नसकिए पनि यसलाई न्यूनीकरण गर्न भने अवश्य सकिन्छ। त्यसका लागि प्रहरीको एकल प्रयासबाट मात्र सम्भव हुँदैन। राजनीतिक नेतृत्व, निजी क्षेत्र, नागरिक समाज, शिक्षा क्षेत्र तथा अन्य सामाजिक संघ-संस्था तथा अन्तर्राष्ट्रिय समुदायको साझा सहकार्यबाट मात्र यसलाई न्यूनीकरण गर्न सकिन्छ।

सामाजिक सञ्जालबाट हुने अपराधका घटनामा सामाजिक सञ्जालको गलत प्रयोग नै प्रमुख कारणका रूपमा रहेको पाइन्छ। कसरी चलाउने ? कस्ता-कस्ता विषयवस्तु खतराजन्य हुन्छन् ? के गर्दा अपराध हुन्छ ? भन्नेजस्ता कुरासमेत सामान्य सामाजिक सञ्जाल प्रयोगकर्तालाई ज्ञान नभएको हुन सक्छ। अन्जानमा नै पनि धेरैजसो घटना भइरहेका हुन सक्छन्। त्यसका लागि साइबर साक्षरता दर वृद्धि गर्न योजना बनाई कार्यान्वन गर्नुपर्छ। त्यस्तै, सामाजिक सञ्जालको दुरुपयोगबाट हुने घटनामा कडा दण्डको व्यवस्था गर्नुपर्छ। ताकि आगामी दिनमा यस्ता घटना निर्मूल गर्न सहयोग पुगोस्। अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरी प्रहरीलाई अनुसन्धानमा सहजता प्रदान गर्नु पनि यसको निराकरणको उपाय हो। त्यसैगरी, सम्पूर्ण सामाजिक सञ्जाललाई अनिवार्य नेपालमा दर्ता गर्न लगाई नेपालको कानुनको दायराभित्र ल्याउन सकेमा भने यस्ता अपराधका घटना न्यूनीकरण गर्न सहज हुने देखिन्छ। दैनन्दिन बढ्दै गएको यस्तो अपराधको थैलीका रूपमा रहेको सामाजिक सञ्जालको दुरुपयोगबाट भविष्यमा अप्रिय घटना नघटोस् भनी आजैदेखि सजग बनी अघि बढौं। सामाजिक सद्भाव कायम राखौं।

(भण्डारी उच्च अदालत पाटनमा कार्यरत छन्)

---

३ प्रश्न

नेपाली कांग्रेसका केन्द्रीय सदस्य **नैनसिंह महर**लाई



तपाईंहरू आफैँ सरकारमा हुनुहुन्छ, तैपनि सरकारसँग असन्तुष्ट देखिनुहुन्छ नि ?

यो सरकारले पहिलो र दोस्रो दल मिलेर सरकार बनाउनुलाई 'जस्टिफाई' गर्नै सकेको छैन। प्रधानमन्त्रीले सदनमा पढेर सुनाएको सातबुँदे नै यो सरकार निर्माणको मुख्य आधारशिला हो। तर, यो सरकारले त्यसैको कार्यान्वयन गर्न सकेको देखिन्न। यो सरकारले जनतामा आशा जगाउने काम गर्नै सकेको छैन। सरकार सञ्चालनका लागि गठित दुईदलीय संयन्त्रले पनि आफ्नो अस्तित्व देखाउन सकेको छैन। कांग्रेसको आकार र ओजलाई पनि यो सरकारले महत्त्व दिएको देखिन्न। यसले आमकांग्रेस कार्यकर्तामा निराशा बढेको छ। अहिले हामी गाउँगाउँमा पुग्दा पनि जनता र आमपार्टी कार्यकर्ताबाट त्यस्तै निराशाका स्वर आइरहेका छन्। त्यसैले, हामी सरकारबाट असन्तुष्ट भएका हौं।

असन्तुष्टि आफ्नै पार्टीबाट मन्त्री बन्नेहरूसित पनि हो कि एमाले पक्षका सित मात्र ?

सातबुँदेको स्पिरिटअनुसार सरकार अघि बढ्न नसक्दा हामीले असन्तुष्टि देखाएका हौं। त्यसमा को कताबाट मन्त्री बन्यो भन्नेले फरक पार्दैन। समग्र सरकारसँगको असन्तुष्टि हो यो। सरकारबाट जनजीविकाका सवालमा जनतामा आशा जगाउन सकेन भन्ने हाम्रो भनाइ हो। यस्तै निराशाको अवस्था रहिरहेमा सरकारबारे बहस त हुन्छ नै।

भनेपछि सरकारको विकल्प खोज्न पनि सकिन्छ भन्न खोज्नुभएको हो ?

अहिले नै त्यति पर नजाऔं। हामी अहिले नेपाली कांग्रेस एक सयदिने विशेष अभियानका क्रममा गाउँगाउँ पुगिरहेका छौं। त्यहाँबाट फर्किएपछि अभियानको प्रतिवेदन बुझाउँछौं। त्यसपछि केन्द्रीय समिति बैठक बस्छ। त्यतिवेला सरकारका विषयमा अवश्यै बहस हुन्छ। त्यहाँबाट जे निष्कर्ष निस्किन्छ, त्यसैका आधारमा अघि बढ्छौं।

प्रेरक प्रसंग

लिंकन र रक्षामन्त्री

एकपटक एक अमेरिकी सेना प्रमुखले तत्कालीन रक्षामन्त्रीको आदेश सही ढंगले नबुझेकाे हुनाले कुनै गल्ती गरे। जब रक्षामन्त्रीले यसबारे थाहा पाए तब उनी अत्यन्त क्रोधित भए। उनी सेना प्रमुखलाई कडा कारबाही गर्नुपर्छ भन्ने निचोडमा पुगे।



रक्षामन्त्री सेना प्रमुखलाई कारबाही गर्ने अनुमति लिन तत्कालीन राष्ट्रपति अब्राहम लिंकनसामु पुगे। उनले लिंकनलाई आफूले सेना प्रमुखलाई दिएको आदेश र उनले गरेको गल्तीबारे जानकारी गराउँदै उनीमाथि कडा कारबाही गर्नुपर्ने माग गरे। उनले भने- राष्ट्रपतिज्यू, सेना प्रमुखले मेरो आदेशको अवज्ञा गरेर ठुलो गल्ती गरेका छन्। उनलाई कडा कारबाही गर्नुपर्छ भन्ने मेरो विचार छ। यसमा हजुरको राय के छ ?

रक्षामन्त्रीको भनाइ सुनिसकेपछि लिंकनले भने- ओहो ! सेना प्रमुखले यति ठुलो गल्ती गरे ? उनलाई कारबाही त गर्नैपर्छ। यस विषयमा उनलाई एउटा पत्र लेख्नुहोस्। जसमा निकै कडा-कडा शब्द पनि राख्नुहोस्। राष्ट्रपतिको आदेश पाएपछि रक्षामन्त्रीले अत्यन्त कडा-कडा शब्द चयन गरेर रक्षामन्त्रीलाई पत्र लेखे। लेखिसकेपछि राष्ट्रपतिलाई देखाउन उनी राष्ट्रपतिको कार्यकक्षमा पुगे। उनले खुसी हुँदै भने- राष्ट्रपतिज्यू, मैले जानेजति कडा शब्द राखेर पत्र लेखेको छु। कृपया, तपाईं एकपटक यो पत्र पढ्नुहोस्।

रक्षामन्त्रीको अनुरोध सुनेपछि लिंकनले उनीतिर हेर्दा पनि नहेरी भने- ठिक छ, अब यसलाई च्यातेर ऊ त्यो परको डस्टबिनमा फालिदिनुहोस्। यस्तो पत्र पठाउनुको कुनै औचित्य छैन। म पनि यसै गर्छु। जब मलाई कुनै काम गलत भयो भन्ने लाग्छ, त्यतिखेर यसैगरी कडा पत्र तयार गर्छु र अन्त्यमा च्यातेर डस्टबिनमा हालिदिन्छु। यसबाट म आफ्नो क्रोधमाथि नियन्त्रण राख्न सक्छु। क्रोधको आगोले बुद्धिलाई जलाएर भष्म बनाइदिन्छ। त्यसैले, जब-जब क्रोध आउँछ, त्यतिखेर यही उपाय अपनाउनुहोला। यसबाट क्रोध कम गर्न सहयोग पुग्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

वेलैमा मलको व्यवस्था गरियोस्

नेपाली कृषकले वर्षैपिच्छे मलको समस्या भोगिरहनुपरेको समस्याबारे समाचार हरेक वर्ष, हरेक सिजनमा पढिँदै आएको छ। गत वर्ष पनि यस्तै अवस्था थियो र अहिले पनि मल अभाव भएको समाचार आइरहेको छ। कृषिप्रधान देशका किसानले सहजताका साथ बालीनाली लगाउने समयमा मल नपाउनुजस्तो ठुलो विडम्बना के नै होला र ? सरकारले समयमा ध्यान पुऱ्याउन नसक्दा वा समय बाँकी नै छ भनी बसेका कारण यस वर्ष पनि किसानले मलको सास्ती झेल्नुपरिरहेको छ। मल पाइहाले पनि महँगो मूल्यमा खरिद गरी खेतबारीमा हाल्नुपरिरहेको छ। यसबारे सरकारले समयमै सोचेर सहज ढंगले किसानसम्म मल उपलब्ध गराउने व्यवस्था मिलाओस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

नेपालमै बस्ने वातावरण देऊ

त्रिविबाट दीक्षित हुनेमध्ये धेरैले स्वदेशमै बस्ने बताएको समाचार पढ्दा खुसी लाग्यो। तर, उनीहरूले अहिले जोशमा बोलिहाले पनि देशमा युवा अडिने वातावरण भने राज्यले बनाउन सकेको छैन। यहाँ अध्ययन सकिएपछि के गर्ने भन्ने कुनै भरपर्दो आधार या विकल्प छैन। जसले गर्दा लाचार भएर मन नलागे पनि विदेशै भासिएर पसिना बगाउनुको विकल्प छैन। त्यसैले, राज्यले युवालाई स्वदेशमै बस्ने वातावरण बनाउन ढिलो नगरोस्।

● **शारदा विक**
पुल्चोक, ललितपुर

नागरिक एपमा समस्या देखियो

सरकारले सञ्चालनमा ल्याएको नागरिक एपमा सरकारी तथ्यांकहरू एकीकृत रूपमा राख्ने वा हेर्न मिल्ने सुविधा राखिनु राम्रो हो। तर, नागरिक एपमा विभिन्न समस्या देखिइरहेका छन्। तर, त्यस्तो समस्या समाधानमा नागरिक एपका सञ्चालकले चासो दिएको देखिन्न। मेरो नागरिक एपमा आउने नागरिकताको प्रतिमा गाउँपालिकाको नाम नै अर्कै आउँछ। त्यसलाई सच्याउन गुनासो पनि गरिसकैं। तर, अझै पनि सच्चिएको छैन। के यस्तो समस्या समाधान हुँदैन ?

● **गौरी मैनाली**
सामाखुसी, काठमाडौं

रावलहरूको निष्कासनको अर्थ

अन्ततः एमालेमा जे नहुनुपर्ने थियो, त्यही भयो। भीम रावलजस्ता प्रखर राष्ट्रवादी र इमानदार छवि बोकेका नेतासमेत एमालेभित्र अटाएनन्। रावलको निष्कासन तथा बिन्दा पाण्डे र उषाकिरण तिम्सेनाहरूको निलम्बन प्रकरणले एमालेको नेतृत्वमा केपी ओली रहेसम्म एमालेभित्र स्वथ्य आलोचनाको कुनै ठाउँ छैन भन्ने सन्देश दिएको छ। जुन एमालेको लोकतान्त्रिक छविमा धब्बा लाउने काम हो।

भीम रावल, घनश्याम भुसाललगायत १० भाइ जसले ओलीको कार्यशैलीको विरोध गरेका थिए, उनीहरूलाई त्यहीवेलादेखि नै पाखा लगाउन लागिपरेका थिए ओली र उनका किचन क्याबिनेटका नेताहरू। ओली र उनका सहयोगीको यो शैलीले एमालेभित्र आन्तरिक लोकतन्त्र पटक्कै छैन, त्यहाँ स्वस्थ आलोचना गर्ने वातावरणसम्म छैन भन्ने तर्कको बलियो प्रमाण हो। एमाले अध्यक्ष ओली एमालेलाई चिनियाँ कम्युनिस्ट पार्टीको मोडेलमा लान चाहन्छन् भन्ने सुनिन्छ। केही दिनअघि उनले चिनियाँ कम्युनिस्ट पार्टीको नौ करोड कार्यकर्ताले नेतृत्वको आलोचना गर्दैनन् भनेका थिए।

रावलहरूको निष्कासनपछि अब एमालेमा बस्ने हो भने नेता तथा कार्यकर्ताले नेतृत्वको विरोध नगरी चुपचाप मुखमा टेप लाएर मात्र बस्नुपर्छ भन्ने सन्देश गएको छ। जसले एमालेको इतिहास र लोकतान्त्रिक चरित्रलाई नै कलंकित गराएको छ। हिजो संसद् विघटन नाजायज भयो भन्ने दश भाइलाई ठेगान लगाइयो। अहिले विवादास्पद व्यापारीबाट पार्टी भवन बनाउन अवैध किसिमले दान लिनुहुँदैन भन्ने पाण्डे र तिम्सेनालाई कारबाही गरियो। के एमालेको लोकतन्त्र यही हो त ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@nayapatrikadaily.com

भारतीय लोकतन्त्रमा विपक्षीमाथि बढ्दो आक्रमण

नेहरू आफैँले सन् १९३७ मा चाणक्य नामको छद्म नाम प्रयोग गर्दै पार्टीमा मौलाउन सक्ने अधिनायकवादी प्रवृत्तिको खतराबारे चेतावनी दिएका थिए



देश / विदेश

● अजय के मेहरा

यही १९ डिसेम्बरमा लोकसभामा विपक्षी नेता राहुल गान्धीविरुद्ध दुईजना भारतीय जनता पार्टी (भाजपा)का सांसदलाई दिल्लीको अस्पतालको आइसियूमा भर्ना हुने गरी धक्का दिएर गम्भीर चोट पुऱ्याएको आरोपमा उजुरी (एफआइआर) दर्ता गरियो। त्यसैगरी, नागाल्यान्डकी एक महिला भाजपा सांसदले राहुल गान्धीले आफूलाई दुर्व्यवहार गरेको आरोप लगाइन्। यस घटनाले सत्तारूढ भाजपा र विपक्षबिचको तनावपूर्ण सम्बन्धलाई झल्काउँछ। यसअघि १८ डिसेम्बरमा राज्यसभामा गृहमन्त्री अमित शाहले बारम्बार अम्बेडकरको नाम लिनुलाई 'फेसन' भन्दै उपहास गरेका थिए जसले विपक्षी दललाई आक्रोशित बनायो। नतिजा संसद् बाहिर विरोध प्रदर्शन भयो। गान्धीका अनुसार संसद् प्रवेश गर्ने क्रममा भाजपाका सांसदले बाटो अवरुद्ध गरेका वेलामा भएको हुलमुलमा केही सांसदलाई चोट लागेको हो। र, कांग्रेसले पनि राज्यसभाका विपक्षी नेता मल्लिकार्जुन खड्गेसमेत धक्कामुक्कीमा परेर घाइते भएका थिए भन्ने दाबी गरेको छ।

यी घटनाले सत्तारूढ भाजपा र विपक्ष विशेषतः कांग्रेसबिचको सम्बन्धमा रहेको चिसोपना नयाँ न्यूनतामा पुगेको संकेत गर्छ। यसअघि १७औं लोकसभामा राहुल गान्धीलाई निलम्बन गरिएको थियो र सर्वोच्च अदालतको आदेशपछि मात्र संसद्मा उनको पुनर्स्थापना भएको थियो। सन् २०१४ देखि नरेन्द्र मोदीको नेतृत्वमा विपक्षले निरन्तर तिरस्कारको सामना गरिरहेको छ, जहाँ मोदीले संसद्मा बारम्बार भारतका प्रथम प्रधानमन्त्री नेहरूलाई निसाना बनाउने गरेका छन्। यसबाहेक भाजपा सामाजिक सञ्जाल एकाइले राहुल गान्धीलाई 'पप्पु' भनेर उपहास गर्ने अभियान नै सञ्चालन गरिरहेको छ।

स्वतन्त्रतापछिको विपक्ष : भारतको विपक्षी राजनीतिले १९५१-५२ को पहिलो आमचुनावपछि विभिन्न उतारचढाव अनुभव गरेको छ। सन् १९५० मा संविधान लागू भएपछि नेहरूको नेतृत्वमा कांग्रेसले राजनीतिको सुरुवाती चरणमा प्रभुत्व जमायो। नेहरूले लोकतन्त्रलाई सबल बनाउन विपक्षी दललाई प्रोत्साहन गरे। आफ्नै दलभित्रका समूहलाई पनि उनले विपक्षको भूमिकामा सक्रिय गराएका थिए। नेहरू आफैँले सन् १९३७ मा चाणक्य नामको छद्म नाम प्रयोग गर्दै पार्टीमा मौलाउन सक्ने अधिनायकवादी प्रवृत्तिको खतराबारे चेतावनी दिएका थिए र प्रधानमन्त्री बनेपछि उनले लोकतान्त्रिक मूल्यप्रतिको आफ्नो त्यो प्रतिबद्धतालाई प्रमाणित गरेका थिए।

उनको यो प्रतिबद्धता मृत्युपर्यन्त कायम रह्यो। उनले राममनोहर लोहिया, आचार्य कृपलानी र पिलु मोदीजस्ता विपक्षी नेतालाई सम्मानपूर्वक व्यवहार गरेका थिए। भाजपाका प्रख्यात नेता तथा पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीले नेहरूको निष्पक्षताको निकै प्रशंसा गरेका थिए। नेहरूले बाजपेयीलाई एक प्रतिभाशाली युवा नेता भन्दै विभिन्न विदेशी प्रतिनिधिसँग परिचय गराएका थिए र सन् १९६१ मा राष्ट्रिय एकता परिषद्को सदस्यमा पनि समावेश गरेका थिए। नेहरूको आलोचना हुँदा वाजपेयीले उनलाई समर्थन गरेका थिए र उनको निधनमा भावुक हुँदै, 'एक सपना चकनाचुर भयो, एउटा गीत मौन भयो, एउटा ज्योति अनन्तमा बिलीन भयो,' भनेका थिए। इन्दिरा गान्धीको शासनकालमा सरकार र विपक्षको सम्बन्ध यथावत् नरहे पनि उनले वरिष्ठ विपक्षी नेतासँग, विशेषतः वाजपेयीसँग परामर्श लिइरहन्थिन्। राजीव गान्धीले वाजपेयीलाई स्वास्थ्योपचारका लागि अमेरिका जान सहज होस् भनेर राष्ट्र संघको एक आधिकारिक प्रतिनिधिमण्डलमा उनलाई समावेश



तस्बिर : संसद् टिभी

गरेका थिए। पिभी नरसिम्हा रावको कार्यकालमा वाजपेयीलाई संयुक्त राष्ट्र मानव अधिकार आयोगको विशेष सत्रमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्न पठाइएको थियो, जहाँ उनले जम्मु कस्मिरमा मानव अधिकार उल्लंघन भयो भन्दै भारतको निन्दा गर्न पाकिस्तानले अघि सारेको प्रस्तावको सफलतापूर्वक खण्डन गरेका थिए। सन् १९९० को दशकदेखि विपक्ष अझ बलियो बन्यो यस क्रममा क्षेत्रीय र राज्यस्तरीय पार्टीले लोकसभामा लगभग एकतिहाइ स्थान ओगटे र सन् १९८९ देखि गठबन्धन सरकार बन्न थाले। यद्यपि, सम्बन्ध प्रतिस्पर्धात्मक र सन्तुलित दुवै रह्यो।

सन् २०१४ यता : सन् २०१४ पछि भारतमा सरकार र विपक्षबिचको सम्बन्ध असामान्य रूपमा शत्रुतापूर्ण बनेको छ। प्रधानमन्त्रीले प्रायः आफ्नो भाषण नेहरूको आलोचनाबाट सुरु गर्छन् र त्यसपछि कांग्रेसमाथि लान्छना लगाउँछन्। उनले कैयौँपटक नेहरूले सरदार पटेल र अम्बेडकरजस्ता महत्त्वपूर्ण राष्ट्रिय नेतासँग गरेको व्यवहारलाई पनि विकृत ढंगले प्रस्तुत गरेका छन्। नीतिगत एवं सैद्धान्तिक भिन्नतामा झुट र अर्धसत्य मिश्रण गरेर नेहरूलाई आधुनिक भारतीय राजनीतिमा सबैभन्दा ठुलो खलनायकका रूपमा चित्रित गर्न खोजिन्छ। यसले संसदीय लोकतन्त्रका लागि अस्वस्थ वातावरण सिर्जना गरेको छ।

दोस्रो, संसद्का दुवै सदनका अध्यक्ष विपक्षी दलको उपेक्षा मात्र नगरी सरकार वा प्रधानमन्त्रीको आलोचना गर्ने कुनै पनि वक्तव्यलाई रेकर्डमा नराख्न निर्देशन दिने गर्छन्। राज्यसभा अध्यक्ष जो देशका उपराष्ट्रपति हुन् र पदाधिकारीका रूपमा यो जिम्मेवारी सम्हाल्छन्, उनी आफ्नो तटस्थ एवं पार्टीनिरपेक्ष भूमिकालाई भुल्छन्। उनी प्रायः 'केही पनि रेकर्डमा जान्न' भन्ने गर्छन्। दुवै सदनका अध्यक्षले संवैधानिक कार्यकारीको भूमिका ननिभाई पार्टी सदस्यका रूपमा काम गरिरहेका छन्।

भारतीय संसद्को इतिहासमा सबैभन्दा खराब घटना सन् २०२३ को डिसेम्बरमा भयो जब ९५ जना लोकसभा र ४६ जना राज्यसभाबाट गरी एक सय ४१ जना सांसदलाई सदनबाट निलम्बित गरिएको थियो। यो निलम्बनमा कांग्रेस नेता राहुल गान्धी पनि परेका थिए। यति लेख्दै गर्दा पनि प्रधानमन्त्री विपक्षको महत्त्वलाई बुझ्नेछन् र अन्य नेताबाट नभए पनि अटल बिहारी वाजपेयीबाट प्रेरित हुनेछन् भन्ने अपेक्षा गर्रौं।

(मेहरा भारतीय राजनीतिशास्त्री एवं शोधकर्ता हुन्)
द वायरबाट

ग्रिनल्यान्ड, पानामा र क्यानडा कब्जा गर्ने ट्रम्पको दाबी कति यथार्थपरक ?

अराजकतामा रमाउन माहिर ट्रम्पले विगतमा पनि नसोचिएका विषयलाई बहसको केन्द्र बनाएर यथार्थमा परिणत गरेको इतिहास छ



● डेभिड स्मिथ

स्मिथ गार्जियनका वासिङटन डिसी ब्युरो प्रमुख हुन् ।



> ट्रम्पले आफ्नो पहिलो राष्ट्रपतीय कार्यकालमा पनि धेरै हचुवा दाबी गरेका थिए, जुन पछि त्यसै सेलाए । उनले अमेरिकातर्फ बढिरहेका समुद्री आँधीमा आणविक बम हान्नेदेखि कोभिड संक्रमित सुईले ठिक हुनेसम्म दाबी गरेका थिए । तर, यसपटक ट्रम्प पहिलेभन्दा बढी साहसी, थप संगठित देखिन्छन् । पछिल्ला दाबी ट्रम्पले गहिरो अध्ययनपछि मात्र गरेका देखिन्छन् ।

डोनाल्ड ट्रम्पले क्रिसमसको दिन आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा आफ्नो र श्रीमती मेलानियाको फोटोसहित शुभकामना दिँदै लेखे- 'मेरी क्रिसमस' । यतिसम्म त सबैले गर्छन् । तर, नवनिर्वाचित अमेरिकी राष्ट्रपति भने त्यत्तिमै रोकिएनन् । लगत्तै अर्को पोस्ट गर्दै ट्रम्पले लेखे 'पानामा नहरलाई मायालु तर गैरकानुनी रूपमा सञ्चालन गरिरहेका चीनका अद्भूत सैनिकलगायत सबैलाई' क्रिसमसको शुभकामना दिए । त्यतिले समेत उनलाई चित्त बुझेनछ । उनले क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोको मजाक उडाउँदै उनका देशलाई ५१औँ राज्यको रूपमा कब्जा गरिने बताए । त्यसपछि उनले ग्रिनल्यान्डका जनतालाई सम्बोधन गरे । ट्रम्पका अनुसार सो टापु अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण भएकाले कब्जा गर्न आवश्यक छ । टापुका नागरिकले अमेरिका आइदियोस् भन्ने चाहेको उनले दाबी गरे । चाहनाअनुरूप 'हामी त्यहाँ आउनेछौं !' ट्रम्पले अन्त्यमा लेखेका छन् ।

यदि कुनै जड्याहा अंकलले क्रिसमस डिनरमा यस्तो दाबी गरेको भए मानिसहरूले उसलाई हाँसेर टारिदिनेथिए । तर, माथिको दाबी गर्ने ७८ वर्षीय ट्रम्प चानचुने मानिस होइनन् । उनी केही साताभित्रै विश्वको सबैभन्दा शक्तिशाली सेनाको कमान्ड सम्हाल्दै छन्, जोसँग आवश्यक पर्दा आणविक हतियार प्रयोग गर्ने विशेष कोड हुनेछ । यस्तोमा ट्रम्पका भनाइलाई हल्का लिने कि गम्भीरतापूर्वक लिने वा दुवै रूपमा लिने भन्नेमा मानिस अन्योलमा परेका छन् । उसो त ट्रम्प सनक र अस्थिरताका लागि कुख्यात व्यक्ति हुन् । तर, केहीले भने ट्रम्प कतै उनले भन्ने गरेको 'आर्ट अफ दी डिल(सम्झौताको कला)'मा आफ्नो हात माथि पार्ने प्रयासमा त छैनन् भन्ने आशंका गरिरहेका छन् । ट्रम्प देशभित्र मात्र होइन, विदेशमा पनि बलियो देखिने हेडलाइन निर्माण गर्न यस्ता तर्क दिइरहेको विचार राख्नेहरू पनि छन् ।

ग्रिनल्यान्ड किन्ने विचार ट्रम्पले पहिलोपटक व्यक्त गरेका होइनन् । यसअघि पहिलो कार्यकालमा पनि उनले सो विशाल रणनीतिक टापु खरिद गर्ने बताएका थिए । डेनमार्कको स्वामित्वमा रहेको सो क्षेत्रको खरिद गर्ने चर्चालाई धेरैले मजाकको रूपमा लिए । तर, ग्रिनल्यान्ड खरिदको ट्रम्पको प्रस्तावलाई डेनमार्काका प्रधानमन्त्री मेट फ्रेडरिकसेनले ठाडै अस्वीकार गरेपछि ट्रम्पले डेनमार्कको पूर्वनिर्धारित भ्रमण रद्द गरेपछि मानिसहरू थप चनाखो भए । ट्रम्पले गत साता डेनमार्कका लागि अमेरिकी राजदूतको नामकरण गर्दा पुनः यो ग्रिनल्यान्ड खरिदको विषय उठाए । 'ग्रिनल्यान्डको स्वामित्व र नियन्त्रण' हुनु अमेरिकी राष्ट्रिय सुरक्षाका लागि अत्यन्त आवश्यक रहेको' उनको दाबी छ । तर, यसपटक पनि डेनमार्कको स्वाशासित क्षेत्र ग्रिनल्यान्डका प्रधानमन्त्री मुटे एगेडले आफ्नो टापुमा 'बिक्रीमा नरहेको' टिप्पणी गरिसकेका छन् ।

झट्ट हेर्दा यो सबै बेतुकको राजनीतिक नाटकजस्तो देखिन्छ । तर, अराजकतामा खेल्न माहिर ट्रम्पले विगतमा पनि नसोचिएका कुरालाई बहसको विषय बनाएर यथार्थमा परिणत गरेको इतिहास छ । 'हामीले उनलाई गम्भीरतापूर्वक लिनुपर्छ । यदि उनले कोपनहेगन गएर ग्रिनल्यान्ड किन्न १० खर्ब(१ ट्रिलियन) डलरको चेक दिए भने सम्भवतः डेनिसहरू टापु बेच्न तयार हुन पनि सक्छन् । के थाहा ? ' प्रजातन्त्र पक्षधर गठबन्धन जोइनदयुनियनडट युएसकी अध्यक्ष रिड ग्यालेनले भने । यसैबिच, ट्रम्पले पानामामाथि पनि नजर लगाएका छन् । उनले सो नहर हुँदै चल्ने अमेरिकी जहाजमाथि अनुचित भन्सार शुल्क लिइएको भन्दै त्यसको आलोचना मात्र गरेनन् । पानामा नहरको स्वामित्व वासिङटनकै हातमा फिर्ता गर्ने धम्कीसमेत दिए । ट्रम्पले गत आइतबार(डिसेम्बर २२ मा) पानामाको सरकार अमेरिकी जहाजमाथि लगाइएका शुल्क हटाउन सहमत भएन भने 'हामी नहर अमेरिकाको स्वामित्वमा फिर्ता गर्न माग गर्नेछौं, त्यो पनि पूर्ण रूपमा, तत्काल र विना कुनै प्रश्न ।' उनले नहरवरिपर चीनको प्रभाव बढेको पनि संकेत गरे ।

पानामा नहर सन् १९१४ मा अमेरिकाले आन्द्र महासागर र प्रशान्त महासागरलाई जोड्नका लागि बनाएको थियो । सन् १९७७ मा एक सम्झौताअनुरूप पानामा नहरको स्वामित्व त्यहाँको सरकारलाई फिर्ता गर्नुअघि यो अमेरिकी नियन्त्रणमा थियो । पानामाका राष्ट्रपति जोसे राउल मुलिनोले ट्रम्पको धम्कीलाई खारेज गर्दै नहरको 'हरेक वर्ग मिटर' पानामा सरकारको भएको बताए । मुनिनोको भनाइको जवाफ दिँदै ट्रम्पले पुनः ट्रुथ सोसलमा लेखे : 'त्यसो हो भने हामी हेर्छौं !' पहिले यी दुई कूटनीतिक विवाद पर्याप्त नभएझैं ट्रम्पले पटक-पटक छिमेकी क्यानडालाई चिडियाइरहेका छन् । उनले क्यानडालाई अमेरिकाको ५१औँ अमेरिकी राज्य बनाउने भन्दै त्यहाँका प्रधानमन्त्री जस्टिन ट्रुडोलाई उपहासपूर्वक 'गभर्नर' सम्बोधन गरिहेका छन् । खासमा, अमेरिकाका ५० राज्यहरूमा शीर्ष निर्वाचित अधिकारीहरूलाई 'गभर्नर' भनी सम्बोधन गरिन्छ ।

ट्रम्पले आफ्नो पहिलो राष्ट्रपतीय कार्यकालमा पनि यस्ता धेरै हचुवा दाबी गरेका थिए, जुन पछि त्यसै सेलाएर गए । उनले अमेरिकातर्फ बढिरहेका समुद्री आँधीमा आणविक बम हान्नेदेखि र कोभिड संक्रमित 'ब्लिचको सुईले ठिक हुनेसम्म दाबी गरेका थिए । तर, यसपटक ट्रम्प पहिलेभन्दा बढी साहसी, थप संगठित देखिन्छन् । पछिल्लो दाबी ट्रम्पले सोचिसम्झी दिएजस्तो देखिन्छ । उनले शक्ति र दबाब कहाँ दिँदा बढी प्रभावकारी हुन्छ भन्ने बुझिसकेका छन् । साथै, उनले आफूलाई पहिलेको तुलनामा आफूप्रति बफादारले घेरेका छन् । अघिल्लो कार्यकालमा उनले ग्रिनल्यान्ड खरिद गरेमा घरजग्गा कारबोरलाई फाइदा हुने बताएका थिए । यसपटक उनी राष्ट्रिय सुरक्षाको मुद्दालाई उद्धृत गर्दै छन् । आखिर अमेरिकाको संसद्लाई राष्ट्रिय मुद्दाको विषयले बढी तान्छ ।

ट्रम्पले क्यानडा, डेनमार्क वा पनामाविरुद्ध युद्ध घोषणा गर्लान् भन्नेमा विज्ञहरू विश्वास गर्दैनन् । तर, उनले सहयोगी देशमाथि दबाब सिर्जना गरेर झिनामसिना जित हासिल गर्ने विचार गरेको हुनसक्ने तिनको विश्लेषण छ । मित्रप्रतिको कठोर व्यवहार गर्ने ट्रम्प रुसका भ्लादिमिर पुटिनलगायतका निरंकुश नेताहरूको भने बारम्बार प्रशंसा गर्छन् । पुटिनले पनि सन् २०२२ मा छिमेकी युक्रेनबाट भूमि हत्याउन सो मुलुकमाथि आक्रमण गरेका छन् । अरू देशको भूमि कब्जालाई '१९औँ शताब्दी'मा साम्राज्यवादी मुलुकबिच चल्ने 'ग्रेट गेट'को डरलाग्दो झकझल्कोको रूपमा हेरिएको छ । बाराक ओबामाको शासनकालमा ह्वाइट हाउसका वैश्विक सहकार्य निर्देशक रहेका ब्रेट ब्रुयन यस्तै मान्छन् । '२१औँ शताब्दीमा पनि हामी अझै बल प्रयोग गरेर वा दबाब दिएर अन्य देशको भूभाग खोस्ने शक्तिको चर्चा गरिरहनुपरेको छ । पुटिनले युक्रेन कब्जा गर्न खोजेको उदाहरण हामीसँग ताजै छ । उता, चीनले दक्षिण चीन सागरको ठुलो भूभाग कब्जा गर्न खोजिरहेछ ,' ब्रुयनले भने ।

हाल सार्वजनिक मामिलासम्बन्धी एजेन्सी 'ग्लोबल सिचुएसन रुम'का अध्यक्षले थपे ब्रुयनले भने, 'अब हामीमाझ ट्रम्प आएका छन्, जो ग्रिनल्यान्ड र पानामा दुवैलाई तिनको इच्छाविपरीत हातमा लिन खोजिरहेका छन् । यसले अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय स्थिरताका आधारभूत सिद्धान्तको उल्लंघन गर्दछ । यस्तो धम्कीले मात्र पनि संकटको नयाँ 'पान्डोरा बक्स' खोल्छ, जसलाई नियन्त्रण गर्न सम्भव हुँदैन । किनकि ट्रम्पले अन्य देशलाई धम्की दिन सक्छन् भने टर्कीका रिसेप तैयिप एर्दोगानले पनि त्यस्तै धम्की देलान् । साउदी अरबका मोहम्मद बिन सलमान र अरू कठोर नेता पनि त्यही लाइनमा लाग्छन् ।'

पानामाप्रति ट्रम्पको आक्रोश र समाचारमा आएअनुसार मेक्सिकोको 'नरम अतिक्रमण' गर्ने योजनाले (जसअन्तर्गत ड्रग्स कार्टेलविरुद्ध मेक्सिकोभित्रै पसेर कारबाही गर्ने विशेष सैन्य बल वा ड्रोन प्रयोगको चर्चा छ) ल्याटिन अमेरिकी नेताहरूमा अमेरिकाको तिनका क्षेत्रमा गरेको हस्तक्षेपको पुरानो सम्झना ताजा गराउन सक्छ । जवाफमा उनीहरू थप चीनतर्फ नजिकिन सक्छन् । सन् १९७३ मा अमेरिकाले प्रजातान्त्रिक रूपमा निर्वाचित चिलीका तत्कालीन समाजवादी राष्ट्रपति साल्भाडोर एलेन्डेविरुद्ध सैन्य 'कु' गर्न त्यहाँको सेनालाई उक्सायो ।

सन् १९८९ मा अमेरिकाले लागुऔषध तस्करीको आरोप लागेका सैन्य तानाशाह म्यानुएल नोरिगालाई सत्ताच्युत गर्न पानामामाथि आक्रमण नै गऱ्यो । राष्ट्रपति जर्ज एचडब्लु बुस (सिनियर बुस)ले राष्ट्रलाई सम्बोधन गर्दै यस आक्रमणको उद्देश्य अमेरिकी जीवनको रक्षा गर्ने, प्रजातन्त्र पुनर्स्थापना, नोरिगालाई न्यायको कठघरामा उभ्याउने रहेको बताएका थिए । साथै, सन् १९९९ मा पानामा सरकारले नहर पूर्ण नियन्त्रण लिनुअघि 'पानामा नहरसँग सम्बन्धित सन्धिको अखण्डता सुनिश्चित गर्नुपर्ने भएकाले' आक्रमण गरेको पनि अमेरिकाको तर्क थियो ।

विगतमा ट्रम्पले अमेरिकाको बाह्य हस्तक्षेपको कटु आलोचना गर्थे । त्यसैले उनको आकस्मिक विस्तारवादी अडानले धेरैलाई अचाम्मत बनाएको छ । उनले भियतनाम युद्धको समयमा धेरैपटक सेनामा भर्ती हुन ढिलाइ गर्ने अनुमति लिएको पाइएको छ । उनी सन् २००३ मा जर्ज डब्लु बुस इराक आक्रमणविरुद्ध उभिएका थिए । त्यस्तै, ट्रम्पले बारम्बार आफूले पहिलो कार्यकालमा अमेरिकालाई कुनै नयाँ युद्धमा नतानेकोमा गर्व गर्ने गर्छन् । उनको 'अमेरिका पहिलो' नीतिले अमेरिका अन्य देशको मामिलामा फस्न नहुने अडान लिन्छ ।

तर, मिनेसोटा विश्वविद्यालयअन्तर्गतको 'सेन्टर फर द स्टडी अफ पोलिटिक्स एन्ड गभर्नेन्स'का निर्देशक ल्यारी ज्याकब्सले भने ट्रम्पको पछिल्ला भनाइमा राष्ट्रपति रिचर्ड निक्सनको 'पागलको सिद्धान्त'को प्रतिध्वनि पाएका छन् । यस सिद्धान्तअनुसार विभिन्न तर्कहीन कुरा गरेर प्रतिद्वन्द्वीलाई अन्योल र रक्षात्मक अवस्थामा राखिन्छ । 'ट्रम्प एकपछि अर्को अपमानजनक र असम्भव धम्की दिइरहेका छन् । हामी ग्रिनल्यान्ड किन्दै छौं ? ग्रिनल्यान्ड एक सार्वभौम भूमि भएकाले यसको खरिद-बिक्री हुने कुरै उठ्दैन । त्यसैले यो दाबी हास्यास्पद छ । अनि पानामा नहरको विषय त दशकौं पहिले सल्टिसकेको विषय हो । तर, यी मुद्दा उठाएर यथास्थितिलाई बिथोल्ने र आफ्नो सरकारको बार्गेनिङ स्थिति सुधार्ने ट्रम्पको रणनीति हो । यो अराजकतासँग खेल्ने रणनीति हो, जसले अस्थिरतामा विश्वास गर्छ । तर, विश्वको सबैभन्दा शक्तिशाली पदमा पागलव्यक्ति रणनीति लागू गर्नु खतरनाक हुन सक्छ,' ज्याकब्सले भने ।

– द गार्जियनबाट

इतिहासमा आज



सन् २००६ : इराकका अपदस्थ राष्ट्रपति तथा पूर्वतानाशाह सद्दाम हुसेनलाई फाँसी । मानवताविरुद्धको अपराध गरेको अभियोगमा उनलाई झुन्ड्याएर मृत्युदण्ड दिइएको थियो । सन् १९६८ मा 'कु'मार्फत शक्तिमा पुगेका हुसेन इराकका पाँचौं राष्ट्रपति हुन् ।

सन् १८६५ : आजकै दिन अर्थात् ३० डिसेम्बर १८६५ मा प्रसिद्ध लेखक रुडयार्ड क्लिपिङको जन्म भएको थियो । भारतको मुम्बईमा जन्मिएका उनको मृत्यु ७० वर्षको उमेरमा सन् १९३६ मा १८ जनवरीमा बेलायतमा भएको थियो ।

सन् १९२२ : युनियन अफ सोभियत सोसलिस्ट रिपब्लिक स्थापना भयो । १५ गणराज्यलाई समेटेर स्थापना गरिएको सोभियत युनियनको राजधानी हालकै मस्को कायम गरिएको थियो । सन् १९९१ मा सोभियत युनियनको विघटन नहुन्जेल यो विश्वकै ठुलो देश बनेको थियो ।

सन् १९४७ : रोमानियाका अन्तिम राजा मिसेल प्रथम पदच्युत भए । रोमानियाको कम्युनिस्ट पार्टीले उनलाई पदच्युत गरेको थियो । ६ वर्षको उमेरमा सन् १९२७ मा मिसेल रोमानियाको राजगद्दीमा बसेका थिए । सन् १९३० मा पनि पदच्युत गरिएका उनलाई सन् १९४० मा पुनर्स्थापित गरिएको थियो ।

सन् १९९५ : उत्तरी स्कटल्यान्डको अल्टनाहराको तापक्रम माइनस २७ दशमलव २ डिग्री सेल्सियस मापन गरिएको थियो । यसअघि पूर्वी स्कटल्यान्डमा सन् १९८२ को १० जनवरीमा न्यून विन्दुमा झरेको थियो ।

तस्करी र भ्रष्टाचार नियन्त्रण श्रीलंकाको प्राथमिकता

कोलम्बो/ श्रीलंकाले तस्करी र भ्रष्टाचार नियन्त्रण प्रमुख प्राथमिकतामा राखेको छ । राष्ट्रपति अनुरा कुमारा दिसानायकेले लागुऔषधको ओसारपसार, भ्रष्टाचार र अवैध आप्रवासन रोक्न, एकीकृत अनुगमन महाशाखा स्थापना गर्न विमानस्थल तथा उड्डयन सेवा र श्रीलंका भन्सारका अधिकारीलाई निर्देशन दिएका छन् । अध्यागमन तथा आप्रवासन विभाग, श्रीलंका भन्सार र विमानस्थल तथा उड्डयन सेवाका प्रमुखसँग शनिबार भएको भेटमा राष्ट्रपति दिसानायकेले अधिकारीहरूलाई उक्त निर्देशन दिएका हुन् ।

अनुगमन महाशाखाले अन्य निषेधित वस्तुको प्रवेश, विमानस्थल र भन्सारमा हुने अनियमितता र देशबाट अनधिकृत रूपमा बाहिरिने कार्य रोक्न पनि ध्यान केन्द्रित गरिने जनाएको छ । राष्ट्रपतिले तस्करी रोक्न व्यावहारिक र आधुनिक प्रक्रियाको आवश्यकतामा जोड दिँदै हालको 'स्क्यानिङ' उपकरणलाई उन्नत स्क्यानरले प्रतिस्थापन गर्न निर्देशन दिए ।

एसियामा पानीको सुरक्षा र चुनौती

जापान र दक्षिण कोरियाको पानीको समस्या र त्यसको समाधान बंगलादेश, भारत वा इन्डोनेसियाको भन्दा धेरै फरक हुनुपर्छ । विभिन्न एसियाली देशहरूले सामना गरिरहेको पानी समस्याको साझा समाधान हुन सक्दैन ।



केही साताअघि बेइजिङमा सम्पन्न तेस्रो एसिया अन्तर्राष्ट्रिय जल सप्ताहको मूल उद्देश्य एसियामा जल सुरक्षामा सुधार गर्नु रहेको थियो । बैठकको प्रमुख आयोजकका रूपमा चीनको जलस्रोत मन्त्रालयअन्तर्गतको जलस्रोत तथा जलविद्युत् अनुसन्धान संस्थान (पानीसम्बन्धी अनुसन्धानका लागि विश्वको अग्रणी संस्थान)ले यस क्षेत्रको जलस्रोतलाई सुरक्षित गर्न समयसापेक्ष कदम चालेको छ ।

यदि कसैले कुनै पनि एसियाली सहरमा कुनै दिन अखबार हेर्छ भने त्यहाँ पानीसम्बन्धी मुद्दामा कम्तीमा एउटा प्रतिवेदन आउने सम्भावना छ । या त धेरै वा निकै कम पानी, पानीको अविश्वसनीय उपलब्धता, पानीको गुणस्तर सम्बन्धित मुद्दा वा सामाजिक आर्थिक र राजनीतिक संस्था वा वातावरणीय प्रभाव ।

यदि कसैले कुनै पनि एसियाली सहरमा कुनै पनि दिन अखबार छनोट गर्छ भने त्यहाँ पानीसम्बन्धी मुद्दामा कम्तीमा एउटा रिपोर्ट आउने सम्भावना छ या धेरै वा धेरै कम पानी । पानीको उपलब्धतामा अविश्वास, पानीको गुणस्तर सम्बन्धित मुद्दा वा सामाजिक आर्थिक र राजनीतिक संस्थाहरू वा वातावरणीय प्रभाव इत्यादिका विषयमा कुनै न कुनै समाचार वा लेख आउने गर्छ । ग्लोबल वार्मिङले पानी व्यवस्थापनलाई झन् जटिल बनाएको छ र समस्या समाधान गर्न धेरै गाह्रो छ ।

पानी व्यवसायी र सञ्चारमाध्यम दुवैमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पानी संकटका बारेमा प्रायः व्यापक छलफल हुन्छन् । तर, खानेपानीका सबै समस्या र समाधान स्थानीय हुन् । त्यहाँ केही साझा पक्ष हुन सक्छन् । तर, पानी समस्याको सन्दर्भ र समाधान एक देशबाट अर्कोमा भिन्न हुन्छन् । ठुला र मध्यम आकारका देशमा पानीको समस्या र त्यसको समाधान प्रायः देशको एक भागबाट अर्कोमा भिन्न हुन्छ । यो एउटा सन्दर्भ हो जसले सही समाधान निर्धारण गर्छ ।

उदाहरणका लागि चीनलाई लिनुहोस् । जनसंख्याको स्तर र संरचना, सहरीकरण, जलवायु अवस्था, वित्तीय तथा संस्थागत क्षमता, ऐतिहासिक जल व्यवस्थापनलगायत थुप्रै कारणले बेइजिङले सामना गरेको पानी समस्या र तिनका समाधान भित्री मंगोलिया स्वायत्त क्षेत्रले सामना गरेको समस्याभन्दा फरक हुन सक्छ । तदनुसार, चीनको एक भागमा धेरै राम्रो काम गर्न सक्ने समाधान वा अभ्यासका उपायले देशको अन्य भागमा काम नगर्न सक्छ ।

लगभग तीनदेखि चार दशक पहिले पानीसम्बन्धी विज्ञहरूले महसुस गरे कि समाधानको सन्दर्भमा एउटै सूत्र सबै परिवेशमा फिट हुँदैन । त्यति हुँदाहुँदै पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै संस्थाहरूले अझै पनि समस्याको सन्दर्भलाई ध्यान नदिई पानीको समस्याको विश्वव्यापी समाधान प्रस्ताव गरिरहेका छन् । अनौठो मान्नुपर्दैन कि यी विश्वव्यापी समाधान प्रायः असफल भएका छन् ।

प्रत्येक एसियाली देश वा एक देशको विभिन्न भागका पानीजन्य समस्या ती देशका लागि विशिष्ट छन् । र, यसलाई एक विश्वव्यापी रूपमा समाधान हुने अवस्थाको रूपमा सामान्यीकरण गर्न सकिँदैन । जापान र कोरिया गणतन्त्रलाई हेर्नुहोस् । तिनीहरूका लागि एक महत्त्वपूर्ण पानीसम्बन्धी मुद्दा हालैका दशकमा ती देशको लगातार घट्दो जनसंख्या हो, जसका कारण यी दुई देशले विशेष गरी मध्यम आकारका सहरी केन्द्रमा पानीको उपयोगिता घटाउने उपाय खोजिरहेका छन् ।

देशको जनसंख्या बढ्दै जाँदा पानीको उपयोगिता क्रमशः विस्तार गर्नुपर्‍यो । बढ्दो प्रयोगकर्ताका लागि बढ्दो पानी आपूर्ति प्रदान गर्न व्यापार मोडेल विकसित गरिएको थियो । यसको विपरीत बंगलादेश, ब्रुनाई, भारत, इन्डोनेसिया र मलेसियाजस्ता एसियाली देशमा जनसंख्या लगातार बढिरहेको छ र उचित माग व्यवस्थापन नीतिको अभावमा सबै उद्देश्यका लागि पानीको आवश्यकता बढ्दै गएको छ ।

तसर्थ, जापान र दक्षिण कोरियाको पानी समस्या र तिनको समाधान बंगलादेश, भारत वा इन्डोनेसियाको भन्दा धेरै फरक हुनुपर्छ । विभिन्न एसियाली देशले सामना गरिरहेको पानी समस्याको साझा समाधान हुन सक्दैन । यस सन्दर्भमा सन् २००० पछिको अवधिमा चीनको जल व्यवस्थापन नीति र अभ्यासमा उल्लेखनीय परिवर्तन आएको छ । सन् २००० सम्म चीनको जल व्यवस्थापन एसियाका अन्य विकासशील देशहरूको जस्तै थियो ।

तर, सन् २००० पछिको विकासले चीनको पानी व्यवस्थापन अभ्यासमा आमूल सुधार गरेको छ । उदाहरणका लागि २००० पछिको अवधिमा अन्य धेरै विकासशील देशहरूको तुलनामा चीनका शीर्ष नीति-निर्णयकर्ताहरूले पानीसम्बन्धी समस्यालाई सम्बोधन गर्न निरन्तर ध्यान केन्द्रित गरेका छन् । राष्ट्रपति सी जिनपिङले पानी र वातावरणसम्बन्धी मुद्दाको महत्त्व र तिनलाई सम्बोधन गर्ने उपाय निरन्तर रूपमा उजागर गर्दै आइरहेका छन् । यो चासो यस वर्षको सुरुमा जलस्रोत मन्त्रालयद्वारा प्रकाशित वाटर गभर्नेन्स इन चाइना - पर्सपेक्टिभ्स अफ सी जिनपिङ नामक पुस्तकमा देख्न सकिन्छ । पानी व्यवस्थापन अभ्यास चीनको संस्कृति, वास्तविक अवस्था र विकास आवश्यकतासँग मेल खानुपर्छ । हालैका वर्षहरूमा चीनले बनाएका र लागू गरेका धेरै नयाँ जल व्यवस्थापन अभ्यासमध्ये स्पन्ज सिटी, नदी प्रमुख, डिजिटल ट्विन, चीनका 'मातृ नदी'को पुनरुत्थान र पानीको गुणस्तरमा सुधार समावेश छन् ।

पानीमा निरन्तर उच्चस्तरीय राजनीतिक चासोको प्रत्यक्ष परिणामको रूपमा चीनको व्यवस्थापन अभ्यास विगत दुई दशकमा आमूल सुधार भएको छ । फलस्वरूप, देशले आफ्नो जल-व्यवस्थापन अभ्यासलाई औसत विकासोन्मुख देशको अवस्थाबाट विश्वको सबैभन्दा नवीन र प्रभावकारी बन्न सुधार गरेको छ । तेस्रो एसिया अन्तर्राष्ट्रिय जल सप्ताहले अन्य एसियाली देशका सहभागीहरूलाई चीनको पानी व्यवस्थापनमा विगत दुई दशकमा उल्लेखनीय सुधार भएको कुरा प्रतिबिम्बित गर्ने अवसर प्रदान गरेको छ । दुई महत्त्वपूर्ण सर्त पूरा भएमा एसियाको पानी समस्या समाधान गर्न सकिन्छ । पहिलो, पानीको समस्यालाई राष्ट्रिय नेताहरूले बलियो र निरन्तर ध्यान दिनुपर्छ । दोस्रो, प्रत्येक देशले आफ्ना राष्ट्रिय विशेषता प्रतिबिम्बित गर्ने खालका समाधानका उपाय विकास गर्नुपर्छ । एसियाली देशहरूले यी दुई सर्त पूरा गर्न सकेमा आगामी दुई दशकमा आ-आफ्नो पानीको समस्या समाधान गर्न सक्छन् ।

–चाइना डेलीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १५ पुस ०८१

एक अर्बभन्दा ठुला परियोजनामा लगानी गर्न ५० अर्बको कोष बनाउने तयारी

ठुला परियोजनामा वैकल्पिक वित्त जुटाउन स्वायत्त कोष बनाउने सम्बन्धमा विधेयक तयार गर्दै अर्थ मन्त्रालय

पवन तिमिल्सिना/ नयाँ पत्रिका

सरकारले एक अर्बभन्दा ठूला परियोजनामा लगानी गर्न वैकल्पिक वित्तमार्फत लगानी जुटाउन स्वायत्त कोष खोल्ने व्यवस्थासहितको विधेयक ल्याउने तयारी गरेको छ। अर्थ मन्त्रालयले विधेयकको मस्यौदा तयार गरी छलफलसमेत अघि बढाइसकेको छ।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले गत ३१ असारमा पदभार ग्रहण गरेलगत्तै पहिलोपटक वैकल्पिक वित्तसम्बन्धी कार्यविधि स्वीकृत गरेका थिए। यद्यपि, यसलाई ऐनकै रूपमा अघि बढाउनुपर्नेमा कर्मचारीले जोड दिएपछि मन्त्रीले विधेयकको मस्यौदा नै अघि बढाउन निर्देशन दिएका थिए। गत २४ मंसिरमा प्रारम्भिक चरणमा मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा छलफल भएको थियो।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईका अनुसार वैकल्पिक विकास वित्तले पूर्वाधार क्षेत्रको प्राथमिकीकरण, पूर्वाधार लगानीका लागि स्वदेशी तथा विदेशी स्रोतको व्यवस्थालगायतमा सहयोग गर्छ। उनले भने, 'पारम्परिक सरकारी बजेट र वित्तीय स्रोतहरू ठूला र दीर्घकालीन परियोजनाका लागि पर्याप्त नहुन सक्छन्। यस सन्दर्भमा वैकल्पिक वित्तीय स्रोतहरूको प्रयोग गरेर नेपालका महत्त्वपूर्ण पूर्वाधार तथा उत्पादनशील परियोजनालाई गति दिन आवश्यक देखिएको छ।'

मस्यौदाअनुसार प्रस्तावित कोषले कुनै परियोजना विशेषका लागि कुनै लगानीकर्ता वा सर्वसाधारणबाट स्वपुँजी (इक्विटी) वा ऋण वा क्राउड फन्ड उठाएर वैकल्पिक वित्त परिचालन गर्न सक्छ। कोषले जुटाएको वित्तीय स्रोत सरकारको पूर्ण वा आंशिक स्वामित्वका संगठित संस्थानले कार्यान्वयन गर्ने राष्ट्रिय प्राथमिकताका परियोजनामा लगानी गर्नुपर्ने मस्यौदामा उल्लेख छ। निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्ने प्रस्तावमा उल्लेख छ। कोषको बहालवाला सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा त्यस्तो पदाधिकारी बहाल हुनुभन्दा कम्तीमा तीन वर्षअघि आधारभूत सेयरधनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने परियोजनामा लगानी गर्न नपाइने प्रस्तावमा व्यवस्था छ।

■ विदेशी नागरिकलाई सिइओ बनाउन सकिने

प्रस्तावित मस्यौदाअनुसार विदेशी मुलुकका जुनसुकै नागरिकलाई पनि कोषको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त गर्न मिल्ने व्यवस्था छ। यद्यपि, यो ऐन लागू भएपछिको पहिलोपटकलाई मात्रै मान्य हुने प्रस्तावमा उल्लेख छ। मस्यौदाअनुसार कोषको अध्यक्षता अर्थमन्त्री वा अर्थसचिवले गर्नेछ। त्यसबाहेक पाँचजना सेयरधनी सञ्चालक बस्ने र उनीहरूको कार्यावधि चार वर्षको रहनेछ।

■ कोषको पुँजी ५० अर्ब

प्रस्तावित विधेयकअनुसार कोषको अधिकृत पुँजी ५० अर्ब र चुक्ता पुँजी १० अर्ब रुपैयाँको हुनेछ। प्रस्तावित कोषमा सरकारको सेयर स्वामित्व ३५ प्रतिशत र अन्तर्राष्ट्रिय वित्तीय संस्था वा विदेशी बैंक तथा वित्तीय संस्थाबाट २५ प्रतिशत रहने उल्लेख छ। त्यस्तै, अवकाश कोष वा कोष व्यवस्थापक वित्तीय संस्थाको स्वामित्वमा १५ प्रतिशत सेयर कायम हुनुपर्ने प्रस्तावमा छ। जीवन बिमा कम्पनी र निर्जीवन बिमा कम्पनीको स्वामित्व १० प्रतिशत र सर्वसाधारणलाई जारी हुने सेयरको हिस्सा १५ प्रतिशत कायम रहनुपर्ने प्रस्तावित मस्यौदामा उल्लेख छ।

■ संघ र प्रदेश सरकारबाट जमानत लिई ऋणपत्र जारी गर्न सक्ने

कोषले संघ, प्रदेश सरकार, कुनै संगठित संस्था वा परियोजनाका तर्फबाट जमानत लिई ऋणपत्र जारी गरी वित्त परिचालन गर्न सक्ने प्रस्तावित विधेयकको मस्यौदामा उल्लेख छ।

विधेयकको प्रारम्भिक मस्यौदाका विशेषता

- **५० अर्बको अधिकृत पुँजी र १० अर्ब चुक्ता पुँजी भएको कोष स्थापना गर्ने**
- **एक अर्बभन्दा बढी लागत अनुमान भएको परियोजनामा लगानी गर्न पाउने**
- **सरकारका पूर्ण वा आंशिक स्वामित्व भएका संगठित संस्थाले कार्यान्वयन गर्ने र सार्वजनिक-निजी साझेदारीका राष्ट्रिय प्राथमिकताप्राप्त परियोजनामा लगानी गर्न पाउने**
- **ऐन लागू भएपछिको पहिलोपटकमा विदेशी नागरिकलाई सिइओ नियुक्ति दिन पाउने**
- **कोषले जारी गरेको वित्तीय उपकरणमा कुनै व्यक्ति वा दम्पतीले वार्षिक रूपमा गरेको दुई लाख रुपैयाँसम्मको लगानीमा त्यस्तो रकमको करयोग्य आयमा शतप्रतिशत कर छुट हुने**
- **संस्थागत लगानीकर्ता वा संगठित संस्थाले आयकर कट्टा गरी कायम रहेको आयको २० प्रतिशतसम्म लगानी गरेमा त्यस्तो लगानीबाट प्राप्त हुने आयमा आयकर गणना गर्दा ५० प्रतिशतसम्म कर छुट हुने**
- **हरित क्षेत्रका परियोजनाका लागि कोषले जारी गर्ने वित्तीय उपकरणमा नेपाल सरकारले विशेष छुट र सुविधा दिन सक्ने**
- **बैंक तथा वित्तीय संस्थाबाट लिनेभन्दा कम धितो दर्ता दस्तुर लिने।**



■ कोषमा प्रस्तावित लगानीको संरचना

साझेदार	सेयर हिस्सा
सरकार	३५%
विदेशी बैंक तथा वित्तीय संस्था	२५%
अवकाश कोष वा कोष व्यवस्थापक वित्तीय संस्था	१५%
जीवन बिमा र निर्जीवन बिमा कम्पनी	१०%
सर्वसाधारण	१५%
जम्मा सेयर	१००%

कोषले हाइपोथिकेसन धितो लिई परियोजना लगानी गर्न सक्नेछ। हाइपोथिकेसन धितो भन्नाले मालवस्तुको स्टकको भोगाधिकार सम्बन्धित ऋणीमै कायम रहने खालको धितो हो। त्यस्तै, कोषले नेपाल राष्ट्र बैंक, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा विदेशी बैंक तथा वित्तीय संस्थाबाट ऋण वा अनुदान रकम प्राप्त गर्न सक्ने उल्लेख छ। मुलुकभित्र वा विदेशी पुँजी बजारमा ऋणपत्र तथा स्वपुँजीमिश्रित वित्तीय उपकरण जारी गरी ऋण वा स्वपुँजी उठाउन पनि सक्ने प्रस्ताव अर्थ मन्त्रालयको छ। ऋणपत्र वा डिबेन्चर मुलुकभित्र वा विदेशी पुँजी बजारमा सूचीकृत गरी धितोपत्र बजारमा खरिद-बिक्री गर्ने वा तरलता बजार विकास गर्नेसम्मको अधिकार कोषलाई दिइने भनिएको छ।

विकासको उच्च आकांक्षालाई सम्बोधन गर्छ : अर्थमन्त्री पौडेल



काठमाडौं/ उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासको उच्च आकांक्षालाई सम्बोधन गर्न सरकारले वैकल्पिक विकास वित्तको तयारी गरेको बताएका छन्। राजस्व, वैदेशिक सहयोग र ऋणमा आधारित परम्परागत स्रोतले मात्र वित्त व्यवस्थापन र विकासको तीव्र आकांक्षा तथा चाहनालाई सम्बोधन गर्न चुनौतीपूर्ण रहेको उनको भनाइ छ। उनले भने, 'त्यसैले दीर्घकालीन विकासको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी वैकल्पिक विकास वित्तका निम्ति सार्थक र प्रभावकारी कदम चाल्न वैकल्पिक विकास वित्त व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयारी गरेका छौं र यसलाई छिट्टै कानुनी प्रक्रियामा प्रवेश गराउँदै छौं।' उनले नेपालको तीव्र विकासका लागि नयाँ सोच र दृष्टिकोणका साथ अघि बढ्न आवश्यक रहेको बताउँदै वैकल्पिक विकास वित्तबाट थप स्रोत जुटाउन र लगानी गर्न महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे।

कुनै संगठित संस्था वा परियोजनाले कुनै पूर्वाधार संरचना परियोजना कार्यान्वयन गर्न रकम जुटाउन अनुरोध गरेमा वित्तीय अन्तरमध्यवर्ती निकाय (इन्टर मेडियटरी एजेन्सी)का रूपमा काम गर्ने प्रस्तावित मस्यौदामा उल्लेख छ। कोषले ऋण वा जमानत प्रदान गरेको परियोजनाको अनुगमन गर्ने वा परियोजना कार्यान्वयनका लागि आवश्यक कारबाहीसमेत गर्न सक्नेछ।

■ लगानीकर्तालाई छुट दिएर आकर्षित गरिने

कोषले जारी गर्ने ऋणपत्र वा वित्तीय उपकरणमा लगानी गर्ने व्यक्ति वा दम्पतीलाई कर छुट दिएर आकर्षित गर्ने प्रस्ताव अर्थ मन्त्रालयको छ। वार्षिक रूपमा गरेको दुई लाख रुपैयाँसम्मको लगानीमा त्यस्तो रकमको करयोग्य आयको गणना गर्दा शतप्रतिशत कर छुट हुने प्रस्तावित व्यवस्था छ। यद्यपि, यसका लगि कम्तीमा तीन वर्षसम्म निरन्तर लगानी रहेको हुनुपर्ने सर्त छ।

कोषले जारी गरेको विभिन्न ऋणपत्रलाई सरकारले जारी गरेको विकास ऋणपत्र वा नागरिक बचतपत्र वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्रसरह व्यवहार गरिने प्रस्तावमा उल्लेख छ। यस्ता उपकरण धितोपत्र बजारमा सूचीकृत भई दोस्रो बजारमा किनबेचको व्यवस्था गर्न पनि प्रस्ताव गरिएको छ।

कोषले जारी गरेका विभिन्न वित्तीय उपकरणमा लगानी गर्ने संस्थागत लगानीकर्तालाई पनि करमा राहत दिने व्यवस्था प्रस्ताव गरिएको छ। आयकर कट्टा गरी कायम रहेको आयको २० प्रतिशतसम्म लगानी गरेमा त्यस्तो लगानीबाट प्राप्त हुने आयमा आयकर गणना गर्दा ५० प्रतिशतसम्म कर छुट हुने उल्लेख छ।

हरित क्षेत्रका परियोजनाका लागि कोषले जारी गर्ने वित्तीय उपकरणमा सरकारले विशेष छुट र सुविधा दिन सक्ने प्रस्तावमा उल्लेख छ। कोषले कुनै परियोजनामा लगानी गर्दा लगानी सुरक्षणबापत लिएको धितोको रजिस्ट्रेसन पारित गर्नुपर्ने सम्झौता, करार वा धितोपत्रबापत सरकारले बैंक तथा वित्तीय संस्थालाई भन्दा कम हुने गरी दस्तुर तोक्न सक्ने प्रस्तावित व्यवस्थामा उल्लेख छ। कोषले सुरक्षणबापत लिएको सम्पत्ति वा परियोजना हक हस्तान्तरण नहुने गरी रोक्का राख्न वा सुरक्षणबापत लिएको सम्पत्ति ऋण असुली नभएको कारणले आफ्नो नाममा हस्तान्तरण गर्न अनुरोध गरेमा यसमा रजिस्ट्रेसन, रोक्का वा दाखिला खारेजबापत कुनै शुल्क नलाग्ने मस्यौदामा उल्लेख छ।

■ नागढुंगा सुरुङमार्ग
८४% सकियो भौतिक काम

'सिआरसिपी' प्रविधिबाट कंक्रिट सडक निर्माण हुँदै, ५० वर्षसम्म टिक्ने



मिलन विश्वकर्मा/ नयाँ पत्रिका

'सिस्नेखोला-नागढुंगा' सुरुङमार्ग परियोजनाको भौतिक प्रगति करिब ८४ प्रतिशत सम्पन्न भएको छ। जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले डिसेम्बर २०२० (पुस ०७७) देखि खन्न सुरु गरेको सुरुङको चार वर्षमा ८३.७५ प्रतिशत भौतिक प्रगति भएको हो। आयोजना कार्यालयले आइतबार सार्वजनिक गरेको पछिल्लो प्रगति विवरणले वित्तीय प्रगति भने ७६.६८ प्रतिशत पुगेको छ। करिब २३ अर्ब लागत रहेको परियोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १७ अर्ब १५ करोड सहुलियत ऋण उपलब्ध गराएको छ। बाँकी पाँच अर्ब ६७ करोड नेपाल सरकारले लगानी गरेको छ।

ठेक्काको म्याद थप गरेर २५ अक्टोबर २०२५ (८ कात्तिक ०८२) सम्म पुऱ्याइएको छ। यही गतिमा निरन्तर काम गर्न सकेमा ०८२ असोजभित्र परियोजना सञ्चालनमा आउने आयोजनाले जनाएको छ।

परियोजनामा मुख्यतः मुख्य र रेस्क्यु गरेर दुई सुरुङमार्ग हुनेछन्। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख र २५५७ मिटरको रेस्क्यु टनेल भने २२ साउन ०८० मा छिचोलिएको थियो। त्यसपछि मुख्य टनेल र क्रस प्यासेजमा कंक्रिट लाइनिङ (भित्ता र सिलिङको ढलान-कंक्रिटिङ)को काम सम्पन्न भएको छ। साथै, भुइँ अर्थात् सडकको लेन ढलान गर्ने काम पनि औसतमा ३०.७२ प्रतिशत सकिएको छ।

आयोजना कार्यालयका अनुसार यसको लेनलाई अन्य सडकमा जसरी कालोपत्र गरिएको छैन। मुख्य टनेलको लेनलाई 'कन्टिन्युस्ली रिइन्फोर्स्ड कंक्रिट पेबमेन्ट' (सिआरसिपी) प्रविधिबाट कंक्रिट गरिँदै छ। जापानबाट ल्याइएको मेसिनबाट गरिएको कंक्रिटमा दुई तह '२० एमएम'का स्टिल राखेर ३० सेन्टिमिटरको मोटाइमा गरिएको छ। जमिनमा आउने हलचल (मोमेन्ट)लगायतका कारण सुरुङभित्रका जमिन चर्किने-फाट्नेलगायतका समस्या आउन सक्छन्। तर, यो प्रविधिबाट सडक कंक्रिट गर्दा जमिन चर्किने तथा फाट्ने जोखिम नहुने बताइएको छ।

हालसम्म मुख्य टेनलमा ९३५.५० मिटर सडक लेन सिआरसिपीमार्फत कंक्रिट गरिएको छ। मुख्य टनेल दुई हजार ६ सय ८८ मिटरको छ। यस्तै, सुरुङबाहिरको सडक लेनलाई भने 'रिइन्फोर्स्ड कंक्रिट पेबमेन्ट' (आरसिपी) प्रविधिमा कंक्रिट गरिँदै छ। यसअन्तर्गत दुई हजार आठ सय मिटर सडक लेन कंक्रिट गर्नुपर्नेछ, त्यसमा हालसम्म ५५१.२० मिटर सडक लेन कंक्रिट गरिएको छ।

यस्तै, सुरुङभित्र र बाहिरको सडक जोडिने ठाउँमा भने 'जोइन्ट रिइन्फोर्स्ड कंक्रिट पेबमेन्ट' (जेआरसिपी) प्रविधिमा कंक्रिट गरिँदै छ। यसअन्तर्गत ९८३.८२ मिटर सडक कंक्रिट गर्नुपर्नेछ। त्यसमा हालसम्म ५०१.४० मिटर सडक कंक्रिट गरिसकिएको छ।

यो प्रविधिबाट सडक लेन कंक्रिट गर्दा ५० वर्षसम्म टिक्ने विश्वास गरिएको आयोजनाका इन्जिनियर रमेश कोइरालाले जानकारी दिए। 'सम्झौताअनुसार यो प्रविधिको कंक्रिट सडक ३० वर्षसम्म टिक्नुपर्छ। तर, ५० वर्षसम्म टिक्छ भन्ने विश्वास गरेका छौं,' उनले भने, 'यो प्रविधिमा जापानमा निर्माण गरिएको सुरुङभित्रका सडक लेन ५०-६० वर्षसम्म नै टिकेको पाइएको छ।'

बाहिरको मौसम (घाम, हावा, पानी तथा तापक्रम)ले पनि सडकको आयु प्रभावित भइरहेको हुन्छ। तर, सुरुङभित्र घामपानी पर्दैन। त्यसले गर्दा सुरुङभित्रको कंक्रिट संरचना लामो समयसम्म टिकाउन सकिने प्राविधिक बताउँछन्।

सुरुङमार्ग सञ्चालन गर्न दुवैतर्फ 'कन्ट्रोल बिल्डिङ' पनि बन्दै छन्, त्यसको सिभिल निर्माणको काम पनि सकिएको छ। हाल त्यसको फिनिसिङ र भवनभित्र आवश्यक उपकरणहरू जोड्ने काम भइरहेको छ।

यसअन्तर्गतको मुख्य टनेल र क्रस प्यासेजमा कंक्रिट लाइनिङ (भित्ता र सिलिङको ढलान-कंक्रिटिङ)को काम सम्पन्न भएको छ। २६ सय ८८ मिटर लामो मुख्य टनेल, लगभग १८ मिटर लम्बाइका सात क्रस प्यासेज (मुख्य र रेस्क्यु टनेल जोड्ने सुरुङ) र रेस्क्यु टनेलका केही खण्ड गरेर कुल २८ सय १२ मिटर खण्डमा कंक्रिट लाइनिङ गरिएको हो।

नेप्से परिसूचक २१ अंकले घट्यो

काठमाडौं/ साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २१.१२ अंकले घटेर दुई हजार ६०९.५८ विन्दुमा रोकिएको छ। आइतबार तीन सय १६ कम्पनीको एक करोड १० लाख ९९ हजार दुई सय ३९ कित्ता सेयर खरिद-बिक्री हुँदा पाँच अर्ब ४७ करोड ४८ लाखबराबरको कारोबार भएको छ।

सो दिन लघुवित्त १.१२, म्युचुअल फन्ड ०.१८ र अन्य समूह ०.२९ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

वित्त समूह सबैभन्दा धेरै ४.४७ र विकास बैंक समूह २.६५ प्रतिशतले घटेको छ। बैंकिङ ०.८७, होटेल तथा पर्यटन ०.६१, जलविद्युत् १.७३, लगानी ०.६६, जीवन बिमा ०.२९, उत्पादन तथा प्रशोधन ०.८१, निर्जीवन बिमा ०.१२ र व्यापार समूह १.०३ प्रतिशतले घटेको छ।

आइतबार पाँचवटा कम्पनीको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। सपोर्ट माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो। महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र सेयर संख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको २६ करोड १० लाख ८२ हजार ६ सय ६४ बराबरको १० लाख ६५ हजार ६ सय ५५ कित्ता सेयर किनबेच भएको छ।

Local Government
Indrawati Rural Municipality
Office of the Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

Intention to Award

Date of Publication:- 2081-09-15

1. Pursuant to rule no 31(Ja), Sub-rule no 5 of Public Procurement Regulation, 2064, it is notified to all concerned bidders that the financial bid of works mentioned below will be opened on 2081-06-22 1:00 Pm at Indrawati Rural Municipality Office, Sindhupalchok.

S. N.	Contract ID.	Description and Location of Works	Substantially Responsive Bidders in Technical Evaluation
1	IRMSI/W /NCB/ 081/082-20	Blacktop at Aaptar-Dumundada-Deurali-Gahate Sadak, Indrawati 7, 8 & 12, Sindhupalchowk	1. M/S Thamserku-Moktan JV, Nomobudha-9, Kavre 2.M/S Jalpadevi Nirman Sewa, Mirkot-8, Gorkha 3.M/S Gaura-Sudeshna JV, Melamchi-13, Sindhupalchok

2. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifing to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intented to award the contract.

S. N.	Contract No.	Name of Work	Name and Address of bidders	Bid Price NRs. (including VAT & PS)
1	IRMSI/W/ NCB/ 081/082-17	Roadway at BaseriPurmi Wada Karyalaya Ghimere Tol Sadak, Indrawati 1, Sindhupalchowk	M/S Alan Nirman Sewa, Simpal Kavre -2, Sindhupalchok	33,46,547.11

Chief Administrative Officer

टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड
का.म.न.पा.-२२, खिचापोखरी, काठमाडौं
फोन नं. ०१-५३२१७७७

चौथो वार्षिक साधारण सभा स्थगित भएको सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१।०९।१५)

श्री शेयरधनी महानुभावहरु,

यस टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडको चौथो वार्षिक साधारण सभा २०८१/०९/२३ गते मंगलबार (तदनुसार जनवरी ७, २०२५), विहान ११:०० बजे, कालीमाटी व्यैड्केट, कालीमाटी, काठमाडौंमा बस्ने भनी साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरु सहितको सूचना मिति २०८१।०९।०२ र २०८१।०९।०९ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित भएकोमा मिति २०८१/०९/१२ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको प्राविधिक कारणले गर्दा अर्को सूचना प्रकाशित नभए सम्मको लागि उक्त मिति २०८१/०९/२३ गते मंगलबार बस्ने भनिएको साधारण सभा स्थगित भएको व्याहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी गराउँदछु।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

गोकर्णेश्वर नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
जोरपाटी, काठमाडौं

संस्थागत विद्यालयको स्थान र गुठियार परिवर्तन सम्बन्धमा ३५ दिनको दावी विरोध सम्बन्धी सूचना

१) **समता शिक्षा निकेतन गोकर्णेश्वर ६** ले विद्यालयको स्थान परिवर्तन गरी *साविकको जोरपाटी गा.वि.स वडा नं ३, हाल गोकर्णेश्वर नगरपालिका वडा नं ६ बाट स्थान परिवर्तन गरि गोकर्णेश्वर नगरपालिका, वडा नं ५ नारायणटार कायम गर्न,* २) ***ग्रिनसिटी मन्टेश्वरी स्कुल निजी शैक्षिक*** गुठी गोकर्णेश्वर ७ ले विद्यालयको गुठियारहरु *श्री विनोद खनाल मेलम्ची ४ सिन्धुपाल्चोक, (श्री रामप्रसाद मरासिनी मरेङ ८ अर्घाखाँची, श्री जमुना भुसाल, कावासोती ६ नवलपरासी र श्री सावित्रा मरासिनी, मरेङ ८ अर्घाखाँची* समेत ४ जनाको नाममा रहेकोमा *श्री विनोद खनाल मेलम्ची ४ सिन्धुपाल्चोक, श्री जमुना भुसाल, कावासोती ६ नवलपरासी, श्री मोहिनी क्षेत्री(कार्की) मेचीनगर १३ झापा र श्री चण्डिका चौलागाईं मेलम्ची ५ (सिन्धुकोट ७) सिन्धुपाल्चोक* समेत कायम गर्न निवेदन प्राप्त भएकोले सो सम्बन्धमा कुनै व्यक्ति वा संघ संस्थाको कुनै किसिमको दावी विरोध भएमा यसै सूचनालाइ आधार मानि यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा लिखित निवेदनसाथ सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समयसिमाभित्र दावी विरोध प्राप्त नभएमा निवेदकको मागबमोजिम भइजाने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

ताप्लेजुङमा बढ्दै विदेशी पर्यटक

■ गत आवमा एक हजार ८५ विदेशी पर्यटक आएकामा चालू आवको मंसिरसम्म ८७७ जना पर्यटक भित्रिए



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङमा विदेशी पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ। प्रचारप्रसार तथा भौतिक संरचनाको अभावका कारण पछि परेको ताप्लेजुङको पर्यटन क्षेत्रले सकारात्मक गति देखाउन थालेको हो।

जिल्लामा सात हजार मिटरभन्दा माथिका हिमालहरू एक दर्जनभन्दा बढी छन्। पछिल्लो समय विदेशी पर्यटकको संख्या बढेको कञ्चनजंघा संरक्षण क्षेत्रको अभिलेखमा उल्लेख छ। संरक्षण क्षेत्र कार्यालयका अधिकृत प्रमोदकुमार यादवले पछिल्ला पाँच वर्षको तथ्यांक नियाल्ने हो भने हरेक वर्ष विदेशी पर्यटकको आगमनमा वृद्धि हुँदै गएको बताए।

अधिकृत यादवका अनुसार आर्थिक वर्ष ०७६/७७ को एकवर्ष अवधिमा ६ सय आठ विदेशी पर्यटक कञ्चनजंघा आएका थिए। कोरोना संक्रमणको मुख्य अवधि आव ०७८/७९ मा दुई सय ६ जना मात्र आउँदा आव ०७९/८० मा सो संख्या बढेर सात सय १३ पुग्यो।

कोरोना संक्रमण नियन्त्रण भएपछि यहाँ आउने विदेशी पर्यटकको संख्यामा बर्सेनि वृद्धि हुँदै गइरहेको संरक्षण अधिकृत यादवले बताए। आव ०८०/८१ मा एक हजार ८५ विदेशी पर्यटक ताप्लेजुङ आउँदा चालू आवको मंसिरसम्ममा सो संख्या आठ सय ७७ पुगेको छ। पहिलो सिजनमा उल्लेख्य मात्रामा पर्यटक आएका उनले बताए।

पर्यटनका लागि मुख्य दुई सिजन उपयुक्त मानिन्छ। चैत-जेठ (पहिलो सिजन) र भदौ-मंसिर (दोस्रो सिजन)मा विदेशी पर्यटक पदयात्राका लागि आउने गरेका छन्। कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का कार्यालय सचिव मनकुमार लिम्बूले सिजनको पहिलो अवधिमै उत्साहजनक रूपमा विदेशी पर्यटक आएको बताए।

ताप्लेजुङ आउने पर्यटक सबैभन्दा बढी कञ्चनजंघा हिमाल जान केन्द्रित हुने गरेको पर्यटन व्यवसायी बताउँछन्। कञ्चनजंघा विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो हिमाल (आठ हजार ५ सय ८६ मिटर) हो। कञ्चनजंघा जान तीनवटा पदमार्ग प्रयोग हुँदै आएका छन्। सदरमुकाम फुङलिङबाट फक्ताङलुङ गाउँपालिकामा पर्ने सिँवा-छिरुवा-तापेथोक-घुन्सा हुँदै जान सकिन्छ। तापेथोकसम्म सवारीमा जान सकिन्छ भने त्यस उताको भागमा पैदलयात्रा गर्नुपर्छ।

कञ्चनजंघा जाने अर्को पदमार्ग सुकेटार हुँदै सिरिजंघा गाउँपालिकाको सिकैचा-तेल्लोकको माथिल्लो भाग-पेदाङ, फुम्पेडाँडा-मामांखे हुँदै याम्फुदिन हो।

तेस्रो पदमार्ग भनेको पाँचथरको गणेशचोक-दाहालगाउँ-सिनाम-आम्बेगुदिन-हप्बुखोला-खेबाङ हुँदै याम्फुदिनसम्म रहेको कञ्चनजंघा संरक्षण क्षेत्र परिषद्ले जनाएको छ।

वार्षिकोत्सवमा ग्लोबल आइएमईद्वारा ३५ छात्रालाई छात्रवृत्ति प्रदान



काठमाडौं/ ग्लोबल आइएमई बैंकले आफ्नो १८औँ वार्षिकोत्सवको अवसरमा ३५ छात्रालाई छात्रवृत्ति प्रदान गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत छात्रालाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको हो। बैंक १८ पुसदेखि स्थापनाको १८औँ वर्ष पूरा गरी १९औँ वर्षमा प्रवेश गर्दैछ।

'ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति कार्यक्रम'अन्तर्गत बैंकले विभिन्न सामुदायिक तथा सरकारी विद्यालयबाट कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ मा प्रवेश गरेका विपन्न वर्गका ३५ जना जेहेनदार छात्रालाई छात्रवृत्ति प्रदान गरेको हो। यी छात्रालाई कक्षा १२ सम्मको अध्ययनका लागि बैंकले हरेक वर्ष छात्रवृत्ति प्रदान गर्नेछ। यस कार्यक्रमअन्तर्गत बैंकले प्रत्येक प्रदेशबाट पाँचजना जेहेनदार छात्रा छनोट गरी जम्मा ३५ जना छात्रालाई वर्षको १२ हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गर्नेछ। यो कार्यक्रमअन्तर्गत बैंकले अहिलेसम्म एक सय ४० जनालाई उक्त छात्रवृत्ति व्यवस्था गरी छात्राको शैक्षिक गुणस्तरमा योगदान गरेको बैंकले जनाएको छ।

'समाजको विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको र महिला शिक्षित भएमा समाजको चेतनास्तर अभिवृद्धि हुनुका साथै महिलाहरू आर्थिक रूपमा सबल हुनसमेत मद्दत पुग्ने हुनाले यो कार्यक्रम गरिएको हो,' बैंकले सूचनामार्फत भनेको छ।

यस कार्यक्रमबाट आर्थिक समस्याका कारण बीचमै विद्यालय छाड्न बाध्य छात्रालाई न्यूनतम विद्यालय शिक्षा पूरा गर्न सहयोग पुग्ने बैंकको विश्वास छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता किसिमका विभिन्न सामाजिक कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेस्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकका रूपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट फरक-फरक विधामा सम्मानित भएको छ।

सामाजिक उत्तरदायित्वअन्तर्गत टेलिकमले गच्यो वृक्षारोपण

काठमाडौं/ नेपाल टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। टेलिकमले हरियाली संरक्षण तथा वृक्षारोपण, विद्यालयमा भौतिक सामग्री हस्तान्तरणलगायतका कार्यक्रम गरेको हो।

टेलिकमले माइतीघरदेखि तिनकुनेसम्मको सडकखण्डमा हरियाली संरक्षण तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्दै आएर मौसमी फूलका बिरुवाहरू रोप्ने, रुखहरू तथा दुबो रोप्ने, गोडमेल गर्ने र काँटछाँट गर्ने काम गरेको छ। त्यस्तै, देशभरिका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा फर्निचर, कम्प्युटर, झोला, ट्र्याकसुटलगायतका विभिन्न भौतिक तथा शैक्षिक सामग्री पनि उपलब्ध गराएको छ।

साथै, देशभरका २० जिल्लाका एक-एक सरकारी र सामुदायिक विद्यालयमा महिला स्वास्थ्यमा सहयोग पुग्ने गरी महिला स्वास्थ्य सामग्री पनि वितरण गरिसकेको टेलिकमले जनाएको छ।

त्यसैगरी, वातावरण सरसफाइअन्तर्गत धार्मिक मठ-मन्दिर, पुरातात्त्विक एवं पर्यटकीय स्थल, बसपार्क, सार्वजनिक पार्क तथा बर्गैंचालगायतका महत्त्वपूर्ण सार्वजनिक स्थलमा डस्टबिन वितरण गरेको छ। त्यस्तै, सातवटै प्रदेशका वृद्धाश्रम, बाल आश्रम, फरक क्षमता भएका व्यक्तिलाई संरक्षण गर्ने संस्था तथा सामुदायिक केन्द्रहरूमा भोजन एवं न्यानो कपडा र ब्ल्यांकेट सहयोग गरेको पनि बैंकले जनाएको छ।

सिएसआरअन्तर्गत नै अस्पतालमा बेड कम चेयर वितरण, सयभन्दा बढी विद्यालयमा इन्टरनेट सेवा, फरक क्षमता भएका व्यक्तिलाई छुट्टै प्याकेजसहितको निःशुल्क प्रिपेड सिमकार्ड वितरण गरेको पनि टेलिकमले जनाएको छ।

हिमालयन बैंकको शाखा स्थानान्तरण



काठमाडौं/ हिमालयन बैंकले शाखा स्थानान्तरण गरेको छ। बैंकले नजिक भएका शाखा सञ्जालमध्ये नयाँ बानेश्वर शाखालाई स्थानान्तरण गरेको छ। स्थानान्तरणपछि उक्त शाखा काठमाडौं महानगरपालिका वडा नं ३२, कोटेश्वरमा सञ्चालनमा आएको छ। उक्त शाखाको औपचारिक सुरुवात बैंकका नायब प्रमुख कार्यकारी अधिकृत अनुप मास्केले गरे।

हाल बैंकले देशभरका एक सय ७४ शाखा कार्यालय, २० विस्तारित काउन्टर, दुई सय ८२ एटिएमबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

५ वैशाखदेखि कञ्चनजंघा हीरक महोत्सव गरिने



ताप्लेजुङ/ ताप्लेजुङमा कञ्चनजंघा हीरक महोत्सव गरिने भएको छ। विश्वको तेस्रो र नेपालको दोस्रो अग्लो कञ्चनजंघा हिमाल आरोहणको ७०औँ वर्ष पुगेको उपलक्ष्यमा कञ्चनजंघा हीरक महोत्सव गरिन लागेको हो। आइतबार पत्रकार सम्मेलन गर्दै कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले ०८२ वैशाख ५ देखि ७ गतेसम्म तीनदिने महोत्सवको आयोजना गरेको घोषणा गरेको छ।

कञ्चनजंघा क्षेत्रको लेलेपमा मनाइने महोत्सवमा यस वर्ष अहिलेसम्मका कञ्चनजंघा हिमालका आरोही (जीवित) र उनीहरूका परिवारलाई ल्याउने प्रयास गरिने आयोजक समितिका सदस्यसचिव मनकुमार राईले जानकारी दिए। त्यसका लागि आरोही, उनीहरूका परिवारको विवरण संकलन गर्ने काम भइरहेको महोत्सव समितिका सदस्यसचिव राईले बताए।

यकिन तथ्यांक नभए पनि अहिलेसम्ममा चार सयभन्दा बढीले कञ्चनजंघा हिमाल आरोहण गरेको कञ्चनजंघा क्षेत्रले अनुमान गरेको छ। सन् १९५५ मे २५ का दिन बेलायती नागरिक जो ब्राउन र जर्ज क्रिस्टोफर ब्यान्डले पहिलोपटक कञ्चनजंघाको सफल आरोहण गरेका थिए। ०६२ साल जेठ ११ मा जर्ज ब्यान्डकौ उपस्थितिमा स्वर्ण महोत्सव मनाएको थियो। त्यस्तै, ०७३ सालमा ६० वर्षको अवसरमा नेपाल सरकारकै आयोजनामा महोत्सव गरिएको थियो।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सुकेटारमा महोत्सवको उद्घाटन गरेका थिए। यस वर्षको महोत्सव संयोजनका लागि कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का सदस्यसचिव मनकुमार राई, कोषाध्यक्ष फुपुछेवन शेर्पा र यहाँ सञ्चालित समृद्ध पहाड कार्यक्रमका प्रमुख कार्यकारी अधिकृत सञ्जीव न्यौपानेलाई तोकिएको छ।

सुन्तलामा कालो ढुसी लागेपछि किसान चिन्तित



सल्यानमा **दीपक शर्मा**

पाकेर बजार लिन तयार भएको सुन्तलामा कालो ढुसी रोग लागेपछि सल्यानका किसान चिन्तित भएका छन्। पहँलपुर भएर पाकेको सुन्तलामा कालो ढुसी लागेर सुन्तला र बोट नै सुक्न थालेपछि किसान चिन्तित भएका हुन्।

आफ्ना तीन सय सुन्तलाका बोटमध्ये ५० बोटमा कालो ढुसी रोग लागेकाले बोट, फल र पातमा असर गरेको छत्रेश्वरी गाउँपालिका- २, दहखोलाका किसान टीकाराम बुढाले बताए। रोगका कारण पाकेका सुन्तला झर्न थालेको उनको दुखेसो रहेको छ।

सात रोपनीमा सुन्तला खेती गर्दै आएका बुढाको बर्गैंचामा गत भदौ महिनादेखि कालो ढुसी लागेको र औषधि गरेको, तर नियन्त्रण नभएको र सरोकारवाला निकायले सुन्तला व्यावसायिक किसानको समस्या समाधान गर्न पहल गरिदिन आग्रह गरे।

अर्का किसान लोकबहादुर विकले सुन्तला बिक्री गर्ने समयमा कालो ढुसीका कारण १० बोट सुकेको बताए। बुढेसकालको सहारा नै सुन्तला बर्गैंचा थियो, फलमा कालो ढुसीले दैनिक असर गर्न थालेपछि बोट नै सुकेको उनले गुनासो गरे। छत्रेश्वरी- २ वडाका अधिकांश किसानको सुन्तला बर्गैंचामा कालो ढुसी लागेको पाइएको छ। यो समय फल टिप्ने समय भएको र विषादी प्रयोग गर्न नमिल्ने भएकाले किसानले फल टिपेर बिक्री-वितरण गर्न कृषि विकास कार्यालय सल्यानले किसानलाई सुझाव दिएको छ।

कृषि विकास कार्यालय सल्यानका कार्यालय प्रमुख महेश आचार्यले घाम कम लाग्ने तथा ओसिलो क्षेत्रमा कालो ढुसीको समस्या देखिने भएकाले ढुसी नियन्त्रणका लागि फल टिपिसकेपछि विषादी प्रयोग गर्नुपर्ने बताए ढुसीले फलको बाहिर भाग मात्रै असर हुने भएकाले तत्काल फल टिपेर बिक्री-वितरण गर्न पनि किसानलाई अनुरोध गरे।

किसानको समस्याबारे फल टिपेर बर्गैंचा खाली भएपछि वडाको दहखोलामा पाठशाला नै सञ्चालन गरी रोग नियन्त्रण गर्न बर्गैंचामा प्राविधिकसहित जाने कार्ययोजना रहेको कार्यालय प्रमुख आचार्यले जानकारी दिएका छन्।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
जावलाखेल, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/०९/१५)

यस महाशाखाबाट मिति २०८१/०७/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रीतपूर्वक E-bidding बाट पेश हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्रको आर्थिक प्रस्ताव न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N	Contract ID	Works package	Name & Address of Bidder	Bid Amount (Excluding VAT) NRs.
1.	WIDMD/NCB/ Works/81-82/02	Protection Works at Thuli Bheri River, Dolpa	M/S Ramechhap - Dolpa Hirachan JV, Thulibheri-3, Dopla	2,65,20,997.88

महाशाखा प्रमुख

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

दरभाउपत्र स्वीकृत गर्नेसम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८१/०९/१५ गते)

यस कार्यालयबाट मिति २०८१ मंसिर १४ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक पेश/दर्ता हुन आएका दरभाउपत्रहरुको मूल्यांकन समितिबाट मूल्यांकन भई न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिलको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ बमोजिम दरभाउपत्र स्वीकृत गर्नेसम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	कामको विवरण	दरभाउपत्र संकेत नं.	छनौट भएका दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक रू. (मू.अ.करबाहेक)
१.	औषधि तथा सर्जिकल सामग्री खरिद तथा आपूर्ति कार्य	Health/01/2081/82	श्री न्युटन मेडिको फर्मा, मध्यपुर ठिमी-१, भक्तपुर	रू.१७,६६,८८८/-

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल ताप्लेजुङ

राशन खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०९/१५
ठेक्का नं.: जि.अ.ता./राशन/०१/०८१/८२

सार्वजनिक खरिद (शंसोधन सहित) ऐन, २०६३ को दफा ४० र ४२ तथा सार्वजनिक खरिद (शंसोधन सहित) नियमावली, २०६४ को नियम ८४ र ८९ अनुसार यस अस्पतालमा भर्ना भई उपचार गराउने विरामीहरुलाई २०८१ साल माघ १ गते देखि २०८२ साल पौष मसान्तसम्म १ वर्षका लागि राशन (विरामीको सिदा) खुवाउन शिलवन्दी दरभाउ पत्रद्वारा राशन खरिदको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले यो शिलवन्दी दरभाउ पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। निम्नानुसार तोकिएको शर्तमा रही विरामी सिदा खुवाउन इच्छुक इजाजत प्राप्त योग्य व्यक्ति वा फर्मले रु. १०।- को टिकट टाँसी दरभाउपत्र फाराम पेश गर्नुहुन आव्हान गरिएको छ।

शर्तहरु:

१. दरभाउपत्र फाराम खरिद रु.१०००।- (फिर्ता नहुने गरि) जिल्ला अस्पताल ताप्लेजुङको कार्यालय कोडः ३७००२०१०११ नेपाल बैंक लिमिटेड, प्रदेश लेखा नियन्त्रक कार्यालय खाता नंः २७००२०००००१००१०००००१, राजश्व शिर्षक १४२२९ मा जम्मा गरी सक्कल भौचर बुझाई यस अस्पतालको प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गरी १६ औं दिन (२०८१/१०/०१) भित्र १२:०० बजे सम्ममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ। यदि उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट मानिनेछ।
२. दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति २०८१/०९/२९ गते सम्म वा सो दिन सार्वजनिक विदा पर्न गएमा सोहि दिनको भोलिपल्ट सम्म।
३. सिलवन्दी दरभाउपत्र साथ निम्न कागजहरुको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छः-
   - नेपाली नागरिकताको प्रमाणपत्र,
   - मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र,
   - आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र,
   - फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,
   - फर्म, संस्था वा कम्पनीको पान नं. दर्ता प्रमाणपत्र,
   - व्यवसाय दर्ताको इजाजत पत्र फर्म, संस्था वा कम्पनी दर्ता हुँदा राशन आपूर्तति गर्न उल्लेख भएको प्रमाणपत्र
४. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समयः२०८१/१०/०१ गते दिनको १२:०० बजे सम्म। यदि उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट मानिनेछ।
५. दरभाउपत्र खोलिने मिति, समय र स्थानः सिलवन्दी दरभाउपत्र मिति २०८१/१०/०१ गतेका दिन, दिनको २:०० बजे जिल्ला अस्पताल ताप्लेजुङमा नियमानुसार खोलिने (यदि उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोहि दिनको भोलिपल्ट खोलिने छ)। दरभाउपत्रदाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
६. कुल लागत अनुमान रु.१६,०५,२१३.९१।- (सोह्र लाख पाँच हजार दुई सय तेह्र रुपैँया मात्र) भ्याट सहित रहेको छ।
७. कुल लागत अनुमानको रु. ८०,२६०।- (अस्सी हजार दुई सय साठ्ठी रुपैँया मात्र) हुन आउने रकम नेपाल बैंक लि. ताप्लेजुङ स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय ताप्लेजुङको धरौटी खाता नं. ख २.३-०६२०२०००००२००३०००००१ मा जम्मा गरेको सक्कलै भौचर वा जमानत पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ। उक्त दरभाउपत्र जमानतको मान्य अवधि कम्तिमा ७५ दिनको हुनुपर्ने छ।
८. दरभाउपत्र अंक र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
९. राशनको नमुना दरभाउ पत्र पेश गर्दा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।
१०. कार्यालयमा दर्ता हुन आएका दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा पूर्णरुपमा सुरक्षित रहनेछ।

सि.नं.	ठेक्का नं.	ठेक्काको किसिम	जमानत रकम रु	दरभाउपत्र फाराम दस्तुर	कैफियत
१	जि.अ.ता./राशन/०१/०८१/८२	राशन सिदा खरिद	रु ८०,२६०।-	रु १०००।-	

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/१४

यस कार्यालयबाट मिति २०८१/०८/०२ गते प्रथम पटक आह्वान गरेको बोलपत्रको सुचना अनुसार PPMO Website www.bolpatra.gov.np/egp मा रितपुर्वक दर्ता भई म्याद भित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रकहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	बोलपत्र सुचना नं.	सार्वजनिक निर्माण कार्यको बिवरण	छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम रु. (VAT सहित)
१	NCB/PTNMUN/ 02/2081/082	Wada Karyalaya Bhawan Nirman Patan 6, Patan Municipality, Baitadi	R.C.Kailash Construction, Bajura	८५ लाख १६ हजार ८ सय २८ रुपयाँ

राजेन्द्र प्रसाद भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

■ नेपाल ओलम्पिक कमिटी निर्वाचन विवाद

२० खेल संघलाई कारबाही गर्ने खेलकुद मन्त्रालयको तयारी

अदालतको आदेश तथा सरकारको निर्देशनविपरीत नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा सहभागी २० खेलकुद संघलाई तीन दिनभित्र स्पष्टीकरणसहित उपस्थित हुन खेलकुद मन्त्रालयको निर्देशन

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अदालत आदेश तथा सरकारको निर्देशनविपरीत नेपाल ओलम्पिक कमिटी (एनओसी)को निर्वाचनमा सहभागी भएका संघ तथा संस्थालाई तीन दिनभित्र स्पष्टीकरणसहित खेलकुद मन्त्रालयमा उपस्थित हुन खेलकुदमन्त्री तेजुलाल चौधरीले निर्देशन दिएका छन् ।

नेपाल लोकतान्त्रिक खेलकुद संघले आइतबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा मन्त्री चौधरीले केही खेलकुद संघ ऐन-कानुनविपरीत अघि बढिरहेको भन्दै छिट्टै कारबाही गर्ने बताए । तीन दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण नआए वा उपस्थित नभए ती संघलाई कारबाही गरिने मन्त्रालयले तयारी गरेको उनले बताए ।

'हामीले जवाफका लागि तीन दिनको समय दिएका छौं, तीन दिनपछि त्यहीअनुसार कारबाही प्रक्रिया अगाडि बढाउँछौं,' उनले भने, 'मन्त्रालयको निर्देशनसँगै सर्वोच्च अदालतले गरेको आदेश अवज्ञा गर्दै निर्वाचन गरेकाले उनीहरूलाई कारबाही गरिनेछ ।'

यसअघि मन्त्री चौधरीले पोखरामा दोस्रो ड्रागन बोट रेसको उद्घाटन गर्दै एनओसीको निर्वाचनमा सहभागी भएका संघहरूलाई कारबाही गर्ने चेतावनी दिएका थिए । 'सर्वोच्चले अन्तरिम आदेश जारी गर्दै निर्वाचन नगर्न आदेश दिएको थियो । मन्त्रालयले समेत निर्वाचन नगर्न एनओसीलाई निर्देशन दिएको थियो । निर्वाचनमा सहभागी नहुन खेल संघहरूलाई निर्देशन थियो । अवैधानिक तरिकाले विधान संशोधन गरेर आफूअनुकूलका प्रतिनिधि छनोट गरी दुई निकायले दिएको निर्देशन र आदेशविपरीत एनओसीले शनिबार अनलाइन भोटिङमार्फत निर्वाचन प्रक्रिया पूरा गऱ्यो,' उनले भने ।

प्रधानमन्त्री र सरोकारवालासँग सल्लाह गरी निर्वाचनमा सहभागी संघलाई कारबाहीको प्रक्रिया अगाडि बढाउने मन्त्री चौधरीले बताए । एनओसीमा ओलम्पिक खेलमा सहभागी हुने २७ वटा खेल तथा संघ आबद्ध छन् । अनलाइनमार्फत शनिबार भएको ओलम्पिक निर्वाचनमा २० खेल संघका पदाधिकारीले मतदान गरी जीवनराम श्रेष्ठलाई लगातार तेस्रोपटक अध्यक्षमा निर्वाचित गराएका थिए । यद्यपि, नेपाल ट्रायथलन, फेन्सिङ, अखिल नेपाल फुटबल, एथलेटिक्स, कुस्ती, सुटिङ र हक्की संघले अदालतको आदेशको पालना गर्दै मतदान प्रक्रिया बहिष्कार गरेका थिए ।



■ मन्त्रालयले स्पष्टीकरण सोधेका संघहरू

कबड्डी, टेबुलटेनिस, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, क्यानोइङ च्याफ्टिङ, साइक्लिङ, गल्फ, जिम्न्यास्टिक, ह्यान्डबल, जुडो, करौंते, स्की, पौडी, तेक्वान्दो, भलिबल, भारोत्तोलन र नेपाल उसु

■ सरकारले निर्वाचनलाई मान्यता नदिने

एकलौटी रूपमा एनओसीले गरेको निर्वाचनलाई सरकारले मान्यता नदिने भएको छ । अदालतको आदेश र सरकारको निर्देशनविपरीत अवैधानिक रूपमा भएको निर्वाचनलाई सरकारले कुनै हालतमा मान्यता नदिने मन्त्री चौधरीले बताए । 'अदालतको आदेशविपरीत भएको निर्वाचनलाई सरकारले मान्यता दिँदैन,' उनले भने, 'सरकारको निर्देशनविपरीत क्रियाकलाप भएको छ । अब हामी कारबाहीको प्रक्रियामा अघि बढ्छौं ।' यसअघि खेलकुद मन्त्रालय र राखेपले खेल संघलाई पटक-पटक पत्र लेख्दै ओलम्पिक कमिटीको निर्वाचनमा सहभागी नहुन निर्देशन दिएका थिए ।

खेल संघले अदालतको आदेश र सरकारको निर्देशनविपरीत अध्यक्षका लागि भएको मतदान प्रक्रियामा सहभागी जनाएका थिए । राखेपले ८ पुसमा लनटेनिस, ब्याडमिन्टन, साइक्लिङ, जिम्न्यास्टिक, भारोत्तलन, एथलेटिक्स र ह्यान्डबल संघलाई पत्र लेख्दै ओलम्पिकको कुनै पनि चुनावी प्रक्रियामा सहभागी नहुन भनेको थियो । तर, एथलेटिक्सबाहेक ६ संघ ओलम्पिक निर्वाचनमा सहभागी भए ।

■ संघ विघटनको तयारी

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले ओलम्पिक निर्वाचनमा सहभागी सात संघलाई विघटन गर्ने तयारी गरेको छ । आफ्नो संघको निर्वाचन नगरी एनओसी निर्वाचनमा सहभागी लनटेनिस, ब्याडमिन्टन, साइक्लिङ, जिम्न्यास्टिक, भारोत्तलन, एथलेटिक्स र ह्यान्डबल संघलाई कारबाहीस्वरूप विघटन गर्न लागेको राखेप स्रोतले जानकारी दिएको छ । 'वैधानिक प्राप्त नभएको एनओसीको निर्वाचनमा सहभागी संघ कारबाहीसँगै विघटनमा पर्नेछन्,' स्रोतले भन्यो, 'राखेपले ओलम्पिक चुनावमा उम्मेदवार नदिन, मतदान गर्न र कसैलाई निर्वाचित गराउने कुनै पनि कार्यमा सहभागी नहुन निर्देशन दिएको थियो, तर उहाँहरूले केही पनि मान्नुभएन ।'

संघको आवधिक निर्वाचन नगरी नेपाल ओलम्पिक कमिटीको विशेष साधारणसभामा सहभागी भई निर्वाचनमा उम्मेदवार हुने, मतदान गर्ने र कसैलाई निर्वाचन गराउने कुनै पनि कार्य नेपाल र नेपाली खेलाडीको हितविरुद्ध हुन जाने हुँदा त्यस्तो कार्यमा संलग्न नहुन परिषद्ले निर्देशन दिएको थियो ।

■ तीनजना मानार्थ उपाध्यक्ष मनोनयन

विवादास्पद निर्वाचन गरेको एनओसीको आइतबार बसेको कार्यसमितिको पहिलो बैठकले विभिन्न निर्णय गरेको छ । बैठकले तीनजनालाई मानार्थ उपाध्यक्षमा मनोनयन गरेको छ । नेपाल जुडो संघका अध्यक्ष दीपकहर्ष बज्राचार्य, अखिल नेपाल कबड्डी संघका अध्यक्ष तुल्सी थापा र नेपाल भारोत्तोलन संघका निवर्तमान अध्यक्ष रतनकुमार टण्डनलाई विधानअनुसार मानार्थ उपाध्यक्षमा मनोनयन गरेको हो । कमिटीले कुनै पनि अड्डा अदालतमा कानुनी कामकारबाही गर्न उपाध्यक्ष चतुरानन्दराज वैद्यलाई अधिकार प्रत्यायोजन गर्ने निर्णयसमेत गरेको छ ।

कानुनको पालना नगर्ने व्यक्ति संघमा बस्न मिल्दैन

तेजुलाल चौधरी, खेलकुदमन्त्री



मन्त्रालयभन्दा राखेप ठुलो अझ त्योभन्दा ठुलो खेलकुद संघ बनेको छ । सर्वोच्च अदालतको फैसलापछि हामीले लगातार एक हप्तादेखि ओलम्पिक कमिटीको विषयमा मन्त्रालय र खेलकुद विभागका पदाधिकारीसँग छलफल गऱ्यौं । हामीले सोचेजस्तो नतिजा ल्याउन सकेनौं । किनभने खेलकुद मन्त्रालयले केवल चिठीपत्र पठाउने र निर्देशन दिने गर्छ । यसको कार्यान्वयन गर्ने संस्था राखेप हो ।

अदालतको आदेशअनुसार २७ वटा संघलाई ओलम्पिकको निर्वाचनमा सहभागी नहुन आग्रह गऱ्यौं । निर्वाचनमा सहभागी हुँदा तपाईंहरूको खातासमेत रोक्का हुन सक्ने भनेका थियौं । कारबाही हुने पत्र पनि पठायौं, तर उहाँहरूले सुन्नुभएन । अहिले निर्वाचनमा सहभागी संघहरूलाई पुनः पत्र पठाएका छौं । तीन दिनभित्र स्पष्टीकरणसहित उपस्थित हुन भनेका छौं । भोलि वा पर्सि यसको जवाफ आउँछ । ती संघहरूलाई केही दिनभित्र कारबाही हुन्छ । नेपालको कानुन तथा खेलकुद ऐन नमान्ने व्यक्ति खेलकुद संघमा बस्नुहुँदैन । म कांग्रेस सभापतिलगायतलाई आग्रह गर्छु । कानुन नमान्ने व्यक्तिलाई कांग्रेसमा ठाउँ नदिन आग्रह गर्छु ।

■ सन् २०२६ को एसियाड तयारी

वैदेशिक प्रशिक्षण वा विदेशी प्रशिक्षकबाट तयारी गराउन निर्देशन

नयाँ पत्रिका

सन् २०२६ मा जापानमा हुने एसियन खेलकुद प्रतियोगिता (एसियाड)को प्रशिक्षणमा रहेका खेलाडीलाई विदेशी प्रशिक्षक आवश्यक रहेको वा वैदेशिक प्रशिक्षणमा पठाउन सम्बन्धित संघलाई खाका प्रस्तुत गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले निर्देशन दिएको छ । मिसन २०२६ को विशेष प्रशिक्षणमा रहेका खेलाडीको एन्टी डोपिङ र खेल पोषण कक्षाको समापनमा सदस्यसचिव टंकलाल घिसिङले विदेशी प्रशिक्षक भिकाउने वा खेलाडीलाई विदेशमा पठाउने विषयमा टुंगो लगाउन राष्ट्रिय खेल संघलाई निर्देशन दिएका हुन् ।

'संघहरूले छिट्टै आफ्नो खाका लिएर आउने विश्वास लिएको छु,' घिसिङले भने, 'अहिलेको प्रशिक्षणले मात्र नपुग्ने भएकाले विश्वस्तरीय खेलाडी र टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेमा जोड दिनुपर्छ ।' उनले सातदोबाटोमा खेलाडीका लागि फिटनेस सेन्टर निर्माण कार्य चाँडै सकिने जानकारी दिए । स्पोर्टस् साइन्स ल्याबलाई आवश्यक पर्ने सामग्री खरिदको प्रक्रिया पनि सुरु भइसकेको घिसिङको भनाइ छ । खेलाडीको पुरस्कारको व्यवस्था कानुनमै उल्लेख भएको हुँदा खेलाडीलाई ढुक्क भएर खेल्न आग्रह उनले गरेका छन् ।

'१९औं एसियाड सम्पन्न भएपछि हामीले २०औं एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्यसहित मिसन २०२६ अन्तर्गत विशेष तयारी प्रशिक्षण गत आर्थिक वर्षबाट सुरु गऱ्यौं, अब यो तीन वर्षसम्म चल्नेछ,' सदस्यसचिव घिसिङले भने, 'प्रशिक्षणमा सहभागी हुने खेलाडीमध्येबाट राखेपको लक्ष्य हासिल गर्ने विश्वास छ ।'

राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले आफूले ओलम्पिकमा जित्न नसकेको पदक, एसियाली खेलकुदमा जित्न नसकेको स्वर्ण अहिलेका खेलाडीले जिते आफूले जितेसरह हुने बताए । प्रशिक्षकबाट भलिबलका मुख्य प्रशिक्षक जगदीश भट्टले ट्रेनिङका दौरान हुने विभिन्न कक्षाले ऊर्जा थप्नुका साथै मनोबल पनि बढाएको बताए । हाङ्झाव एसियाडको करौंतेमा ऐतिहासिक रजत जितेकी एरिका गुरुङले तयारी राम्रो भइरहेको बताइन् । 'अहिलेको प्रशिक्षकबाट सुखद नतिजा प्राप्त हुने आशा लिएकी छु,' एरिकाले भनिन् ।

प्रशिक्षणमा ८५ खेलाडीसँगै १९ प्रशिक्षक

१ मंसिरदेखि सुरु भएको विशेष प्रशिक्षणमा करौंते, बक्सिङ, उसु, एथलेटिक्स, जुडो, कुस्ती, पुरुष/महिला कबड्डी, महिला भलिबल र गल्फका ८५ खेलाडी र १९ प्रशिक्षक समावेश छन् । गत आर्थिक वर्षदेखि पदकको बढी सम्भावना भएका विभिन्न खेलका खेलाडीलाई समावेश गरी विशेष तयारी प्रशिक्षण सुरु गरिएको थियो ।

एसियाली खेलकुद सकेलगत्तै आगामी संस्करणको तयारी थालिएको पहिलोपटक हो । एसियाली खेलकुदको कुनै पनि संस्करणमा नेपालले हालसम्म दोहोरो अंकमा जितेको छैन । एसियाली खेलकुदमा नेपाल स्वर्णविहीन पनि छ । सन् १९८६ मा दक्षिण कोरियाको सिओलमा भएको एसियाली खेलकुदमा नेपालले बक्सिङ र तेक्वान्दोमा समान चार गरी आठ कांस्य पदक जितेको थियो । सिओल एसियाड नै नेपालले हालसम्म एसियाली खेलकुदमा जितेको सर्वाधिक पदक हो ।

खेल संक्षेप

ग्रेट हिमालय र बिडिएस क्वार्टरफाइनलमा



काठमाडौं/ स्युचाटार क्रिकेट लिग इन्डोर टी-१० क्रिकेट प्रतियोगितामा आइतबार बिएमडिमएस, स्टुडियो सेभेन, किंग्स क्रिकेट एकेडेमी, बिडिएस, ग्रेट हिमालय क्रिकेट एकेडेमी र कालिका वारियर्स विजयी भएका छन् । समूह 'सी'मा बिएमडिएसले स्याङ्जालाई ३२ रनले हरायो । समूह 'बी'मा स्टुडियो सेभेनले नेक्सस क्रिकेट एकेडेमीलाई १४ रनले पाखा लगायो । समूह 'बी'अन्तर्गत किंग्स एकेडेमीले लगातार चौथो जित निकाल्ने क्रममा स्मार्ट 'ए' केयरलाई ४१ रनले पराजित गऱ्यो । किंग्स समूह विजेताका रूपमा अन्तिम आठमा प्रवेश गरेको हो । समूह 'सी'अन्तर्गत बिडिएसले बिएमडिएसलाई १२ रनले हरायो । समूह 'डी'मा लगातार तेस्रो जित दर्ता गर्ने क्रममा ग्रेट हिमालयले मिक्समान्डुलाई १८ रनले पाखा लगायो । जितपछि ग्रेट हिमालय अन्तिमा आठमा पुग्यो । बिडिएसले लगातार तेस्रो जित निकाल्दा हिमालयन एकेडेमीलाई ७० रनले निराश बनायो । कालिका वारियर्सले स्याङ्जा एभेन्जर्सलाई ४६ रनले पराजित गरेको छ । प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ पाउनेछन् ।

गोल्डकप भलिबलको तयारी पूरा

बुटवल/ १६औं मदन भण्डारी स्पोर्टस् एकेडेमी दिवसका अवसरमा बुटवलमा मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ सिल्ड पुरुष भलिबल च्याम्पियनसिप आयोजना हुँदै छ । प्रधानमन्त्री केपी ओलीले उद्घाटन गर्ने पुरुष भलिबल १७ देखि २४ पुससम्म हुने एकेडेमीले जनाएको छ । प्रतियोगितामा नेपाल र भारतका आठ टोलीले प्रतिस्पर्धा गर्नेछन् । नेपालबाट मदन भण्डारी स्पोर्टस् एकेडेमी, त्रिभुवन आर्मी, नेपाल पुलिस, एपिएफ र मणिमुकुन्द भलिबल क्लबले भाग लिनेछन् । भारतबाट गुजरात स्टेट भलिबल एसोसिएसनले प्रतिस्पर्धा गर्नेछ । गलकोट भलिबल र रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रले पनि भाग लिनेछन् । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले पहिलो हुनेले सात लाख, दोस्रोले तीन लाख ५० हजार र तेस्रो हुनेले एक लाख ७५ हजार रुपैयाँ हात पार्नेछन् ।

लुम्बिनी टिम च्याम्पियन

काठमाडौं/ दोस्रो प्रोफेसनल हाप्किडो राष्ट्रिय प्रतियोगितामा लुम्बिनी प्रदेश टिम च्याम्पियन बनेको छ । लुम्बिनीले सर्वाधिक १७ स्वर्ण, १३ रजत र सात कांस्य पदक हात पाऱ्यो । उपविजेता सुदूरपश्चिम प्रदेशले ११ स्वर्ण, नौ रजत र आठ कांस्य जित्यो । कोशी ६ स्वर्ण, समान सात रजत र कांस्यका साथ तेस्रो भएको छ । सुदूरपश्चिमका नवीनबहादुर धामी प्रतियोगिताका उत्कृष्ट खेलाडी भए । महिलामा लुम्बिनीकी विनिता केसी उत्कृष्ट खेलाडी बनेकी छिन् । पुरुषतर्फ सुदूरपश्चिमका वीरबहादुर सारू मगर र महिलामा लुम्बिनी प्रदेशकी एलिशा खड्का उत्कृष्ट प्रशिक्षक बनेको आयोजकले जनाएको छ । उदीयमान खेलाडी पुरुषमा मधेशका राजकुमार महतो र महिलामा कर्णालीकी नविना भण्डारी भए । सेल्फ डिफेन्स र डेमोस्ट्रेसनमा लुम्बिनी पहिलो भएको छ ।

आयोजक ललितपुर फाइनलमा



काठमाडौं/ आयोजक ललितपुर स्पोर्टस् क्लब र थापाथली चेस पार्क क्लब सातौं तुल्सीलाल स्मृति बुद्धिचाल च्याम्पियनसिपको फाइनलमा पुगेका छन् । थापाथली दुईपटकको विजेता हो । ललितपुरले उपाधि दाबेदार ललितपुर महानगरपालिकालाई प्रतिस्पर्धामक खेलमा २.५ अंकले हरायो । ललितपुर महानगरपालिकाले १.५ अंक बटुलेको थियो । प्रतियोगितामा नेपालका उत्कृष्ट खेलाडी सहभागी टोलीले गतिलो प्रदर्शन गर्न सकेन । तेस्रो बोर्डमा आयोजक क्लबका रिसोन थापाले पूर्वनेपाल च्याम्पियन तथा फिडे मास्टर क्षितिज भण्डारीलाई हराए । फिडे मास्टर रूपेश जैसवाल र सिएम सजिन महर्जनबिचको खेल बराबरी भयो । दोस्रो बोर्डमा आयोजकका शैलेन्द्र न्यौपाने र चौथो बोर्डमा विनिता कपालीले आ-आफ्नो खेल बराबरीमा सकाए । थापाथलीले साबिक विजेता दोलखा चेस होमलाई सहजै पाखा लगाउँदै फाइनलमा स्थान पक्का गरेको हो । थापाथलीबाट महिला राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशीले निर्णायक खेलमा दोलखाकी पूजा भण्डारीलाई हराइन् । प्रतियोगिताको टिम विजेताले दुई लाख र उपविजेताले एक लाख २० हजार रुपैयाँ जित्नेछन् । तेस्रोले ८० हजार र चौथो हुने टोलीले ४० हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ ।

सिएनएनको साहसी खेलाडीको सूचीमा पूर्णिमा

नयाँ पत्रिका



एकै सिजन १३ दिनको अन्तरमा तीनपटक सगरमाथा आरोहण गर्ने पूर्णिमा श्रेष्ठ सिएनएनको साहसी खेलाडीको सूचीमा परेकी छिन् । सिएनएनले आइतबार सार्वजनिक गरेको 'द एक्सट्रिम एथलेस्ट हु पुस्ड लिमिट इन २०२४' को सूचीमा पूर्णिमा परेकी हुन् । सिएनएनकी एमी उडयाटले वर्षका उत्कृष्ट आठ साहसी खेलाडीको आलेख तयार पारेकी छिन् ।

'पूर्णिमाले यस वर्ष इतिहास रचिन् । उनले एकै सिजनमा तीनपटक सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान भंग गरिन्,' उडयाटले भनेकी छिन् । पूर्णिमा गत १२, १९ र १५ मेमा लगातार सगरमाथाको सफल आरोहण गरेकी थिइन् । सो लेखमा पूर्णिमाले आफ्नो सगरमाथा आरोहणका क्रममा बटुलेको अनुभव बाँडेकी छिन् । 'शरीर थकित थियो । मैले आफूलाई मूर्ख केटीजस्तो महसुस गरेकी थिएँ । यो महत्त्वाकांक्षालाई त्याग्ने सोच पनि बारम्बार आइरह्यो,' पूर्णिमाले सगरमाथा चढ्दाको थकानबारे बताइन् ।

उनले सगरमाथा आरोहणका क्रममा सपना पूरा गर्नतर्फ लागेको बताइन् । 'मैले सपनामा ध्यान केन्द्रित गरें । सपनाबारे केन्द्रित हुनु सबैभन्दा कठिन कुरा थियो,' उनले भनिन् । पूर्णिमा विश्वको सातौं अग्लो हिमाल धौलागिरि चढ्ने पहिलो नेपाली महिलासमेत हुन् । उनले सन् २०२१ मा धौलागिरि आरोहण गरेकी थिइन् ।

■ टेस्टमा जसप्रितको दुई सय विकेट

एजेन्सी/ भारतका फास्ट बलर जसप्रित बुमहराले टेस्टमा दुई सय विकेट पूरा गरेका छन् । अस्ट्रेलियाविरुद्धको चौथो टेस्टको चौथो दिन आइतबार उनले दुई सय विकेट पूरा गरेका हुन् । उनले ४४ टेस्टमा दुई सय दुई विकेट संख्या पुऱ्याएका छन् । अहिलेसम्म टेस्टमा दुई सय विकेट लिने ८५ बलर छन् । जसमध्ये सबैभन्दा कम इकोनोमीमा यो सफलता चुम्ने बुमराह पहिलो बलर हुन् । उनले टेस्टमा १९.५५ को औसतमा बलिङ गरिरहेका छन् ।

वेस्ट इन्डिजका मार्कम मार्सलले ८१ टेस्टमा ३७६ विकेट लिन २०.९४ को औसतमा बलिङ गरेका थिए । भारतविरुद्धको चौथो टेस्टमा अस्ट्रेलियाले दोस्रो इनिङ्समा ३३३ रनको अग्रता लिएको छ । भारत पहिलो इनिङ्समा ३६९ रनमा समेटिएको थियो । अस्ट्रेलियाले पहिलो इनिङमा ४७४ रन बनाएको थियो । चौथो दिनको खेल समाप्तिसम्म अस्ट्रेलियाले नौ विकेट गुमाएर २२८ रन बनाएको छ ।



दोस्रो ड्रागन बोट रेसमा २० टोली प्रतिस्पर्धामा

कास्कीमा रोहितराज पराजुली



पोखरामा दोस्रो ड्रागन बोट रेस प्रतिस्पर्धा आइतबारदेखि सुरु भएको छ । प्रतियोगिताको उद्घाटन खेलकुदमन्त्री तेजुलाल चौधरीले गरेका छन् । नेपाल र चीनबिचको सांस्कृतिक सम्बन्ध सुमधर बनाउने उद्देश्यका साथ लगातार दोस्रो वर्ष पनि ड्रागन बोट रेस भएको हो । रेसमा नेपालका ११, चीनका आठ र सिंगापुरको एक टोलीले भाग लिइरहेका छन् । समग्रमा प्रतिस्पर्धामा २० टोली सहभागी भएको आयोजकले जनाएको छ ।

गत संस्करणमा आठ टोलीले प्रतिस्पर्धा गरेका थिए । लेकसाइड क्याम्पिङचोकस्थित फेवाताल किनारमा सुरु रेसमा नेपालबाट नेपाल टिम, पोखरा महानगरपालिका, नारा टिम, ड्रागन बोट एसोसिएसन बागमती, कर्णाली, गण्डकी, त्रिभुवन आर्मी, हिमालयन रिभर गाइड एसोसिएनसन, नेपाल च्याफ्टिङ एसोसिएसन, बेगनास र रूपातालले भाग लिइरहेका छन् ।

चीनबाट वुहान स्पोर्टस् युनिभर्सिटी, हुवेई युनिभर्सिटी, डोङवान ड्रागन बोट क्लब, साउथ-वेस्ट्रन मेडिकल युनिभर्सिटी, लिओचिङ युनिभर्सिटी, टिम अफ लिन्भी सिटी, युनान नर्मल युनिभर्सिटी र युनान मिन्जु युनिभर्सिटीले भाग लिएका छन् । सिंगापुरको केजिएच सिंगापुर एसजी ड्रागन्स केजिएच मात्र सहभागी रहेको छ ।

विजेतालाई पाँच हजार अमेरिकी डलर

रेसमा प्रयोग हुने बोटमा १२ जनामध्ये एकजनाले चाइनिज ड्रम बजाउनेछन् । ड्रमको धुनमै अन्य खेलाडीले डुंगा खियाउँदै निर्धारित दूरी पूरा गर्नेछन् । प्रतियोगिताको विजेताले पाँच हजार अमेरिकी डलर पाउनेछ । उपविजेताले दुई हजार डलर र तेस्रो हुनेले एक हजार दुई सय अमेरिकी डलर पाउनेछन् । प्रतियोगितामा सहभागी अन्य १७ वटा टोलीलाई पाँच सय अमेरिकी डलर प्रदान गरिने आयोजकले जनाएको छ ।

पोखराका मेयर धनराज आचार्यले प्रतियोगिताले नेपाल र चीनबिचको दुईपक्षीय सम्बन्धमा नयाँ आयाम थप्ने बताए । खेलकुदमन्त्री चौधरीले नेपाल ओलम्पिक कमिटी (एनओसी)लाई कारबाही गर्ने बताएका छन् । 'मन्त्रालयको निर्देशनसँगै सर्वोच्च अदालतले गरेको आदेश अवज्ञा गर्दै निर्वाचन गरेकाले उनीहरूलाई कारबाही गरिनेछ,' उनले भने ।

एक नेपाली टोली मात्र सेमिफाइनलमा

दोस्रो संस्करणको ड्रागन बोट प्रतिस्पर्धामा आइतबार आठ टोलीले सेमिफाइनलमा स्थान पक्का गरेका छन् । आठमध्ये एक नेपाली टोलीले मात्र अन्तिम चारमा स्थान पक्का गरेको छ । नेपालबाट नारा टोलीले दुई सय मिटरको स्पर्धामा सेमिफाइनल स्थान सुरक्षित गरेको आयोजकले जनाएको छ । यसबाहेक सात चिनियाँ टोली अन्तिम चारमा पुगेका हुन् । पाँच सय मिटरअन्तर्गत सेमिफाइनलमा दुवै समूहबाट चीनका समान चार टोलीले स्थान पक्का गरेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com